# स्थानीय अनुकुलन कार्ययोजना

## Local Adaptation Plan of Action (LAPA)

## चुरे गाउपालिका

### कैलाली

आर्थिक वर्ष २०७९/०८० देखि २०८१/०८२ सम्म




**तयार गर्ने**

चुरे गाँउ कार्यपालिकाको कार्यालय
घरखेडा, कैलाली

# चुरे गाँउ कार्यपालिकाको कार्यालय
# घरखेडा, कैलाली

| | |
|---|---|
| सर्वाधिकारः | चुरे गाँउ कार्यपालिकाको कार्यालय, कैलाली |
| योजनाको नामः | स्थानीय अनुकुलन योजना |
| योजनाको अंग्रेजी नामः | Local Adaptation Plan for Action-LAPA |
| तयार गरिएको बर्षः | २०७८/२०७९ |
| योजना अवधिः | २०७९/०८० देखि २०८०/०८१ सम्म |

## प्राविधिक सहयोगः आईपास नेपाल र फाया नेपाल



चुरे गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय

घरखेडा, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

चुरे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घरखेडा,कैलाली सुदूरपश्चिम प्रदेश,नेपाल

मिति : २०७८/१२/२७

जलवायु अनुकुलन योजना सम्वन्धनमा

जलवायु परिवर्तनको जोखिमका हिसावमा नेपाल उच्च जोखिममा रहेको देश हो खास गरि जलवायु परिवर्तनवाट हुने असरवाट विशेष गरि महिला, दलित, आदिवासी, जनजाती, अल्पसँख्यक, सिमान्तकृत तथा भौगोलिक विकटताका रुपले पछी परेको क्षेत्रमा वढी परेको देखिन्छ । विपद जोखिम तथा जलवायु परिवर्तनका कारणले गर्दा गरिवी र सामाजिक अन्यायका अर्न्तनिहित कारणहरु न्यूनीकरणका लागि थप चुनौतिहरु सृजना गरेको छ । वेमौसमी तथा अनियमित बर्षा र अत्याधिक एवं पटक पटक आउने पहिरो, वाढि, विनाशकारी हुरि बतास, शितलहर, आगजनी, महामारी र सुख्खा खडेरी आदि जस्ता सवै प्रकारका प्रकोपहरुले गर्दा गरिव तथा विपन्न वर्गको जीविकोपार्जनमा असर पारिरहेको छ । जलवायु परिवर्ततनका कारण विकासका कार्यक्रमहरुलाई समेत प्रत्यक्ष रुपमा असर पारेको छ । विभिन्न खालका प्रकोपहरु ले यस पालिका अन्तर्गत रहेका वस्ती तथा समुदायहरुका स्थानीय बासिन्दाहरु लाई दिन प्रतिदिन असर पार्दै आईरहेको छ । यहाँका घरधुरीहरु विपद जोखीम तथा जलवायु परिवर्तनको असरबाट दिन प्रति दिन प्रभावित भईरहेको सन्दर्भलाई मध्ये नजर गरि यो चुरे गाँउपालिका स्तरिय स्थानीय अनुकूलन कार्य योजना फाया नेपाल र IPAS को आर्थीक तथा प्राविधिक सहयोगमा चुरे गाँउपालिकाको समन्वयमा जलवायु, न्याय र यौन तथा प्रजनन स्वास्थ्य अधिकार कार्यक्रम तयार गरिएको हो ।

यसरी पहिचान भएका विपद् तथा जलवायु जोखिमलाई विस्तृत रुपले व्यवस्थापन गर्नको लागि आगामी ५ वर्षको लागि विस्तृत कार्य योजना तर्जुमा गरिएको छ । गाँउपालिका स्तरिय स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने सहयोग प्राप्त गर्न सक्ने सरोकारवालाहरु समेतको सहयोगमा यस लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ । यो कार्य योजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक तथा अन्य आवश्यक श्रोत साधनहरुको व्यवस्थापन गर्न पालिकाको तर्फबाट सदैव सहयोग रहने छ । यो कार्य योजना तयारी तथा कार्यन्वयनको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने फाया नेपाल र IPAS द्वारा संचालित जलवायु न्याय र यौन तथा प्रजनन कार्यक्रमलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु । त्यसै गरी यो योजना तयारीको प्रकृयामा सहजीकरण गर्ने परामर्शदाता लोकराज जोशी, राम वानिया लगायतको समुह साथै यस गाँउपालिका तथा वडाका जनप्रतिनिधीहरु, कर्मचारीहरु, राजनितिकदलहरु, शिक्षक, समाजसेवी, विपद व्यवस्थापन समितीका पदाधिकारीहरु, महिला, दलित लगायत सहभागी सम्पूर्ण निकाय तथा व्यक्तिहरु लाई प्रति धन्यवाद ज्ञापन गर्दछु । साथै चुरे गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समिति सवै निकायहरुमा सहयोगको लागि आव्हान गर्दछ ।

धर्म बहादुर रोकामगर
अध्यक्ष
चुरे गाउँपालिका, कैलाली

| संक्षेपीकृत शव्दहरु (Ancronyms) | | | |
|---|---|---|---|
| **ASRH** | Adolescent Sexual Reproductive Health | **%** | प्रतिशत |
| **BS** | Basic School | **आ.वि.** | आधारभुत विद्यालय |
| **CCA** | Climate Change Adaptation | **आ.व.** | आर्थिक वर्ष |
| **CERT** | Community Emergency Response Team | **नेरेसो** | नेपाल रेडक्रस सोसाईटी |
| **CFUG** | Comunity Forest Users Group | **सावउस** | सामुदायिक वन उपभोक्ता समुह |
| **CRRT** | Community Rapid Response Team | **जिसस** | जिल्ला समन्वय समिति |
| **DCC** | District Coordination Committee | **जिससको कार्यलय** | जिल्ला समन्वय समितिको कार्यलय |
| **DCC office** | Office of the District Coordination Committee | **गैसस** | गैर सरकारी संस्था |
| **DDMC** | District Disaster Management Committee | **हे.** | हेक्टर |
| **DDRT** | District Disaster Response Team | **कि.मि** | किलोमिटर |
| **DEOC** | District Emergency Operation Center | **लापा** | स्थानीय अनुकुलन योजना |
| **Ha.** | Hector | **एल डि सि आर पि** | स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना |
| **KM** | Kilo-metre | **एल डि एम सि** | स्थानीय विपद व्यवस्थापन समिति |
| **LAPA** | Local Adaptation Plan of Action | **मि** | मिटर |
| **LDCRP** | Local Disaster and Climate Resilience Plan | **अगैसस** | अर्न्तराष्ट्रिय गैर सरकारी संस्था |
| **LDMC** | Local Disaster Management Committee | **नपा** | नगरपालिका |
| **M** | Metre | **नपा कार्यलय** | नगरपालिकाको कार्यलय |
| **M&E** | Monitoring And Evaluation | **नापा** | राष्ट्रिय अनुकुलन योजना |
| **MIRA** | Multi-Cluster Initial Rapid Assessment | **गापा** | गाउँपालिका |
| **MISP** | Minimum Initial Service Package | **रु.** | रुपैयां |
| **MoU** | Memorandum of Understanding | **उ.न.पा** | उपमहानगर पालिका |
| **Mun** | Municipality | **मा.वि.** | माध्यमिक विद्यालय |
| **Mun Office** | Office of the Municipality | **जिविव्यस** | जिल्ला विपद् व्यवस्थापन समिति |
| **NAPA** | National Adaptation Program of Action | **व्य.स.** | व्यवस्थापन समिति |
| **NFRI** | Non-Food Relief Items | **SFP** | Supplementary Feeding Programme |
| **NRCS** | Nepal Red Cross Society | **SGBV** | Sexual Gender Based Violence |
| **NRM** | Natural Resource Management | **SMC** | Sub-Metropolitan City |
| **ORT** | Oral Re-hydration Therapy | **SOP** | Standard Operating Procedures |
| **PVCA** | Participatory Vulnerability and Capacity Assessmen | **SS** | Secondary School |
| **PWD** | People with Disability | **VCA** | Vulnerability Capacity Assessment |
| **QRT** | Quick Response Team | **VWAS HCC** | Village Water, Sanitation and Hygiene Coordination Committee |
| **RM** | Rural Municipality | **Ward** | Ward Office |
| **RRT** | Rapid Response Team | **WASH** | Water Supply, Sanitation and Hygiene Promotion |
| **Rs** | Neplese rupees | **WDO** | Women Development Officer |
| **SAM** | Severe Acute Malnutrition | **WSSD O** | Water Supply and Sanitation Division Office |

परिच्छेद १ : स्थानीय अनूकूलन योजनाको परिचय ८
१.१ स्थानीय अनुकूलन कार्ययोजनाको औचित्य
१.२.स्थानीय अनूकूलन योजना को सारांश ९
१.३ स्थानीय अनुकूलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरु
१.४ स्थानीय अनूकुलन योजना र विपद् जोखिम व्यवस्थापन बीच अन्तरसम्बन्ध
१.५ योजनाको कार्यन्वयन रणनीति १३
१.६ स्थानीय अनूकुलन कार्ययोजनाको विधि र प्रक्रिया १४
परिच्छेद २ : गांउपालिका को परिचय
२.१ गांउपालिकाको पृष्ठभूमी
२.२ अवस्थिति
२.३ सामाजिक सांस्कृतिक अवस्था
२.४ मानवीय अवस्था
२.५ आर्थिक क्रियाकलापहरुको अवस्था
२.६ शैक्षिक अवस्था
२.७ लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था
२.८ प्राकृतिक श्रोतको अवस्था
२.८.१ वन सम्बन्धि बिवरण
२.८.२ जलश्रोत बिवरण
२.८.३ भू उपयोग
२.९ भौतिक पूर्वाधारको अवस्था
२.१० जलवायू परिवर्तन तथा अन्य विपद् जोखिम तथा व्यवस्थापन
२.११ चूरे गांउपालिकामा कार्यरत संघसंस्थाहरुको अबस्था र उपलब्ध सेवाहरु
१.१२ यस गांउपालिकाको सूशासनको अवस्था
१.१३ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार)
१.१४ मौसम तथा जलवायूको अवस्था
परिच्छेद ३ : अनूकूलन कार्ययोजना तयारी चरण तथा विधिहरु
३.१. जलवायू परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि
३.२ तापक्रम र बर्षाका तथ्यांकहरुको विश्लेषण
३.३ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन (पावर म्याप)
३.४. जोखिम वडा तथा वस्ती पहिचान तथा स्तरीकरण
३.४.१.वडा भित्रका जोखिम वस्ती पहिचान
३.५. प्रकोप स्तरिकरण
३.६ ऐतिहासिक समय रेखा
३.७. प्रकोप पात्रो
३.८.मौसमी पात्रो
३.९.बनस्पति पात्रो
३.१०. बाली पात्रो
३.११ कार्यवोझ विश्लेषण
३.१२ जोखिमको रुपरेखा
३.१३ संकटासन्न वर्ग तथा समूदाय पहिचान
३.१४.जलवायूजन्य तथा विपद् जोखिम व्यवस्थापन र क्षमता विकास
परिच्छेद ४: चूरे गांउपालिको श्रोत तथा क्षमता विश्लेषण ४५
४.१. गांउपालिकामा भएको श्रोत तथा क्षमता

४.२ यस गांउपालिकामा रहेका संस्था
४.२.१ यूवा क्लव को विवरण
४.२.२ वालक्लवको विवरण
४.२.३.आमा समूह तथा महिला समूह
परिच्छेद ५ : विषय गत क्षेत्र मा परेको प्रभाव, अनूकूलन विश्लेषण तथा योजना निर्माण ५०
५.१ विषयगत क्षेत्रमा परेको प्रभाव
५.२ अनुकूलन कार्यहरुको परिकल्पना, योजना तथा प्राथमिकीकरण ५३
*५.२.१.* उच्च अनुकूलन क्षमताको परिकल्पना ५३
५.२.२. अनूकूलन तथा विपद व्यावस्थापन क्षमता विकास ५४
५.२.३. लैगिंक तथा सामाजिक समावेशीकरण समाहित अनूकूलन योजना आवाश्यक्ता विश्लेषण ५४
५.२.४ जलवायू परिवर्तन सम्वन्धी लैंगिक तथा सामाजिक समावेशिकरणमा स्थानीय सरकारको जिम्मेवारी ५६
५.२.५ नागरिक समाज, गैरसरकारी संघ, संस्था तथा समूदायमा आधारित संस्थाहरू को भूमिका ५७
५.२.६ जलवायू परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना ५७
५.२.७.अनुकलून कार्यहरुको प्राथमिकीकरण ५८
५.३ जलवायू परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना ६१
परिच्छेद ६ : जलवायू परिवर्तन अनूकुलन तथा विपद् जोखिम न्युनीकरण मूलप्रवाहिकरण ७५
६.१ आवधिक योजना तथा विकासका नीतिहरुमा मुलप्रवाहीकरण ७५
६.२ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जूमा र अनूगमन तथा मुल्यांकन प्रक्रियामा मुलप्रवाहीकरण ७५
*क) तत्काल गर्नुपर्ने* ७६
*ख) योजना तर्जुमा प्रक्रियाको आवाश्यक तयारी तथा जिम्मेवारी* ७६
६.३ लैगिंक सामाजिक तथा संरक्षण समावेशिकरण मुलप्रवाहीकरणमा समितिको भूमिका ७७
परिच्छेद ७ : अनूकुलन कार्यहरुको समायोजन र अनूगमन तथा मूल्यांकन ७७
७.१ योजना प्रक्रियामा स्थानीय अनूकुलन कार्ययोजनाको समायोजन ७७
७.२.अनूकुलन कार्यहरुको तर्जूमा र कार्यान्वयन ७८
७.३ अनूकूलन योजना अनुगमन तथा मूल्याङ्कन योजना ७९
अनूसूचीहरु ८०
अनूसूची १: गााउपालिका स्तरिय विपद् तथा जलवायु उत्थानशील समितिका सदस्यहरुको नामावली, ८०
क.चूरे गााउपालिका ८०
ख.वडा स्तरिय विपद व्यावस्थापन समिति ८०
अनूसूची २ :लैंगिक तथा सामाजिक योजना तर्जूमा उपसमितिका सदस्यहरुको नामावली ८३
अनूसूची ३ : वडा स्तरिय विपद प्रतिकार्यका लागि सामूदायिक पहल कार्यदलहरु ८३
अनूसूची ४ : केही महत्वपुर्ण टेलिफोन सम्पर्कहरु ८६
अनूसूची ५ : स्थानीय अनूकूलन योजना छलफल उपस्थिति ८९
अनूसूची ६ : चूरे गांउपालिका अन्तरगतका तस्वीरहरु ९१
अनूसूची ७ : शव्दावली ९२
अनूसूची ८ : सन्दर्भ सामाग्री ९३

# तालिका सूची


तालिका १: स्थानीय अनूकूलन योजनाको सारांश
तालिका २: गााउपालिकाको वडा गत क्षेत्रफल
तालिका ३: मूख्य वनस्पति जनावर तथा पंक्षिहरु
तालिका ४: गांउपालिकाको भूउपयोग विवरण
तालिका ५: सेवा प्रदायक संस्थाहरुको विश्लेषण
तालिका ६: कार्यक्रम अनूसार उपस्थिति विवरण
तालिका ७: जोखिम अनूसार वडा स्तरिकण
तालिका ८: वडा स्तरिकणको प्राथमिकिकरणको पूस्ट्याई
तालिका ९: वस्ती पहिचान तथा जोखिम विश्लेषण
तालिका १०: प्रकोप पहिचान तथा स्तरिकरण
तालिका ११: चूरे गााउपालिकाको प्रकोपको ऐतिहासिक घटनाक्रम
तालिका १२: प्रकोप पात्रो
तालिका १३: मौसमी पात्रो
तालिका १४: वनस्पती पात्रो
तालिका १५: बालि पात्रो
तालिका १६: कार्यवोभ्ह विश्लेषण
तालिका १७: गांउपालिकाको जोखिमको रुपरेखा
तालिका १८: संकटासन्नवर्ग तथा सामाजिक समूहहरुको पहिचान
तालिका १९: चूरे गांउपालिकाको श्रोत र क्षमता विश्लेषण
तालिका २०: यूवाक्लव विवरण
तालिका २१: वालक्ल्व विवरण
तालिका २२: आमा तथा महिला समूह विवरण
तालिका २३: विषयगत क्षेत्रमा परेको प्रभाव विश्लेषण
तालिका २४: स्थानीय अनूकूलन व्यावस्थापन योजना ५७
तालिका २५: अनूकूलन उपायहरुको प्राथमिकिकरण ५९
तालिका २६: स्थानीय अनूकूलन कार्ययोजना
तालिका २७: योजना तर्जूमा प्रक्रियाको समयमा गर्नूपर्ने ७६
तालिका २८: अनूकूलन योजना अनूगमन तथा मूल्याकन ७९

# परिच्छेद १ :
# स्थानीय अनुकुलन योजनाको परिचय

## १.१ स्थानीय अनुकुलन कार्ययोजनाको औचित्यः

जलवायु परिवर्तनको नकारात्मक प्रभावको जोखिम उच्च रहेका राष्ट्रहरुमध्ये नेपाल पनि एक हो । विगत केही दशकयता बाढी, पहिरो, डढेलो तथा खडेरी जस्ता जलवायुजन्य प्रकोपहरूका कारण ठूलो मात्रामा जनधनको क्षति भइरहेको छ भने कृषि, जलस्रोत, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, ऊर्जा तथा पूर्वाधार विकासका क्षेत्रहरूमा समेत जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू देखा परेका छन् ।

नेपाल सरकारले जलवायु परिवर्तनका मुद्दा सम्बोधन गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा पहलकदमी लिंदै आएको छ । यसै क्रममा जलवायु परिवर्तनका प्रभावहरुको जोखिम न्यूनीकरण गर्दै उत्थानशील समाजको निर्माण गर्नेतर्फ विभिन्न तह र विषयगत क्षेत्रहरूमा नीतिगत मार्गनिर्देश गर्ने उद्देश्यले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लागु गरिएकोछ ।

नेपालको शासकीय स्वरूप संघ, प्रदेश र स्थानीय तह सहितको संघीय प्रणालीमा पुनःसंरचित भएको छ । यो परिवर्तित संरचनासँगै विकास निर्माण, स्रोत व्यवस्थापन र जनजीविकासँग सम्बन्धित काम, कर्तव्य र अधिकार धेरै हदसम्म स्थानीय तहमा निहित रहेका छन् । स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाँउपालिका तथा नगरपालिकाहरूलाई आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक तथा वार्षिक क्षेत्रगत योजना बनाउन सक्ने अधिकार सुनिश्चित गरेको छ । यसले योजना निर्माणको प्रक्रियामा वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई आधार बनाउनुपर्ने कुरा समेत उल्लेख गरेको छ । यी प्रावधानहरूले स्थानीय तहका योजनाहरूमा जलवायु परिवर्तनलाई एकीकृत गर्ने अवसर सृजना गरेको छ ।

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, विकास योजना र कार्यक्रमहरूमा जलवायु परिवर्तनका मुद्दाहरूलाई मूलप्रवाहीकरण गर्ने उद्देश्य राखेको छ । यस नीतिले विशेष गरी जलवायु परिवर्तन व्यवस्थापनसँग सम्बन्धित राष्ट्रिय नीति, रणनीति तथा योजनाहरूको कार्यान्वयन स्थानीय तहबाट गरिनेछ भनी स्पष्ट किटान गरेको छ । यस सन्दर्भमा स्थानीय अनुकूलन कार्ययोजना (लापा) को स्वरूप, २०६७ परिमार्जन गरी समय सापेक्ष गरिएको छ । यो परिमार्जित खाकाले स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरू व्यवस्थापन गर्न र दीर्घकालीन जलवायुमैत्री विकासका योजनाहरू पहिचान तथा कार्यान्वयन गर्न सहयोग गर्नेछ । वातावरण संरक्षण सम्बन्धी कानून बमोजिम स्थानीय समुदायले तर्जुमा गर्ने समुदायमा आधारित अनुकूलन योजनाको तर्जुमा र यसको जलवायु परिवर्तन प्राकृतिक प्रकिया हो तर बढ्दो औद्योगिकीकरण, वन विनाश, अव्यवस्थित शहरीकरण, सवारी साधनको बढ्दो प्रयोग, हरितगृह ग्याँसहरुको अत्याधिक उत्सर्जन आदि जस्ता विभिन्न मानवीय क्रियाकलापहरुकाकारणले गर्दा यसको नियमित प्रक्रियामा तिव्रता आएको तथ्य वैज्ञानिक रुपमा पुष्टि भईसकेको छ । यसले गर्दा क्रमशः तापक्रम र वर्षाको प्रकृति तथा प्रवृत्ति (अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि) मा परिवर्तन भईरहेको सबैले महशुस गरीरहेका छन् । समयमा पानी नपर्ने, गर्मी बढ्ने, पानीको मुलहरु सुक्ने, बाढी/पहिरो आउने जस्ता प्रकोपहरु हरेक वर्ष बढ्दै गईरहेका छन् । यसर्थ अहिले जलवायु परिवर्तन संसारकै प्रमुख समस्याको विषय बनेको छ । अझ प्राकृतिक श्रोत माथि निर्भर रहने हाम्रो जस्तो कम विकसित गरीव राष्ट्रहरुमा त यो झन ठूलो समस्याको रुपमा देखा पर्न थालेको छ ।

यसै सन्दर्भमा जलवायु परिवर्तनको कारणबाट श्रृजित समस्याहरुको सामना गर्न नेपाल सरकारले वि.सं. २०७६ मा राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) तयार गरी अनुमोदन गर्नुका साथै तत्कालिन वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना तयार गरी कार्यान्वयनमा समेत ल्याई सकेको छ ।

यस स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा चुरे गाउपालिका भित्र रहेका वडाका जन प्रतिनिधीहरु, स्थानीय विषयगत कार्यालयहरुका कर्मचारीहरु, सा.व.उ.स., कृषि समूह, आमा समूहका प्रतिनिधीहरु, महिला स्वास्थ्य स्वंयसेविका, गरीब, महिला, दलित, जनजाति तथा पछाडी पारिएका वर्ग/समुदायको सहभागिता रहेको छ । यस योजना निर्माणका लागि २०७८ साल माघ २८ गते चुरे गाँउपालिकामा अनुशिक्षण वैठकको आयोजना गरिएको थियो । यसका साथै, विभिन्न समय र चरणमा विभिन्न

व्यक्ति, समुदाय, भिन्न भुगोल, क्लष्टर, समुह छलफल, तथ्याँक संकलन तथा विश्लेषण आदी गरि यो स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ ।

चुरे गाउपालिकामा निर्मित स्थानीय अनुकूलन कार्ययोजनाले चुरे गाँउपालिका अन्तर्गत पर्ने वस्ती र टोलमा तथा समुदायको अनुकूलन क्षमता अभिवृद्धि भई जिविकोपार्जनमा सुधार ल्याएको हुनेछ । यस योजनाले निम्नानुसार कार्यलाई अगाडी बढाउन मद्दत गर्ने छः

- अति जलवायु सङ्कटासन्न वस्ती, टोल, तथा समुदाय र तिनका अनुकूलन चुनौती तथा अवसर लगायतका कार्य पहिचान गर्न,
- स्थानीय समुदायले आफ्ना आवश्यकताबारे आफैँले निर्णय गर्न सहज तरिका प्रयोग गर्न सक्ने गरी अनुकूलन कार्यहरूको पहिचान तथा प्राथमिकीकरण गर्न,
- स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न र स्थानीय स्वायत्त शासन ऐन बमोजिम सो कार्ययोजनालाई स्थानीय तथा राष्ट्रिय स्तरका योजनामा समेत समायोजन गर्न,
- सेवा प्रदायक निकायले समय मै प्रभावकारी ढंङ्गले स्रोत परिचालन गरी अनुकूलन कार्य क्रमबद्ध रूपमा अपनाउन/कार्यान्वयन गर्न,
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न र
- स्थानीय तथा राष्ट्रिय योजनालाई लागतको आधारमा अनुकूलनका प्रभावकारी विकल्प पहिचान गर्न ।

## १.२ स्थानीय अनूकूलन योजनाको सारांशः

जलवायु परिवर्तन र यसका प्रतिकुल प्रभावहरु समग्र विश्वकै लागि साझा चुनौतिका रुपमा अगाडि आइरहेको वर्तमान परिप्रेक्ष्यमा कैलाली जिल्लाको चुरे गाँउपालिका पनि यसबाट श्रृजित तथा भविष्यमा श्रृजना हुन सक्ने प्रतिकुल प्रभावहरुसँग अनकूलित हुने क्षमताको अभिवृद्धि गर्न परीमार्जीत स्थानीय अनुकूलन योजनाको कार्यढाँचा २०७६ ले निर्दीष्ट गरेका विधि, प्रक्रिया र चरणहरुलाई अवलम्वन गरी बहुसरोकारवाला निकायहरु जस्तै गाँउपालिका, वडाका जनप्रतिनिधिहरु, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी संघसंस्थाहरुको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत संघसंस्थाहरु, महिला तथा अन्य सरोकारवाला निकायहरुको सक्रिय सहभागीतामा वडा तथा वस्ती स्तरवाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरुलाई समेत समावेश गरी आ.व. २०७८/७९ देखि ०८२/८३ सम्मका लागि स्थानीय अनुकूलन कार्ययोजना तयार गरेको छ । यस कार्ययोजनाको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १ः स्थानीय अनूकूलन योजनाको सारांश**

| शिर्षक | विवरण | | | |
|---|---|---|---|---|
| चुरे गाउपालिकाको सिमाना | पूर्वः मोहन्याल गाँउपालिका | | | |
| | उत्तरः डोटी जिल्लाको जोरायल गाँउपालिका | दक्षिणः गोदावरी र गौरीगँगा नगरपालिका | | |
| | पूर्वः मोह्न्याल गापा | पश्चिमः डोटी जिल्लाको बडीकेदार गापा | | |
| क्षेत्रफल | ४९३.१८ वर्ग किलोमिटर | | | |
| जनसंख्या | महिला | पुरुष | जम्मा | जम्मा घरधुरी |
| | ११०३८ | ११२८२ | २२३२० | ३४७८ |
| | औसत परिवार आकार ५.७८ | | | |
| | श्रोतः चुरे गाँउपालिकाको वस्तुस्थिति विवरण २०७५ घरधुरी सर्वेक्षण अनुसार | | | |
| जातजाती | वाहुन, क्षेत्री, जनजाति र दलित | | | |
| प्रमुख पेशा तथा जीविकोपार्जनका आधार | कृषि, पशुपालन, मजदुरी र अन्य रोजगारी । | | | |
| हावापानी | समशितोष्ण हावापानी | | | |

| शिर्षक | विवरण |
|---|---|
| **मुख्य प्रकोप तथा विपद्हरु** | पहिरो, बाढी, हावाहुरी, आगलागि, कृषिमा/पशुमा रोग, छाडा चौपाय, सुख्खा खडेरी, सडक दुर्घटना, मिचाहा प्रजाती, वन्यजन्तु आँतक(वदेल, वाघ), असिना, चटयाङ्ग आदी |
| **संकटासन्न वडाहरु** | वडागत रुपमा जोखिम प्राथमिकिकरण<br>I. वडा नं ६<br>II. वडा नं. ५<br>III. वडा नं. १<br>IV. वडा नं. ४<br>V. वडा नं. ३<br>VI. वडा नं. २ |
| **योजनाको परिकल्पना** | चुरे गाँउपालिकाको संकटासन्न तथा जोखिममा रहेका ब्यक्ति/समुदायको अनुकूलन क्षमता अभिवृद्धि भै प्रकोप/विपद् तथा जलवायु परिवर्तनको नकरात्मक असर न्यून भएको हुनेछ। |
| **आशातित उपलब्धी** | १. विपद तथा जलवायु परिवर्तनलाई विकासका क्रियाकलापहरुमा मुलप्रवाहीकरण।<br>२. विपद न्युनीकरण र जलवायु परिवर्तनसँग अनुकुलीत ब्यक्ति/समुदाय निर्माण। |
| **योजनाको अनुमानीत बजेट** | १,२९,९२,५०,०००।- (एक अरब उन्तीस करोड बयानब्बे लाख पचासहजार मात्र) |

| विषयगत क्षेत्र | | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ | आ.व.२०८१/०८२ | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | कृषि तथा खाद्य सुरक्षा | ७,२०,००,००० | ७१२००००० | ७००००००० | २१३२०००००० |
| २ | वन तथा जैविक विविधता | ११०००००० | १२२००००० | १०५००००० | ३३७००००० |
| ३ | जलश्रोत तथा उर्जा | ५९०००००० | ४५०००००० | ३७०००००० | १४१०००००० |
| ४ | स्वास्थ्य खानेपानी सरसफाइ | २०३००००० | १७६००००० | २१०००००० | ५८९००००० |
| ५ | जलवायु जन्य प्रकोप न्युनिकरण तथा विपद जोखिम व्यवास्थापन | २४८९५०००० | २५०२५०००० | २४०९५०००० | ७४०१५०००० |
| ६ | स्थानीय ग्रामीण तथा शहरी वस्ती | १३६००००० | १२१००००० | ११७००००० | ३७४००००० |
| ७ | उद्योग यातायात तथा भौतिक पुर्वाधार | ६९००००० | ७४००००० | ४२००००० | १८५००००० |
| ८ | पर्यटन एवं प्राकृतिक तथा साँस्कृतिक सँम्पदा | ४५००००० | ७०००००० | ५०००००० | १६५००००० |
| ९ | लैगिंक समानता तथा सामाजिक समावेशीकरण जिविकोपार्जन तथा सुसाशन | १२८००००० | ८९००००० | ६५००००० | २८२००००० |
| १० | जनचेतना अभिवृद्धि तथा क्षमता विश्लेषण तथा अनुगमन | ३९००००० | ३९००००० | ३९००००० | १२९९२५० |
| | **जम्मा** | ४५२९५०००० | ४३५५५०००० | ४१०७५०००० | १२९९२५०००० |

| शिर्षक | विवरण |
|---|---|
| मुख्य भूमिका/ सहयोग गर्न सक्ने निकायहरु | यस योजनालाई कार्यान्वय गर्नका लागि निम्नानुसार निकायहरुको महत्वपूर्ण सहयोग तथा भूमिका रहन सक्नेछ- चुरे गाँउपालिका, प्रदेश तथा संघिय सरकार, वडा कार्यालय, जि.स.स, पशुपंक्षि विकास शाखा, स्वास्थ्य संस्थाहरु, विषयगत कृषि शाखा, कृषक समुह, सामुदायिक वन उपभोक्ता समुह, सहकारी संस्था, प्रहरी चौकी, बजार व्यवस्थापन समिति, जिल्ला उद्योग वाणिज्य संघ, गैर सरकारी संस्थाहरु, दातृ निकाय, सिंचाई डिभिजन कार्यालय, डिभिजन वन कार्यालय, वैंक तथा वित्तीय संस्थाहरु, सहकारी संस्थाहरु, युवाक्लबहरु, महिला समुह, आमासमुह, खानेपानी कार्यालय, विद्युत कार्यालय आदि । |
| क्षमता विकास | वस्ती, वडा तथा गाँउपालिका तहका कार्यान्वयनकर्ता, व्यवस्थापक, अनुगमनकर्ता समेत तथा स्थानीय तहका विषयगत क्षेत्रको जनशक्तिको क्षमता विकास कार्य गरिने । |
| लैंगिक तथा सामाजिक समाबेशकिरण | महिला, गर्भवती महिला, किशोरी, बालवालिका, विपन्न वर्ग, दलित, पछाडि पारिएका वर्गहरुको पहुंच तथा नियन्त्रणको अवस्था सुनिश्चितता गर्दै प्राकृतिक तथा मानव सिर्जित विपद्ले गर्दा मानविय तथा पारिस्थितिकीय प्रणालीमा देखिएको नकारात्मक असरहरुलाई सम्बोधन गर्नको लागि अनुकूलन क्रियाकलापहरु सहितको योजना तर्जुमा गरिएको छ । |
| योजनाको समायोजन | तयार गरिएको स्थानीय अनुकूलन योजनालाई दिगो र संस्थागत रुपमा कार्यान्वयन गर्नको लागि गाँउपालिका स्तरमा तयार हुने योजनाहरुमा समायोजन गरिने छ र अन्य सरकारी तथा गैर सरकारी निकायको वार्षिक योजनामा समेत समावेश गराउनको लागि पैरवी गरिनेछ । |
| कार्यान्वयन | यस योजनाको कार्यान्वयन गाउपालिकाको नेतृत्वमा वडा कार्यालय, विषयगत कार्यालय र स्थानीय सेवा प्रदायक संघसंस्थाको सहकार्यमा कार्यान्वयन गरिने छ । |
| अनुगमन तथा मुल्याङ्कन | कार्यक्रमको अनुगमन तथा मुल्यांकन चुरे गाउपालीका, वडा कार्यालय र समुदाय तहबाट गरिने छ । |
| योजनाको अनुमोदन तथा कार्यान्वय | यो योजना गाँउपालिकावाट अनुमोदन भएको मिति वाट लागु हुनेछ । |

## १.३ स्थानीय अनुकूलन कार्य योजनाको मान्यता एवं निर्देशक सिद्धान्तहरुः

यस स्थानीय अनुकूलन कार्ययोजना मुख्य रुपमा चुरे गाउपालिकाकाको संकटासन्नता विश्लेषण र विद्यमान परिवेशमा आधारित रहेको छ । कार्ययोजना तयार गर्दा समग्र वडा, वस्ती तथा घरधुरी तहका संकटासन्नताको विश्लेषण र ती संकटासन्न क्षेत्र एवं वर्गहरुको अनुकूलन क्षमता अभिवृद्धि गर्न विशेष रुपमा ध्यान दिईएको छ । कार्ययोजनामा जलवायु परिवर्तनबाट सिर्जित प्रकोप तथा जोखिमहरुबाट प्रमुख रुपमा प्रभावित हुने सामाजिक समुहविशेष गरी महिला, किशोरी, वालवालिका तथा वृद्ध-वृद्धामा पार्ने असर तथा प्रभावहरु विश्लेषण गर्दै उनीहरु मैत्री कार्यक्रमहरु तय गरिएको छ ।

यस योजनामा संकटासन्न क्षेत्र र घरधुरीहरुलाई अति आवश्यक र तत्कालै कार्यान्वयन गर्नु पर्ने अनुकूलनका कार्यहरुलाई उच्च प्राथमिकतामा राखी संकटासन्न व्यक्ति/परिवार/समुदाय उत्थानशिल हुने तथा थप रोजगारीको सृजना गर्ने कार्यक्रमहरु समावेश गरिएको छ । यसका साथै लैगिंक तथा समावेशीकरणका मुद्दाहरुलाई विशेष ध्यान दिई कार्यान्वयन गर्न र महिलाहरुको प्रजनन् स्वास्थ्य अधिकार र कार्यबोझलाई न्यून गर्न सहयोग पुग्ने विभिन्न गतिबिधि तथा प्रविधिहरु उच्च प्राथमिकतामा राखिएका छन् ।

यस योजना पालिका तथा वडा तहमा रहेका जन प्रतिनिधीहरु, स्थानीय विषयगत कार्यालयहरुका कर्मचारीहरु, सा.व.उ.स., कृषि समूह, महिला स्वास्थ्य स्वँयसेविका, आमा समूहका प्रतिनिधीहरु, गरीब, महिला, दलित, जनजाति तथा पछाडी परेका वर्गहरुको सहभागितामा तयार गरीएको हुँदा यसमा स्थानीय प्राथमिकताहरुले स्थान पाएका छन् । साथै स्थानीय अनुकूलनको राष्ट्रिय संरचनाका चरणहरु र त्यसले सिफारिश गरेका सहभागितात्मक विधिहरुमा केन्द्रित रही योजना तयार गएिको हुदाँ संकटासन्न क्षेत्र र घरधुरीहरुले लाभ पाउने सुनिश्चत छ । यसैकारण यस अनुकूलन कार्ययोजनाले संकटासन्न व्यक्ति, परिवार, वर्ग/समुदाय र क्षेत्रहरुको अनुकूलन क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने मान्यता राख्दछ । स्थानीय अनुकूलन योजनाको

लक्ष्य तथा मान्यता स्थानीय अनुकूलन कार्ययोजनाका निर्दीष्ट सिद्धान्तहरु (समावेशी, उर्ध्वगामी, लचिलो, तत्परता) लाई आधार विन्दु मानिने छ ।

**स्थानीय अनुकुलन योजनाको मान्यताः**

- स्थानीय जलवायु अनुकूलन कार्ययोजना स्थान बिशेष अनुसार फरक फरक हुन्छ ।
- स्थानीय समुदाय तथा सरोकारवालाहरुको सहभागितामा लक्षित क्षेत्र, वर्ग तथा समुदायको पहिचान गरी जलवायु परिवर्तनको असरसँग सामना गर्न अनुकूलनका उपायहरुको प्राथमिकिकरण गरी स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।
- नगर स्तरीय अनुकूलन योजनाले लक्षित क्षेत्र, वर्ग तथा समुदायलाई समेटी जोखिम क्षेत्रको पहिचान गरी कार्यक्रमहरुको तय गरेको हुँदा यो कार्ययोजना प्रभावकारी रुपले सञ्चालन गर्न सकिन्छ ।
- स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि भएको हुँदा कार्यक्रम कार्यान्वयनका लागि अनुकूल वातावरणको श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्दा गाउपालिकामा रहेको महत्वपूर्ण सरोकारवालाहरुलाई समावेश गरिएकाले योजनालाई प्राथमिकताका साथ कार्य गर्न उपयुक्त वातावरण श्रृजना हुनेछ ।
- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाको निर्देशित सिद्धान्त उर्ध्वगामी, समाबेशि, तत्परता र लचिलोमा आधारित भई स्थानीय अनुकूलन योजना तयार गरिएको छ ।
- राष्ट्रिय अनुकूलन योजनाले पहिचान गरेका क्षेत्रमा आधारित भई जलवायु परिवर्तनले असर गर्ने सबै विषयगत क्षेत्र समेटि बिभिन्न सरकोकारवाला निकायहरुको सहभागितामा योजना तयार गरिएको छ ।
- स्थानीय अनुकूलन योजना तयार गर्दा स्थानीय विपद व्यवस्थापनका पक्षहरुलाई पनि विशेष ध्यान दिइएको छ

## १.४ स्थानीय अनुकूलन योजना र विपद् जोखिम ब्यवस्थापन बीच अन्तरसम्वन्ध

स्थानीय अनुकूलन कार्ययोजना तयारीको लागि वन तथा वातावरण मन्त्रालयले स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना तयार गरी लागु गरेको छ भने स्थानीय विपद व्यवस्थापन योजना तयारीको लागि संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयवाट मार्गदर्शन तयार गरी लागु गरिएको छ। दुवै दस्तावेजको लागि छुट्टाछुट्टै मन्त्रालयबाट मार्गदर्शन लागु गरिएको भएता पनि यसको उद्देश्य, आशय, योजना तर्जुमा, प्रक्रिया र विधिमा खासै भिन्नता देखिदैँन । दुबै योजनाको मुख्य उद्देश्य नेपालले भोगीरहनु पर्ने र दोहोरीरहने बाढी, पहिरो, माहामारी, आगलागि, शीतलहर जस्ता विनासकारी समस्या तथा जोखिमहरुसँग जुध्न उत्थानसिल समुदायको निर्माण गर्नु रहेको छ। स्थानीय अनुकूलन योजनाले जलवायु परिवतर्नवाट सिर्जित जलवायुजन्य प्रकोपहरुमा केन्द्रित भई संकटासन्न समुदायको अनुकूलित क्षमतामा अभिवृद्धि गर्ने उद्देश्यका साथ योजना तयार गरेको र स्थानीय विपद व्यवस्थापन योजनाले जलवायुजन्य तथा अन्य प्रकोपहरुलाई समेटी विपद व्यवस्थापनका पक्षलाई केन्द्रित गरी योजना तयार गरी कार्यान्वयन गर्ने भएकाले स्थानीय अनुकूलन योजना र स्थानीय विपद जोखिम व्यवस्थापन योजना समायोजन गर्नु पर्ने आवश्यक देखिएकोले विपद व्यवस्थापन योजनामा समावेश भएगरेका विपद व्यवस्थापन सम्वन्धि योजनाहरु पनि स्थानीय अनुकूलन योजनामा समावेश गरी कार्यान्वय गर्दा अझ बढी प्रभावकारी हुने देखिएकोले यस योजनामा दुवै योजनाका समान रहेका पक्षहरुलाई समावेश गर्ने प्रयास गरिएको छ




### १.५ योजना कार्यान्वय रणनीतिः

यस योजना कार्यान्वयनका प्रमुख रणनीतिहरु निम्नानुसार छन्

- यो योजनालाई अनुमोदन गर्न तथा वैधानिकता दिनका लागि गाँउपालिकाको भेला वाट पास गरिने  वा गाँउपरिषदमा समेत छलफल गरिने छ ।
- पालिका तथा वडा र वस्तीस्तरमा स्थानीय स्तरका दक्ष तालिम प्राप्त जनशक्ति परिचालन गदै विपद् व्यस्थापनका लागि स्थानीय जनसमुदायको समावेशी सहभागिता गराई समुदायको क्षमतामा विकास गरिने छ ।
- स्थानीय स्तरको परम्परागत सिप, शैली, क्षमता पर्बद्धनलाई उजागर गरी विपद् व्यवस्थापनका लागि प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- योजना प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन तथा सुपरीवेक्षणका लागि वडा, गाँउपालिका, समुदाय लगायतका विपद् व्यवस्थापन समितिलाई परिचालित गराईने छ ।
- यस योजनाको प्रत्येक वर्ष पुनरावलोकन गरी बार्षिक योजना तयार पार्न वडा लाई प्रेरित गरि पालिकाले तयार गर्नेछ र पांच वर्षमा गाउँपालिकाले योजनाको वृहत पुनरावलोकन गरि अध्यावधिक गर्ने छ ।

### १.६ स्थानीय अनुकुलन योजना निर्माणको समग्र प्रकृयाः

स्थानीय अनुकुलन योजना तयारीका चरणमा स्थानीय अनुकुलन कार्यढाँचा २०७६ मा उल्लेख भए अनुसार स्थानीय अनुकुलन योजना निर्माण प्रकृया निम्नानुसार छ-




## १.७ स्थानीय अनुकूलन कार्ययोजनाको बिधि र प्रकृया

स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन नीति २०७६, स्थानीय अनुकूलन कार्य योजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८, वातावरण नीति, २०७६ लाई आधार मानिएको छ । स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको (लापा) राष्ट्रिय संरचनाका निर्देशक सिद्धान्तहरु र विभिन्न सहभागितामूलक विधि तथा औजारहरुको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ ।



# परिच्छेद २
# गाँउपालिकाको परिचय

चुरे गाँउपालिका एक सुन्दर र प्राकृतिक सुन्दरताले भरिपुर्ण गाँउपालिका हो । साविकको सहजपुर, निगाली र खैराला गा.वि.स. मिलाएर मिति २०७३ चैत्र २८ गतेको नेपाल सरकार मन्त्रीपरिषदको निर्णय अनुसार चुरे गाँउपालिका घोषणा भएको हो । यो गाँउपालिका सुदुर पश्चिम प्रदेशको कैलाली जिल्लामा अवस्थित छ । यस गाँउपालिकाको पुर्वमा कैलाली जिल्लाकै मोहन्याल गाँउपालिका, पश्चिममा डोटी जिल्लाको वडीकेदार गाँउपालिका, उत्तरमा डोटी जिल्लाको जोरायल गाँउपालिका र दक्षिणमा कैलाली जिल्लाको गोदावरी नगरपालिका पर्दछ । ६ वटा वडा रहेको यस गाँउपालिकामा ३४७८ घरधुरी तथा २२३२० जनसँख्या रहेका छन भने यस गाँउपालिकाको क्षेत्रफल ४९३.१८ वर्ग किलोमिटर रहेको छ । नेपालको पुर्नसंरचना २०७३ अनुसार सुदुर पश्चिम प्रदेश अन्तर्गत पर्ने कैलाली जिल्लाका विभिन्न स्थानीय निकाय मध्य चुरे गाँउपालिका पनि एक हो । कैलाली जिल्लाको उत्तर तर्फ अवस्थीत रहेको चुरे गाँउपालिका जिल्लाको सदरमुकाम धनगढी देखी ३० कोशको दुरीमा रहेको छ ।

भूगोलविदहरुको अध्ययन अनुसार करिब चार करोड अघि हिमालय उत्पत्तिका क्रममा ग्रेगर र थेगर थुप्रिएर चुरे क्षेत्रको निर्माण भएको हो । उत्तरबाट हिउ पग्लेर आउने नदी महाभारत क्षेत्र हुँदै अन्तिममा चुरेबाट तराइतिर बग्दछन । यसले दक्षिण समथर तराइका लागि पानी सिञ्चित गरी भूमिगत जल भण्डारनमा महत्त्वपुर्ण भूमिका खेल्दछ । यस्तो महत्वपूर्ण भूमिका बोकेको क्षेत्रमा चुरे गाउँपालिकाको सम्पूर्ण क्षेत्र पर्ने भएकाले चुरे गाउँपालिका नामकरण भएको हो । चुरे गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक रूपले महत्वपूर्ण क्षेत्र हो ।

## २.१ गाउपालिकाको पृष्ठभूमिः

नेपालको पुर्नसंरचना २०७३ अनुसार सुदुर पश्चिम प्रदेश अन्तर्गत पर्ने कैलाली जिल्लाका विभिन्न स्थानीय निकाय मध्य चुरे गाँउपालिका पनि एक हो । कैलाली जिल्लाको उत्तर तर्फ अवस्थीत रहेको चुरे गाँउपालिका जिल्लाको सदरमुकाम धनगढी देखी ३० कोशको दुरीमा रहेको छ ।

नेपालको दक्षिणी भाग तराईको समथर मैदान पछि देखिने उठेको उभार तथा महाभारतबाट दक्षिण तर्फ ओर्लिदा समथर तराइ आउन अघिको अन्तिम पर्वतीय क्षेत्रलाई चुरे भनिन्छ । यो खुकुलो पत्रे चट्टान र कमलो माटोले बनेको भूभाग नेपालको पूर्व पश्चिम फैलिएको छ । पाकिस्थानको इन्दस नदीदेखि नेपाल हुदै भारतको बह्मपुत्र नदीसम्म फैलिएको चुरेले नेपालको कुल क्षेत्रफलको १२.७८ प्रतिशत भूभाग ओगटेको छ । भूगोलविदहरुको अध्ययन अनुसार करिब चार करोड अघि हिमालय उत्पत्तिका क्रममा ग्रेगर र थेगर थुप्रिएर चुरे क्षेत्रको निर्माण भएको हो । उत्तरबाट हिउ पग्लेर आउने नदी महाभारत क्षेत्र हुँदै अन्तिममा चुरेबाट तराइतिर बग्दछन । यसले दक्षिण समथर तराइका लागि पानी सिञ्चित गरी भूमिगत जल भण्डारनमा महत्त्वपुर्ण भूमिका खेल्दछ । यस्तो महत्वपूर्ण भूमिका बोकेको क्षेत्रमा चुरे गाउँपालिकाको सम्पूर्ण क्षेत्र पर्ने भएकाले चुरे गाउँपालिका नामकरण भएको हो । चुरे गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक रूपले महत्वपूर्ण क्षेत्र हो । नवगठित स्थानीय तह अन्तरगत साबिक सहजपुर, खैराला र निगाली गाविसलाई मिलाएर वि.सं. २०७३ मा चरु गाउँपालिकाको गठन गरिएको हो । यसमा समावेश भएका साविकका गाविसहरु सहजपुर, खैराला र निगालीको पुरै भागहरु चुरे पर्वतहरुले घेरेको हुँदा यस गाउँपालिकाको चुरे गाउँपालिका नामकरण भएको देखिन्छ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्था अनुरूप जनताको सबैभन्दा नजिकको सरकारको रूपमा गाउँपालिका अथवा नगरपालिकाको व्यवस्था गरेको छ । जस अनुसार स्वायत्तताको उच्चतम अभ्यास तथा विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय शासनमा सहभागिता, जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व कायम गरी सेवा प्रवाहमा प्रभावकारितासँगै विकास प्रक्रियालाई द्रुततर तुल्याई जनअपेक्षाको सम्बोधन गर्ने ऐतिहासिक जिम्मेवारी स्थानीय सरकारको काँधमा आएको छ । सहकारिता, समन्वय र सहअस्तित्वका आधारमा सञ्चालन हुने स्थानीय शासन प्रक्रियामा जनसहभागिता र साझेदारीको मर्मलाइ समेत उच्च महत्व दिइएको छ । स्थानीय जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई स्थानीय तहको सुदृढीकरण गर्न नीतिगत तथा व्यवहारिक अभ्यासहरु अगाडि बढिरहेका छन् । परिवर्तित नवीनतम परिवेशमा स्थानीय सरकारले संविधान प्रदत्त अधिकारबमोजिमको अभिभारा पूरा गर्न गतिशिल विकास प्रक्रियालाई

अनुशासित गराई सुशासन र संमृद्धिका लागि अर्थपूर्ण पहल हुन जरुरी छ। यस कार्यका लागि नवनिर्वाचित पदाधिकारीको कुशल नेतृत्वमा शासन संचालन र विकास प्रक्रियालाई प्रभावकारी रुपले दिशानिर्देश गर्नु आवश्यक छ। स्थानीय सरकारका गतिविधिहरुबाट जनतामा स्वायत्तताको महसुस हुने गरी संघीय समावेशी शासन व्यवस्थाको मर्मलाई जीवन्त तुल्याउने अपेक्षा गरिएको छ। मानव संसाधन तथा आर्थिक स्रोतको सीमिताका वबाबजुद उर्लदो जनआकांक्षाको व्यवस्थापनमा अपेक्षित नतिजा हासिल गर्न वास्तविक सूचना तथा तथ्यांङ्क बलियो आधारका रूपमा रहन्छ।

सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७५ अनुसार यो गाउँपालिका समुद्री सतहबाट करिब ३८० मिटर देखि १९५० मिटर सम्मको उचाइँमा रहेको चुरे गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले २८ डिग्री ५९.६८४' देखि २९ डिग्री २.७४८' उत्तरी अक्षांश र ८० डिग्री ३६.२९८' देखि ८० डिग्री ४१.१६६' पूर्वी देशान्तरमा फैलिएको छ। भूबनोट अनुसार यस गाउँपालिकाको सम्पूर्ण भूभाग पहाडी क्षेत्र भित्र पर्ने भएकाले त्यति उर्वरशील छैन। समशीतोष्ण हावापानी भएकाले यस गाउँपालिकाको अधिकतम ३२ डिग्री सेलसियस र न्यूनतम तापक्रम १७ डिग्री सेलसियस सम्म रहेको पाइन्छ।

कैलाली जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलीय स्वरूपका हिसाबले पहाडी क्षेत्रका अधिकांश जमिनको बनोट भिरालो प्रकृतिको छ भने नदी तटीय क्षेत्र लागायतका अन्य क्षेत्रमा समथर जमिन पनि रहेको छ। पहाडी श्रृङ्खलाले बनेका यस गाउँपालिकामा कडा खालको चट्टानी भूभाग, भिरपाखा तथा वसोवास योग्य क्षेत्र सहितको विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ। सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७५ अनुसार यस क्षेत्रमा मुख्यतया विभिन्न स्थानमा गरि करिब १४ प्रतिशत समथर भूभाग रहेको छ र कडा खालको चट्टान र भिर रहेको यो स्थानमा चरनका लागि पाटन क्षेत्रसमेत रहेका छन। जमिनको भूबनोट अनुसार यस गाउँपालिकाको सम्पूर्ण भूभाग पहाडी क्षेत्रभित्र पर्ने भएकाले त्यति उर्वरशील छैन। खासगरी खोला छेउछाउ बेसीहरुमा धान र गाहुँ खेती गरिन्छ भने भिरालो जमिनमा गहुँ र मकै खेती गरेको पाइन्छ। खाद्यवालीका लागि उर्वरशील माटो नहुनु, सिचाइको सुविधा नहुनु आदि जस्ता करणले गर्दा यो गाउँपालिका खाद्य सङकटको मारमा परिरहेको छ। वनजङ्गल पर्याप्त मात्रामा रहेकोले धेरै जसो मानिसहरुले बाखापालन व्यवसायवाट नै अम्दानी गरेको देखिन्छ। फलफूल खेतीअन्तर्गत सुन्तला खेतीवाट यस गाँउपालिकाका मानिसहरुले राम्रो आम्दानी गरेका छन्। त्यसै गरी व्यवसायिक तरकारी खेती बाट पनि आम्दानी गरेको देखिन्छ। सालै भरि खाना पुग्ने गरी खाद्य वस्तुहरु उत्पादन हुन सकेको छैन। प्रायःजसो खाद्य, दलहन, तेलहन वस्तुहरु तराई क्षेत्रवाट आयात गरिन्छ भने व्यवसायिक तरकारी खेति, पशुपालन र फलफूल खेतीको राम्रो सम्भावना देखिन्छ। गाउँपालिकाको वडागत क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २: गाउपालिकाको वडागत क्षेत्रफल**

| वडा नं. | समावेश साविक गाविस | क्षेत्रफल (बर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | निगाली वडा नं. २ देखि ७ | ९५.०३ | १९.२६ |
| २ | निगाली वडा नं. ८ र ९, खैराला वडा न. ६ देखि ९ | ४२.७६ | ८.६७ |
| ३ | सहजपुर वडा नं. ६, ८ र ९, निगाली वडा नं. १ | ३४ | ६.८९ |
| ४ | खैराला वडा नं. १ देखि ५ | २०७.५७ | ४२.०८ |
| ५ | सहजपुर वडा नं. १, २ | ४७.२ | ९.५७ |
| ६ | सहजपुर वडा नं. ३, ४, ५ र ७ | ६६.६३ | १३.५१ |
| | जम्मा | ४९३.१८ | १०० |

**स्रोतः सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७५**

## २.२ सामाजिक सांस्कृतिक अवस्था

चुरे गाउँपालिकामा धार्मिक तथा ऐतिहासिक मनोरम स्थलहरु उल्लेखनीय मात्रामा रहेका भएता पनि ती स्थलहरुको प्रचारप्रसार हुन नसकेका कारण सवैको जानकारीमा आउन सकेको छैन। यस क्षेत्रमा खस सभ्यता तथा हिन्दू सांस्कृतिको अनुपम सङगम रहेको छ। क्षेत्री, ब्राम्हण, जनजाति, दलित जातिको मिश्रित बसोवास रहेको यस गाउँपालिकामा मुख्य कामकाजी भाषा नेपाली भएता पनि स्थानीय मौलिक भाषा बोलीचालीमा रहेको पाइन्छ। मगर जातिहरुको बाहुल्यता भएको यस ठाउँमा मगर जातीका बिभिन्न सास्कृतिक तथा धार्मिक रीतिरिवाजहरु झल्किन्छन। धार्मिक रूपमा हिन्दु धर्मावलम्बीहरुको उच्च बाहुल्य रहेको यो

क्षेत्रमा मनाइले चाडपर्वहरुमा कृष्णाष्टमी, तिज, जनैपूर्णिमा, दसै, तिहार, माघे सङक्रान्ती, चैते दसैं, गौरा पर्व, होली, शिवरात्री आदि रहेका छन् । यस क्षेत्रमा जात्राहरुमा मोहन्याल जात्रा र केदार जात्रा प्रमुख रूपमा मनाइने गरिन्छ । यस क्षेत्रमा विषेश गरेर शिवरात्री मेला, देसना मेला, मसानी मेला आदि लाग्ने गर्दछन । धार्मिक तथा भाषिक रुपमा करिब एकरूपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने बिभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र सांस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभूषाका रूपमा पुरुषहरुले मुख्य रुपमा दौरा सुरवाल, टोपी तथा कोट र महिलाले गुन्यु चोली र पटुकी बाँध्ने गर्दछन् । गाउँपालिका क्षेत्रमा धार्मिक तथा ऐतिहासिक महत्वका १४ वटा स्थलहरु रहेका छन् । सामुदायिक तथा निजी स्वामित्वमा रहेका यस्ता धेरैजसो स्थलहरुमा हालसम्म सडक सुविधा नपुगेको देखिन्छ भने यी स्थलको भ्रमण गर्न वार्षिक करिब २१०० जना पर्यटकहरुको आगमन हुने गरेको पाइन्छ । यस्ता स्थलहरुमा शिवालय, दसेना, कडकिरी, ग्वाँसी समैजी, चुरे टाकुरा, मोहन्याल मन्दिर, गर्भा दरवार, ओखरे देविथान, वेताल देवता मन्दिर, रातो पहिरो, गोट गुफा, चमेरे गुफा, कम्पासेधुरा र भासु मन्दिर तथा भिर पर्दछन् ।

नेपालको अन्य पश्चिम भागमा जस्तै छाउपडी प्रर्था यहाँ पनि रहेको पाहिन्छ । छाउ भएको समयमा छुट्टै छाप्रोमा बस्ने तथा पुजा आजा गर्न नदीने, धार्मिक कार्यमा भाग लिन नदीने त्यसो गरे अपसगुन हुन्छ, भगवान रिसाउँछन भन्ने परम्परागत धारणा अझै पनि विद्यमान छ । महिलाहरुको प्रजनन् स्वास्थ्यसंग सम्वन्धित प्राकृतिक प्रकृयालाई समाजले अहिले पनि कलंकको रुपमा हेर्ने गरेको छ । स्वयम महिलाहरुले पनि प्रजनन शिक्षाको कमीले गर्दा यसलाइ सजिलो रुपमा लिन सकेका छैनन् । यस गाउँपालिकाको अधिकांश घरधुरीमा छाउप्रथा अहिले पनि कायमै छ ।

## २.३ मानवीय अवस्थाः

चुरे गाउँपालिकाको पार्श्वचित्र अनुसार यहाँको कुल जनसङख्या २२३२० रहेको छ भने जनगणना २०६८ अनुसार १८९२४ रहेको देखिन्छ । वडाअनुसार सबैभन्दा उच्च जनसङख्या वडा नं. १ मा ५४६७ रहेको छ भने सबै भन्दा न्यून वडा न. २ मा २१४४ रहेको देखिन्छ । यस गाँउपालिकामा मातृभाषाको रुपमा सवैभन्दा वढी वोलिने नेपाली भाषा नै हो करिव ७२.९९ प्रतिशत मानिसले मातृभाषाको रुपमा नेपाली वोल्ने गर्दछन । २४.८७ प्रतिशत मानिसले डोटेली, ०.८५ प्रतिशतले अछामी, ०.६७ प्रतिशले वझाँगी, ०.५९ प्रतिशत पहाडी तथा ०.०४ प्रतिशतले चौधरी भाषा वोल्न गरेको घरधुरी सर्वेक्षण २०७५ को तथ्याँकले देखाएको छ भने ९५ प्रतिशत भन्दा वढी मानिसले हिन्दु धर्म मान्ने गरेको पाईन्छ । ४.०९ प्रतिशत वौद्ध, ०.१४ प्रतिशत इसाई र ०.३४ प्रतिशतले अन्य धर्म मान्ने गरेको पाईन्छ । जातिगत आधारमा व्राम्हण क्षेत्री को संख्या ५९.४७ प्रतिशत, जनजाति १५.४७ प्रतिशत, दलित २४.६६ प्रतिशत र अन्य ०.३८ प्रतिशत रहेको छ । महिला घरमुली भएका घरहरुको संख्या ११०७ वटा २९.२२ र पुरुष घरमुली भएका घरको संख्या २६८२ , ७०.७८ प्रतिशत रहेको छ । यस गाँउपालिकामा घरधुरी सर्वेक्षण २०७५ वमोजिम प्राविधिक सिप तथा व्यावसायी दक्षता भएका मध्ये सवैभन्दा वढी सिलाई वुनाई मा १०७ जना रहेका छन भने कृषि सम्वन्धी ४० जना, कम्प्युटर ३२, सिकर्मी २०, मेकानिक्स ४, जनस्वास्थ्य ३, पशुपालन १४, वन सम्वन्धी सीप भएका १३ जना रहेका छन । अगुवा कृषक ६० जना छन भने जेटिए ८ जना, पशुकार्यकर्ता २ जना र व्यवसायिक नर्सरी सञ्चालक ३ जना रहेको देखिन्छ । यस गाउँपलिकाबाट वैदेशिक रोजगारीका लागि जाने कुल १२०४ जना मध्ये सबैभन्दा उच्च सङख्यामा भारत जाने १०५४ रहेका छन् । खाडी मुलुक तथा मलेसिया जस्ता देशमा जाने ११५, युरोप, अमेरिका, अष्ट्रेलिया जाने २ र जापान, कोरिया जानेको जनसंख्या ३१ रहेको छ ।

## २.४ आर्थिक कृयाकलाको अवस्थाः

यस गाउँपालिकाका मानिसहरुको संलग्नता विविध पेसामा रहेको देखिए तापनि कृषि पेसामा संलग्न मानिसहरुको सङख्या निकै उच्च रहेको देखिन्छ । बिभिन्न पेशामा संलग्न मानिसहरुको विवरण निम्नानुसार छ-

कृषि पेशामा संलग्न ४३३५ जना, पशुपालनमा ३८३ जना, उद्योग तथा व्यापारमा २५३ जना, नोकरी २३२ जना, वैदेशिक रोजगार ३८४ जना, ज्याला मजदुरी ३७१ र अन्य पेशामा १८२ जना रहेको चुरे गापाको घरधुरी सर्वेक्षण २०७५ मा उल्लेख गरिएको छ । वार्षिक आम्दानी ४० हजार भन्दा कम हरु ११.८९ प्रतिशत रहेका छन, वार्षिक २ लाख भन्दा वढी आम्दानी हुने जम्मा १४ प्रतिशत परिवार मात्र छन अन्यको आम्दानी ४० हजार देखि २ लाख सम्म रहेको पाईन्छ ।

बालीजन्य उपजहरुमध्ये अन्नवाली, दलहन बाली, तेलहन बाली क्रमशः ७५२७ रोपनी, ४३९.८ रोपनी र २३९.९ रोपनी जमिनमा उत्पादन हुने र जसबाट क्रमशः २४७६९, ५७७.६ र १८१.२ क्विन्टल उत्पादन हुने गरेको छ । यी उपजहरुको केही परिमाणमा विक्री समेत हुने गरेको देखिन्छ । पशुपन्छी पालनको अवस्था हेर्दा १६२८९ बाखा खसीबाट १,१८,२३० कि.ग्रा. मासु उत्पादन भएको देखिन्छ । १७५० वटा गाई, भैंसी बाट कूल २९८७ लिटर दुध उत्पादन गर्ने गरेको देखिन्छ । गाउँपालिका भित्र रहेको कुल ३७८९ घरपरिवार मध्ये ११२७ घरपरिवारमा मात्र ९ महिना देखि १ वर्ष सम्म आफ्नै उत्पादनले खान पुग्दछ ।

यससम्बन्धी विवरणलाई वडागत रुपमा देहायको तालिकामा प्रस्तुत गरिएको छ । कृषि तथा पशु सेवासँग सम्बन्धित समुहवा संस्थाहरुमा ६७ कृषक समूह, १२ व्यावसायिक कृषि फर्म, ७ कृषि सहकारी, १ एग्रोभेट, र ३ वटा पशुपालन समूहहरु यस गाउँपालिकामा रहेका देखिन्छन । गाउँपालिका भित्र कुल १० वटा सहकारी संस्थाहरु र ५ वटा लघुवित्त संस्थाहरु रहेको पाइन्छ । गाउँपालिका क्षेत्र भित्र कुल २४२ घरपरिवार भुमिहिन रहेका छन् । यस गाउँपालिका भित्र ३ वटा साना लघु उद्योगहरु सञ्चालनमा रहेका छन् । वडा नं. ३ मा अदुवा प्रशोधन , वडा नं. ६ मा मान धागो उद्योग र अचार उद्योग । यी उद्योगहरुबाट ४ जना महिला र १० जना पुरुषले प्रत्यक्ष रुपमा रोजगारीको अवसर प्राप्त गरेको देखिन्छ ।

## २.५ शैक्षिक अवस्था:

गाउँपालिका क्षेत्रको औसतमा साक्षरताको स्थिति हेर्दा वडा नं. ६ मा सबैभन्दा उच्च ८४.८४ प्रतिशत साक्षर रहेका छन् भने सबैभन्दा न्यून वडा न. २ मा ६०.२९ प्रतिशत मात्र रहेको छ । यस क्षेत्रको पुरुषको साक्षरताको स्थिति हेर्दा वडा नं. ६ मा सबैभन्दा उच्च ८९.८९ प्रतिशत साक्षर रहेका छन् भने सबैभन्दा न्यून वडा न. २ मा ७५.७१ प्रतिशत मात्र रहेको छ । त्यसैगरी महिलाको साक्षरताको स्थिति हेर्दा महिलाको वडा नं. ६ मा सबैभन्दा उच्च ७९.७९ प्रतिशत साक्षर रहेका छन् भने सबैभन्दा न्यून वडा न. २ मा ४४.८७ प्रतिशत मात्र रहेको छ । गाउँपालिका भित्रको शिक्षाको स्तर विश्लेषण गर्दा आधारभूत तहको शैक्षिक उपलब्धी हासिल गरेकाहरुको मध्ये स्नातकोत्तर गर्नेहरुको संख्या २५ जना मात्र रहेको छ यसै गरी स्नातक गर्ने ३३३ जना, माध्यामिक २८९२ जना, आधारभुत ७१७२ जना पुर्व प्राथमिक २२८६ जना प्राविधिक एस.एल.सी १५ जना रहेको छन । यस गाउँपालिकामा कुल ४८ विद्यालय मध्ये ४१ आधारभूत र ७ वटा माध्यमिक विद्यालय रहेका छन् । यी विद्यालयहरुमा अध्ययन गर्ने पूर्व प्राथमिक तहमा ९३१, आधारभूत तहमा ४८२३ र माध्यमिक तहमा ८५२ जना रहेको पाइन्छ । गाउँपालिका वडा नम्वर १ मा एउटा मात्र बहुमुखी क्याम्पस रहेको छ । यस क्याम्पसमा ६० जना विद्यार्थीहरु अध्ययनरत छन ।

## २.६ लैगिंक समानता तथा सामाजिक समावेशीकरणको अबस्था:

यस गाँउपालिकाको कुल जनसंख्या २२३२० मध्ये महिलाको संख्या ११०३८ जना ४९.४५% र पुरुषको जनसंख्या ११२८२ जना (५०.५५%) रहेको छ । जातिगत रुपमा हेर्दा यस गाँउपालिकाम ५५०५ जना (२४.६६ %) दलित, ३४५४ जना (१५.४७%) जनजाति र १३३६१ जना (५९.८६%) ब्राह्मण/क्षेत्री/ठकुरी रहेका छन । यस गाँउपालिकामा पनि अन्य ठाउमा जस्तै खेतीपाती, जागिर, व्यापार जस्ता उत्पादनशील कार्यहरुमा पुरुषको सहभागीता धेरै पाइएको छ भने घास दाउरा, पानी, भान्सा, केटाकेटीको रेखदेख जस्ता पुर्नउत्पादनशील(हेरचाहमूलक) कार्यहरुमा महिलाहरुको सहभागिता धेरै पाइएको छ । त्यसैगरी सामाजिक तथा राजनैतिक क्रियाकलापहरुमा पनि महिलाहरुको संलग्नता पुरुषहरुको तुलनामा निकै कम छ । साथसाथै समान कामको लागि पनि पुरुषलाई भन्दा महिलालाई कम ज्याला प्रदान गर्ने प्रचलन यहाँ पनि विद्यमान छ । यद्यपी नीतिगत तहमा आएका महिलामूखि नीतिहरु तथा विभिन्न निकायहरुबाट संचालन भईरहेका सशक्तिकरणका कृयाकलापहरुले गर्दा महिलाहरुको सचेतना स्तर बढ्दै गएकोले भविष्यमा उत्पादनशील, सामाजिक तथा राजनैतिक कृयाकलापहरुमा महिलाहरुको संलग्नता बढ्न सक्ने देखिन्छ ।

गाउँपालिका भित्र कुल ६ वटा बालक्लव रहेका छन् । यस्ता बालक्लबहरुमा जम्मा ४३ बालक २९ बालिका सदस्यका रूपमा रहेका छन् । यस गाउँपालिका भित्र ३ बालक तथा २ बालिका अनाथ (घरपरिवारविहीन) रहेको देखिन्छ । यस गाँउपालिकामा पनि महिनावरी भएकाबेलामा महिलाहरु भान्सामा छिर्न नहुने, अरूबाट टाढा राख्ने, कतिपय ठाउँमा छुट्टै झुपडी तथा गोठमा बस्नुपर्ने देखिन्छ । साथै यस्तो बेलामा पुजा आजा गर्न नदीने, धार्मिक कार्यमा भाग लिन नदीने त्यसो गरे अपसगुन हुन्छ, भगवान रिसाउँछन भन्ने परम्परागत धारणा अझै पनि विद्यमान छ । समाजले महिलाहरुमा हुने प्राकृतिक प्रक्रिया(रजस्वला)लाई अझै सामान्य रुपमा लिनसकेको देखिँदैन । स्वयम महिलाहरुले पनि प्रजनन् शिक्षाको अभावले गर्दा यसलाइ सजिलो रुपमा लिन सकेका छैनन् ।

## २.७ प्राकृतिक श्रोतको अवस्था:

वन तथा वातावरण, जैविक विविधता प्रकृतिवाट पाईने जल, जमिन र जंगल जस्ता श्रोतहरुमा चुरे गाँउपालिका सम्पन्न स्थानीय तह हो । अधिकाँश भूभाग जंगलले ढाकिनुका साथै कैलाली जिल्लाको तराईमा बग्ने नदीनालाहरुको श्रोत भएको यस क्षेत्रमा जिल्लाका अन्य क्षेत्र भन्दा शितल हावापानी तथा हरियाली भूभाग बढी पाईन्छ ।

### २.७.१ बन स्रोत:

यस गाउँपालिकामा ५२ वटा सामुदायिक वन रहेका छन । सामुदायिक वनका उपभोक्ता समूहमा २४७ महिला र २९९ पुरुष गरी जम्मा ५३६ सदस्य रहेका छन् । पहाडी क्षेत्रमा हुने वन तथा जैविक विविधता यस क्षेत्रमा विद्यमान रहेको देखिन्छ । जैविक तथा वानस्पतिक महत्वका जीव तथा वनस्पति मध्ये यो क्षेत्र बाघ, भालु, हरिण, जरायो, चितल, वनेल, सुँगर, बाँदर, वन बाख्रा, स्याल आदी जस्ता जनावर र कालीज, ढुकुर, मैना, जुरेली, चिल, लामपुच्छ्रे, तित्रा, सुगा जस्ता चराहरुको वसोवास स्थलको रूपमा परिचित छ ।

गाउँपालिकाका सम्पूर्ण वडाहरुमा चरन क्षेत्रको उपलब्धता रहेको देखिन्छ । चरन क्षेत्रको व्यवस्थापन प्रणाली परम्परागत रहेको पाइन्छ । यहाँको आवादी तथा वसोवासको तुलनामा वन जंगल दोव्बर मात्रामा रहेको छ । वाक्लो वन क्षेत्र भएको र पर्यटकिय सम्भावना रहेका यो गाँउपालिका विविधताको हिसाबले धनी र महत्वपूर्ण छ ।

**तालिका ३ः मुख्य बनस्ती, जनावर तथा पंक्षिहरुः**

| मुख्य वनस्पतिहरु |
|---|
| **बोटबिरुवाः**<br>साल, सल्ला, आस्ना, साधन, जमुना, उत्तिस, कोइराल, कटुस, फलाट, टिमिला, वाँफ, दालचिनी, काफल, हर्रो, वर्रो, अमला, काउलो, गुराँस, दुधिलो, खनियो, टाँकी, धँगेरो, मालु, ज्यायोनो, विलौनी, आखितो, मेल, चिउरी, वैरो, मौवा, पँयु, आदी<br>**जडिवुटीः**<br>दालचिनी , पाखनवेद, कुमकुम, कुरिलो, मजेठो, आकाशवेली, गुर्जो, सुनाखरी, गुजरगानो, सरौटो, कचुर, टिमुर, अमला, हर्रो वर्रो सिस्नु, अल्लो आदी |
| **मुख्य जङ्गली चराचुरुङ्गी** |
| कालिज, तित्रा, लुइचे, ढुकुर, लाटोकोसेरो, लामपुच्छ्रे, सुँगा, जुरेली, भ्याकुरा, गौथली, भँगेरा, सारी, हलेसो, चिल, न्याउली,गिद्ध, काग, कोइली, कोइरालो, चमेरा आदी |
| **मुख्य जनवार** |
| रतुवा , सालक, सर्प, गोही, सुन गोहोरो, वाँदर, डेढु, स्याल, दुम्सी, गुणा, वदेल, घोरल, मृग, खरायो, चितुवा, मलसाप्रो, |

### २.७.२ जलश्रोतः
यस गाँउपालिकामा बाह्रैमहिना पानीको श्रोत हुने खुटिया नदी, ठुलीगाड, वसर खोला तथा झरना, धनीगाड, वालुवागडा, भरणखोला, चरुवाखोला, गाजरी, वारेगडा लगायत खोला तथा खोल्सीहरु रहेका छन् । चुरे पहाड मुहान भएको खोलाहरु कतिपय कैलाली जिल्लाकै तराई तर्फ वग्ने गर्दछन भने केही खोलाहरु उत्तरतर्फ वगी ठुलीगाडमा मिसिन्छन । यहँका नदी तथा खोलावाट ४० भन्दा वढी सिचांइ कुलाहरु निर्माण भै ३९८ हेक्टर भन्दा वढी जमिनमा सिंचाई गरिएको छ । यस गाउँपालिका भित्र बाह्रै महिना बहने खोलाहरु वाट घट्ट, सिँचाइ तथा खानेपानीका लागि जलस्रोतको उपयोग हुने गरेको छ । खानेपानीका ८३ भन्दा धेरै मुलहरु यस पालिका भित्र रहेको छन । सिंचाईका लागि नहर कुलोको अलवा पाईप तथा सिंचाई पोखरी मार्फत पनि तरकारी तथा खेतीवारीमा सिंचाई गर्ने गरिएको पाईन्छ ।

### २.७.३ भू-उपयोगः
यस गाउँपालिकाका बिभिन्न वडाहरुमा नौमुले झरना, नाग ढुङ्गा, रातो पैरो, कम्पासे धुरा, चमेरो गुफा, बाघे झरना, भासू भिर, चुरे टाकुरा, चिम्ले ओडार ग्वासीधुरा, देसना, कटगिरी जस्ता पर्यटकिय तथा प्राकृतीक सम्पदाहरु रहेका छन । यस क्षेत्रमा ३२ वटा चरन क्षेत्र, ८३ वटा खानेपानी मुहानहरु, ३ वटा चुन खानी, १ वटा कोइला खानी, घना वनक्षेत्रहरु, पाटन क्षेत्र तथा नदीनालाहरु रहेका छन । गाउँपालिकाको कुल क्षेत्रफलको ५.५७ प्रतिशत क्षेत्रफल कृर्षी क्षेत्रको रुपमा रहेको छ छ भने ३.९४ प्रतिशत क्षेत्रफल पाखो जमिन रहेको छ । वनक्षेत्रले ओगटेको क्षेत्र हेर्दा वन तथा चरण क्षेत्रले ७७.५८ प्रतिशत भूभाग ओगटेको छ । यसरीनै यस पालिकाको ३.०६ प्रतिशत भूभागमा आभास क्षेत्र छ भने ३.५४ प्रतिशत भूभाग नदी नालाले ओगटेको छ । चुरे क्षेत्रको चारकोषे झाडी मुख्य प्राकृतिक सम्पदाको रुपमा रहेको छ । बालुवा ढुङ्गा लगायतका खनिजहरु यस क्षेत्रमा पाइन्छ । गाउँपालिको जमिनमा कृषि क्षेत्र, जंगल, चरण क्षेत्र, बगर झाडी तथा नदीले ढाकेको क्षेत्र सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

**तालिका ४: गाउपालिकाको भूउपयोग विवरण**

| क.सं. | विवरण | चुरे गाउँपालिका | |
|---|---|---|---|
| | | क्षेत्रफल (बर्ग कि.मि.) | प्रतिशत |
| १ | कृषि क्षेत्र | २७.४५ | ५.५६५९ |
| २ | पाखो | १९.४५ | ३.९४३८ |
| ३ | वन तथा चरन क्षेत्र | ३८२.६२ | ७७.५८२ |
| ४ | आवास क्षेत्र | १५.१३ | ३.०६७८ |
| ५ | नदीनालाले ओगटेको क्षेत्र | १७.५ | ३.५४८४ |
| ६ | सडकले ओगटेको क्षेत्र | २.११ | ०.४२७८ |
| ७ | अन्य | २८.९२ | ५.८६४ |
| | जम्मा | ४९३.१८ | १०० |

**(स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०६८)**

**चुरे गाँउपालिका भुउपयोग GIS नक्सा**




## २.८ भौतिक पूर्वाधारको अवस्थाः

**सडकः**

यस गाँउपालिकाले आफ्नै सिमित स्रोत साधनको उपयोग तथा प्रदेश र संघिय सरकारको सहयोगमा आन्तरिक सडकहरु निर्माण गरिरहेको छ । स्रोत साधनको अप्रयाप्तता, कठिन भौगोलिक अवस्थीति र छरिएर रहेका बस्तीका कारण सडक निर्माण चुनौतिपूर्ण रहेको छ । भिमदत्त राजमार्गको करिव ३० किलोमिटर सडकले यस गाउपालिकाको

पश्चिम क्षेत्र छोएको छ । यो बाहेक यस पालिकामा पक्कि सडक बनेको छैन । राजमार्गदेखि अन्य भागमा आउजाउ गर्नका लागि लगभग ३२१ कि.मी भन्दा बढी कच्चि सडक रहेको छ । जुन सडकमा हिउद महिनामा जिप तथा छोटो दुरीका सार्वजनीक यातायातका साधनहरु सञ्चालन हुने गरेका छन् । पालिका भित्र रहेको सबैभन्दा लामो सडकखण्ड सहजपुर-निगाली सडक खण्ड हो । जसको लम्बाई करिब ४५ किलोमिटर लामो रहेको छ । गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न खोलानालाहरुमा रहेका पक्की, झोलुङ्गे तथा काठेपुलहरुले गाउँपालिकाका विभिन्न स्थानहरुलाई जोडेका छन् । यस गाउँपालिकामा रहेका अधिकतम काठे पुलहरुको अवस्था जीर्ण रहेको देखिन्छ । यस पालिका क्षेत्रभित्र २१ वटा झोलुगें र ३ वटा पक्कि पुल रहेका पाईन्छ ।

**सिंचाईः**

आयोजनागत रुपमा यस गाँउपालिका क्षेत्रमा वर्षैभरी र मौसमी गरी ४० वटा सिँचाइ पूर्वाधारबाट करिब ३९८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको देखिन्छ । यस्तो सुबिधाबाट १९८४ घरपरिवार लाभान्वित हुने गरेका छन् ।

**आवास तथा सामुदायिक भवनः**

गाउँपालिका क्षेत्रमा रहेका घरहरु जगको आधारमा हेर्दा सबैभन्दा उच्च सङख्यामा ढुंङ्गा र माटो प्रयोग भएका घरमा बस्ने घरपरिवार संख्या २९६१ रहेको छ भने काठको खाँबो प्रयोग भएकाको घरमा वस्ने घरपरिवार सङख्या ६२६ रहेको छ । भने सिमेन्ट ढुंगाको १९९ घरहरु पक्की रहेका छन भने सबैभन्दा उच्च सङख्यामा जस्ता/च्यादरको छाना भएको १५०० भन्दा बढी घरहरु रहेको छन । पालिका भित्र सामुदायिक भवनहरु २० भन्दा बढी रहेका छन । साथै यस गाउँपालिकामा रहेका सार्वजनिक तथा सामुदायिक भवनहरु भेला, बैठक, बचत सङकलन, कृषि उत्पादन संकलन केन्द्रको रुपमा प्रयोग हुने गरेको पाइन्छ ।

**सार्वजनिक सेवाप्रवाहः**

यस गाउँपालिकामा गाउपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, कृषि, हुलाक, वन, तथा पशु सेवा केन्द्र जस्ता १६ वटा भन्दा बढी सरकारी भवनहरु रहेका छन् । सोहि भवनहरु बाट गाउपालिकाका सेवाहरु प्रभाव हुने गरेको छ ।

**शिक्षाः**

गाउँपालिका क्षेत्रभित्र बिभिन्न तहका ४८ वटा(४१ वटा आधारभूत र ७ वटा माध्यमिक) विद्यालय छन । ति बिद्यालयमा १११ पक्की भवन र ३७ वटा कच्ची भवन रहेको देखिन्छ ।

**साना उद्योगः**

गाउँपालिकामा परम्परागत घट्ट ४१ वटा, सुधारिएको घट्ट २५ वटा, कुटानी पिसानीका लागि पानी मिल ३ वटा, डिजेल मिल १२ वटा र विद्युत् मिल ३ वटा रहेका छन् । यस गाउँपालिका भित्र ३ वटा साना लघु उद्योगहरु सञ्चालनमा रहेका छन् । वडा नं. ३ मा अदुवा प्रशोधन , वडा नं. ६ मा मान धागो उद्योग र अचार उद्योग । यी उद्योगहरुबाट ४ जना महिला र १० जना पुरुषले प्रत्यक्ष रुपमा रोजगारीको अवसर प्राप्त गरेको देखिन्छ ।

# चुरे गाँउपालिका र यस संग सम्वन्धित सरकारी निकाय तथा संघसंस्था



**तालिका ५: सेवा प्रदायक संस्थाको बिश्लेषण**

| सेवा प्रदायक निकायहरु, | संस्थाले प्रदान गर्ने सेवा तथा भुमिकाहरु | सम्भाव्य अनुकूलन सहयोग |
|---|---|---|
| गापा/वडा | बिकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह | लापा कार्यन्वयन |
| सामुदायिक स्वास्थ्य केन्द्र | स्वास्थ्य सम्बन्धी उपचार, सल्लाह, सुझाव | जनचेतना, नयाँनयाँ रोगको बारेमा सचेतीकरण |
| पशु सेवा शाखा | भ्याक्सीन सेवा, पशु चौपाया उपचार/परामर्श | पशु नश्ल सुधार, निशुल्क पशु सेवा, स्तर उन्नती |
| कृषि ज्ञान केन्द्र, कैलाली | सहुलियत दर वीउविजन वितरण | उन्नत वीउ व्यवस्था, कृषि तथा पशु सम्बन्धी तालिम, जैविक बिषादीको लागि सल्लाह सुझाव |
| प्रहरी कार्यलय | शान्ती सुरक्षा कायम र खोज उद्दार कार्यमा सहयोग | चोरी निकासी नियन्त्रण तथा विपद जोखिममा उद्धार तथा न्युनिकरणमा सहयोगग |
| डिभिजन वन कार्यलय | उपभोत्ताको माग अनुसार वन पैदावर आपूर्तिको सहयोग, प्राविधिक सहयोग | वृक्षारोपण, वन व्यवस्थापनका कार्यमा सहयोग |
| मालपोत, नापी शाखा, भूमिसुधार | जग्गा रजिस्टेसन, लालपुर्जा वितरण, रोक्का, फुकुवा | |
| विद्यालय | शैक्षिक सेवा केन्द्र | वतावरण शिक्षा प्रदान |
| विद्युत प्राधिकरण कार्यालय | विद्युत लाइन विस्तार | सस्तो सुलभ तरिकाले सिएफएल सहयोग |
| बैंक तथा बित्तिय संस्थाहरु | ऋण दिने बैकिङ्ग कारोवार, तालिम | सुलभ ब्याजमा ऋण प्रदान गर्ने, आयआर्जन सम्बन्धी तालिम |
| गैर सरकारी संस्थाहरु | निःशुल्क उपचार, अनाथलाई सहयोग, तरकारी बिऊ प्रदान , शुसासन सिकाई तथा कार्य केन्द्र, अनुकुलन योजना, आर्थिक र प्राविधिक रुपमा सहयोग गर्ने | जैविक विविधता संरक्षण, दिगो भू-परिथि व्यवस्थापन, वन संरक्षण क्षमतामा अभिवृद्धि, जिविकोपार्जन सम्बन्धी तालिम, अनुकुलनका कार्यक्रम संचालन |
| नेपाल रेडक्रस | राहात सामाग्री वितरण भाँडाकुडा/त्रिपाल/ वाटरगार्ड, पुर्व तयारी तथा क्षमता विकास | विपद जन्य घटना न्युनिकरणका लागि सहजिकरण, सामाग्री सहयोग गर्ने । |
| सामुदायिक वन उपभोक्ता समुह | काठ, दाउरा प्रदान, विपन्न वर्गमुखी कार्यक्रम संचालन, वन हेरालुलाई तालिम गोष्ठी तथा चाहिने सामाग्री वितरण, चोरी शिकारी नियन्त्रण दल गठन र परिचालन । | सुलभ मुल्यमा काठ, दाउरा प्रदान, आयआर्जन सम्वन्धी तालिम, जिविकापार्जनमा सहयोग, विपन्नवर्गमुखी कार्यक्रम अझ बढाउने/सुशानको काम गर्ने |
| सहकारी संस्था | बचत र कर्जा प्रवाह, ऋण उपलब्ध गराउने, आयआर्जन र वैकल्पीक उर्जा | वायोग्यास तथा गोबरग्यास सस्तो सुलभ मात्रामा बनाउन सहजिकरण |
| स्थानीय संचारकर्मी | सुचना, समाचार तथा सचेतना मुलक सन्देशहरु | सन्देस प्रसारण तथा समाचार संप्रेषण |

## १.११ ईन्धन उपयोग:

घरपरिवार सर्वेक्षण २०७५ अनुसार गाउँपालिकामा सवैभन्दा बढी ३७६३ घरपरिवारले दाउरालाई खाना पकाउने मुख्य इन्धनको रूपमा उपयोग गर्ने गर्दछन् । यसबाहेका अन्य इन्धनको उपयोग हेर्दा ७ घरपरिवारमा ग्यास(LPG) र ७ परिवारमा गोबर ग्यास उपयोग हुने गरेको देखिन्छ । यस क्षेत्रमा बत्तीको लागि उपयोग गरिने इन्धनको रुपमा बिद्युत, मट्टीतेल, सोलार लगायतका रहेका छन् । जस मध्ये सबै भन्दा बढी ३०६४ घरपरिवारले सोलार र ४९६ घरपरिवारले विद्युत् उपयोग गर्ने गरेको देखिन्छ ।

## १.१२ मौसम तथा जलवायू:

तराईको जलभण्डारण रुपमा पुर्वदेखि पश्चिम सम्म फैलिएको चुरे पर्वतमा विभिन्न नदी तथा खोलाहरुका मुहानहरु रहेका छन । अधिकाँश भूभाग जंगलले ढाकिएको हुनाले शितल हावापानी रहेको चुरे गाँउपालिका पनि जलावायु परिवर्तनका कारण वार्षिक तापक्रम वृद्धिदरको चपेटामा रहेको छ । पहिरो तथा वाढीका घटनाहरु वढन जान थालेका छन । तापक्रम र वर्षाको मात्रालाई

आधार मानेर नेपाल सरकार जल तथा मौसम विज्ञान विभागले २०७४ सालमा गरेको एक अध्ययन अनुसार नेपालको वार्षिक अधिकतम तापक्रम वृद्धि दर ०.०५६ सेन्टिग्रेड र न्युनतम तापक्रम वृद्धिदर ०.००२ डिग्री सेन्टीग्रेड रहेको छ। कैलाली जिल्लामा वार्षिक अधिकतम तापक्रम ०.०२३ डिग्रि सेन्टीग्रेडले वढ्दै गएको छ भने न्युनतम तापक्रम ०.०१६ डिग्री सेन्टीग्रेडले वढ्दै गइरहेको सो अध्ययनले देखाउछ । यसले गर्दा यस क्षेत्रको मौसम तथा जलवायु परिवर्तन को अवस्था पनि अन्यन्त्रको जस्तै रहेको छ ।

# परिच्छेद ३:
# अनूकूलन कार्ययोजना तयारी चरण तथा बिधिहरु

जलवायु परिवर्तन नविनतम विषयवस्तु भएकाले जलवायु परिवर्तनले पार्ने असर तथा प्रभावलाई सम्बोधन गर्नका लागि प्रभावकारी स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न जलवायुले के कस्तो असर पारेको छ, के कस्तो प्रभाव पार्न सक्दछ, अनुकूलनका विद्यमान अवसर वा चुनौती के के छन् र त्यसको सामना गर्नका लागि आवश्यक स्रोत र साधन कसरी जुटाउने आदि सूचना स्थानीयस्तरमा जानकारी गराउन तथा स्थानीय अनुकुलन योजना तयारी गर्ने क्रममा स्थानीय अनुकुलनय कार्यढाँचा २०७६ तथा विपद् व्यावस्थापन र जलवायु अनुकुलन योजाना सँग सम्वन्धीत विभिन्न विधिहरुको प्रयोग गरी जलवायु परिवर्तनका अवस्था, सवालहरुको तथ्यगत पहिचान तथा संवोधनका लागि समुदाय, स्थानीय, प्रदेश तथा संघिय सरकार, निजी क्षेत्र तथा सरोकारवालाहरुले गर्न सक्ने न्युनिकरण प्रयासहरुको विश्लेषण गरिएको छ ।

स्थानीय अनुकुलन योजना तयार गर्न संकटासन्नता तथा अनुकूलन मूल्याङ्कन तथा लेखाजोखाका लागि सामाजिक श्रोत, शक्ति तथा संकटासन्नता नक्सांकन, प्रकोप पात्रो, मौसमी पात्रो, बाली तथा वनस्पति पात्रो, ऐतिहासिक समय रेखा, जलवायु परिवर्तनको क्षेत्रगत प्रभाव, जीविकोपार्जनका स्रोत र प्रकोप विच अन्तर सम्वन्ध, जोखिम तथा अनुकूलनको बिश्लेषण, कार्यवोझ विश्लेषण र अनुकूलनका उपायहरुको प्राथमिकिकरण जस्ता औजारहरुको सहभागितामूलक प्रयोग गरिएको छ। यी औजारहरुको प्रयोग तथा विश्लेषण बाट आएका नतिजाहरु निम्नानुसार उल्लेख गरिएको छ ।

### ३.१ जलवायू परिवर्तन सम्वन्धि सचेतना तथा क्षमता अभिबृद्धिः

जलवायु परिवर्तन नविनतम विषयवस्तु भएकाले जलवायु परिवर्तनले पार्ने असर तथा प्रभावलाई सम्बोधन गर्नका लागि प्रभावकारी स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न जलवायुले के कस्तो असर पारेको छ, के कस्तो प्रभाव पार्न सक्दछ, अनुकूलनका विद्यमान अवसर वा चुनौती के के छन् र त्यसको सामना गर्नका लागि आवश्यक स्रोत र साधन कसरी जुटाउने आदि सूचना स्थानीय स्तरमा जानकारी गराउन समुदाय, वडा तथा बस्तीस्तरमा संकटासन्नटा तथा क्षमता बिश्लेषण योजना तर्जुमा तथा मस्यौदा छलफल गोष्ठि संचालन गरिएको थियो । सो कियाकलाप गाँउपालिका वडा तथा वस्ती र समुदायस्तरमा निम्न व्याक्तिहरु लाभान्वित भएका छन् ।

**तालिका ६:कार्यक्रम अनुसार उपस्थिति विवरण**

| क्र. स. | मिति | कार्यक्रम | स्थान | उपस्थिति विवरण | | | जातिगत विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म. | पु. | जम्मा | दलित | ज.जा | बाक्षेठ | जम्मा |
| १ | २०७८ माघ २८ | गाँउपालिका स्तरिय अनुशिक्षण | चुरे गाँउपालिका कार्यालय | १४ | २५ | ३९ | २ | ५ | ३२ | ३९ |
| २ | २०७८ माघ २९ | वडा स्तरिय अनुशिक्षण तथा योजना तर्जुमा | वडा नं. ६ | ४ | १२ | १६ | २ | ३ | ११ | १६ |
| ३ | २०७८ माघ २९ | वडा स्तरिय अनुशिक्षण तथा योजना तर्जुमा | वडा नं. १ | ६ | ८ | १४ | २ | २ | १० | १४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | २०७८ माघ ३० | वडा स्तरिय अनुशिक्षण तथा योजना तर्जुमा | वडा नं. ५ | ८ | ११ | १९ | १ | ४ | १४ | १९ |
| ५ | २०७८ फाल्गूण १ | वडा स्तरिय अनुशिक्षण तथा योजना तर्जुमा | वडा नं. ३ | १ | १० | ११ | २ | ० | ९ | ११ |
| ६ | २०७८ फाल्गूण ३० | वडा स्तरिय अनुशिक्षण तथा योजना तर्जुमा | वडा नं. ४ | २ | ६ | ८ | १ | १ | ६ | ८ |
| ७ | २०७८ फाल्गूण ९ | सा.व. वैठक | गौडेथलि सा.व. | ३ | ७ | १० | ० | ३ | ७ | १० |
| ८ | २०७८ फाल्गूण १५ | स्वास्थ्य समुह | वडा फल्टुडे | २३ | ० | २३ | १२ | २ | ९ | २३ |
| ९ | २०७८ फाल्गूण २३ | महिला वचत समुह | भक्तपुर | २९ | ० | २९ | ७ | ७ | १५ | २९ |
| १० | २०७८ चैत्र २ | सामुदायिक वन | चुरे सा.व | १२ | १३ | २५ | ३ | ० | २२ | २५ |
| ११ | २०७८ चैत्र ६ | कृषक समुह | लिस्वेली | ७ | १६ | २३ | ० | ० | २३ | २३ |
| १२ | २०७८ चैत्र १५ | आमा समुह | वगैचुला | २८ | १ | २९ | १७ | ४ | ८ | २९ |
| जम्मा | | | | १३७ | १०९ | २४६ | ४९ | ३१ | १६६ | २४६ |

**संक्षेपः बाक्षेठ (बाहुन, क्षेत्री र ठकुरी)**

सचेतना कार्यक्रममा सङ्कटासन्न समुदाय, स्थानीय निकाय तथा स्थानीय सरकार प्रतिनिधी, शैक्षिक एवं सेवा प्रदायक संघ-संस्था, विज्ञ, दलित, जनजाति, किसान, युवा र सर्वसाधारणलाई सहभागी गरिएको थियो । सचेतना अभिवृद्धि कार्यक्रमको लागि जलवायु परिवर्तन सम्बन्धि पावरप्वाईन्ट मा प्रस्तुति, फ्लेक्स चार्ट, सामुहिक छलफल, लघुप्रवचन, सामुहिक कार्य जस्ता प्रशिक्षण बिधिको प्रयोग गरिएको थियो ।

## ३.२ तापक्रम र बर्षाको तथ्यांक बिश्लेषण(Climate profile)

विगत (सन् १९७१ देखि २०१४ सम्म) को तापक्रम र वर्षाको मात्रालाई आधार मानेर नेपाल सरकार जल तथा मौसम विज्ञान विभागले २०७४ सालमा गरेको एक अध्ययन अनुसार नेपालको वार्षिक अधिकतम तापक्रम वृद्धि दर ०.०५६ सेन्टिग्रेड र न्युनतम तापक्रम वृद्धिदर ०.००२ डिग्री सेन्टीग्रेड रहेको छ । कैलाली जिल्लामा वार्षिक अधिकतम तापक्रम ०.०२३ डिग्रि सेन्टीग्रेड ले वढ्दै गएको छ भने न्युनतम तापक्रम ०.०१६ डिग्री सेन्टीग्रेड ले वढ्दै गइरहेको सो अध्ययनले देखाउछ । यसै गरी तातो मौसमका दिनहरु एवं रातहरु पनि वढ्दै गईरहेको साथै कैलाली जिल्लामा वर्षा हुने दिनहरु वढ्दै गएको अध्ययनले देखाउँछ । धनगढी (अत्तरिया) केन्द्रको सन १९९१ देखि २०२० सम्मको तापक्रम तथा वर्षाको अध्ययन गर्दा औषत वार्षिक तापक्रम बृद्धि ०.०१९ डिग्री सेल्सीयस तथा औष वार्षिक वृद्धिदर –१.०७ मिलिमिटर रहेको छ । समग्र वार्षिक वर्षा दर घटेता पनि वर्षायामको वर्षादर भने केहि मात्रामा (०.०२ मि.मि. प्रति वर्ष) वढेको देखिन्छ । यसरी हेर्दा वर्खामा पानी पर्ने मात्रामा बढोत्तरी भएको देखिन्छ जसले गर्दा बाढी र पहिरोको घटनामा तिव्रता आउन सक्ने आँकलन गर्न सकिन्छ । उपलब्ध तथ्याकलाई हेर्दा वार्षिक औसत न्युनतम तापक्रम घट्दो क्रममा (०.०२२ डि.से.प्रतिवर्ष) रहेको देखिन्छ भने वार्षिक औसत अधिकतम तापक्रम भने प्रतिवर्ष ०.०१५ डि.से. बढेको देखिन्छ ।

**धनगढी (अत्तरिया) केन्द्रको वार्षिक तापक्रम**







**श्रोत : जल तथा मौसम विज्ञान विभाग, काठमाण्डौं**

### ३.३ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन (Power Map)

स्थानीय अनुकुलन योजना तयारीका क्रममा चुरे गाँउपालिकाको प्रत्येक वडा तथा विभिन्न समुदाय र वस्तीमा छलफल गरि तथ्याँकहरु संकलन तथा विश्लेषण गरिएको हो । यसै सन्दर्भमा वडास्तरिय छलफलका क्रममा वडाको श्रोतहरुको पहिचान गरि संकटासन्नता तथा जोखिम क्षेत्र, गरीवी तथा वजार क्षेत्र, प्राकृतिक तथा सांस्कृतिक श्रोतहरुको चित्रित गर्न यो सामाजिक श्रोत/शक्ति नक्शांकन विधिको प्रयोग गरि वडास्तरिय सामाजिक श्रोत तथा शक्ति नक्शा तयार गरिएको छ । यी नक्शाहरु

सहभागितामूलक तरिकाले तयार गरिएको हो । नक्सामा जोखिम र जोखिम प्रभावित हुनसक्ने वस्ती तथा समुदाय लगायत वडाका श्रोत, सम्पन्नता र पहुँचको अवस्था देखाइएको छ ।

पालिकामा भएको ६ वटै वडाहरु का वडास्तरिय जनप्रतिनिधी, कर्मचारी, सामुदायिक संस्थाका प्रतिनिधी तथा स्थानीय शिक्षक, वुद्धिजिवी, जानकार व्याक्तिहरुको सहयोगमा समुदायमा नै यो नंक्शांकन गरिएको हो । यस प्रक्रियामा सामेल भएका सवैलाई अनुकुलन योजनाका सम्वन्धमा जानकारी गराईएको छ र यसवाट समुदाय, जनप्रतिनिधी, शिक्षक, वुद्धिजिवी तथा स्थानीयहरुमा स्थानीय अनुकुलन योजना प्रति अपनत्व विकास भएको छ ।

**वडा स्तरिय तथा वडागत सामाजिक श्रोत तथा शक्ति नक्शा**

**वडा नं. १**




**वडा नं. २**



**वडा नं.३**



**वडा नं. ४**



**कमशः**

| वार्ड नं. ५ | वार्ड नं.६ |
|---|---|
|  |  |





## ३.४ जोखिम वडा तथा बस्ती पहिचान तथा स्तरिकरण:

यस गाँउपालिकामा भएका टोल तथा वस्तीहरुको जोखिमको आधारमा वडाहरुको संकटासन्नतालाई आधार मानी निम्न वमोजिम ६ वटा वडाहरुको स्तरिकरण गरिएको छ । यस गाँउपालिका भित्रका विभिन्न वस्तीहरुमा भएका जोखिम पहिचान गरिएको र विभिन्न प्रकोपको असरलाई मध्यनजर गर्दै जोखिमका आधारमा वडा तथा बस्तीहरुको स्तरिकरण गर्न यो विधि प्रयोग गरिएको हो । जोखिम र विपद्को प्रभावको आधारमा चुरे गाउपालिकाको वडाहरुको स्तरिकण तालिका नं. ७ र बस्तीहरुको स्तरिकण तालिका नं. ९ मा उल्लेख गरिएको छ-

**तालिका ७: जोखिम अनुसार वडा स्तरिकरण**

| वडा नं. | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ |
|---|---|---|---|---|---|---|
| वडा नं १ | | वडा नं १ | वडा नं १ | वडा नं १ | वडा नं ५ | वडा नं ६ |
| वडा नं २ | | | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ |
| वडा नं ३ | | | | वडा नं ४ | वडा नं ५ | वडा नं ६ |
| वडा नं ४ | | | | | वडा नं ५ | वडा नं ६ |
| वडा नं ५ | | | | | | वडा नं ६ |
| वडा नं ६ | | | | | | |
| **प्राप्त अंक** | ४ | १ | २ | ३ | ५ | ६ |
| **स्तर** | **III** | **VI** | **V** | **IV** | **II** | **I** |

यस विधिको प्रयोगबाट आएको वस्तीहरुको स्तरिकण वा प्राथमिकिकरण ऐतिहासिक घटनाक्रम तथा प्रकोप नंक्शाकनबाट पहिचान गरिएका यस वडामा रहेका विभिन्न जलवायुजन्य प्रकोपहरुले वस्तीहरु मध्ये सबैभन्दा बढी असर तथा प्रभाव पारेको वस्ती  कुन हो भनी स्तरीकरण गर्दै विश्लेषण गरिएको थियो । यस विश्लेषण सँगै प्राथमिकिकरण लाई पुष्ट्याइ गर्ने आधारहरु समेत छलफल गरिएको हो । यस विश्लेषणवाट चुरे गाँउपालिकाको जोखिमको हिसावले वडा नं. ६ पहिलो नं.मा रहेको यसैगरी वडा नं. ५, वडा नं. १, वडा नं. ४, वडा नं. ३ र वडा नं. २ क्रमश जोखिममा रहेको पाईन्छ ।

**तालिका नं. ९: बस्ती पहिचान तथा जोखिम बिश्लेषण**

| वडा नं. वस्ती | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ |
|---|---|---|---|---|---|---|
| **पहिलो** | चोट्टे | च्युरेगडा | बसर | भासु | पट्रेनी | मजार |
| **दोश्रो** | सायल, भासु | खैराला, छड खोला | भक्तपुर | रानी भुकडा | गणी | कुमैना |
| **तेश्रो** | मलवास | विनकुणी, नौघरे टोल | मत्स्य | गजारी | गोपाले | मल्लो ढुंगेनी |
| **चौथो** | मिलनपुर | तिल्केनी ढाँकगडा | हल्दाली | चौडेथला | मौरी | तल्लो ढुंगेनी |
| **पांचौ** | रिटठेखोला | हल्डानी | आमथला | जकाती | देउराली | वयला गढी |

| वडा नं. वस्ती | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ |
|---|---|---|---|---|---|---|
| अन्य | ओझ्रेना, केलेगडा खानी, अलाड, मिलनपुर, दालढुंगा काप्रा,घाडेथर, बुंगा,,घरखेडा | बुडीभिड, हिंजिरे सिमलि,सल्लेखोला, राताखाली, तुर्रेगडा, देसना कैनपानी डोवरे | सुनारी, काफलगैरा, सल्लेवुगां, सेरा,झिमथला, भावर,सहजपुर | बजुरमारे, ठुलोवन, गाजरी, वन्द्वार, खारेपानी, दरवार, निउरेसैन, पाहाडी, घरकाजारा, मुलेसाटा, न्युडाल, टुनिखाल,तामेगर्भा, बैसेनी, बाटेगडा | निगंलाडी, खानीडाँडा, माल, लिसवेली, | तितरे गोजना, नुनेडाँडा, चित्रे विसाउने |

## ३.५ प्रकोप स्तरिकरणः

चुरे गाँउपालिकामा भएका प्रमुख प्रकोपहरु पहिचान गरी छलफलमा जोडागत रुपमा प्रकोपका स्तरीकरण गर्नका लागि यो विधि तयार गरिएको हो । यस गाँउपालिकामा पहिचान भएका विभिन्न प्रकोपहरुलाइ वारम्वारताका आधारमा, क्षतिका आधारमा तथा वढी जोखिम तथा प्रभावका आधारमा प्राथमिकिरण गरिएको छ । पहिरो, वाढी, हावाहुरी, कृषि तथा पशुमा रोग, आगलागि, महामारी, छाडाचौपाय, वन्यजन्तुको आक्रमण, तुषारो, सडक दुर्घटना, सर्पदँश तथा चटयागं जस्ता प्रकोपहरुको पहिचान गरिएको छ । यस गाँउपालिकामा भएका प्रमुख प्रकोपहरु अधिकाँश वर्षादको समयमा हुने गर्दछ । वर्षादको समयमा स्थानीय नदी नालाहरुमा वाढी आउने पहिरो जाने कटान हुने गर्दछ । पहिरो, वाढी, कटान डुवान तथा सर्पदँशको प्रकोप विशेष गरी वर्षायाममा हुने गर्दछ । हिँउदमा तुषारो पर्ने गर्दछ भने आगालागि हावाहुरी फाल्गुण चैत्र तथा वैशाखमा वढी हुने गर्दछ । चट्याङ्ग जेष्ठ आषाढ तथा चैत्रमा हुने गर्दछ । भुकम्प, रोग माहामारी, वन्यजन्तु, छाडा चौपाय तथा सडक दुर्घटना भने जुनसुकै समयमा पनि हुने  गर्दछ ।

**तालिका १०: प्रकोप पहिचान तथा स्तरिकरण**

| प्रकोप | बाढी | पहिरो | आगलागि | हावाहुरी | चटयाङ्ग | असिना | वन्यजन्तु | तुषारो | स. दुर्घटना | माहामारी | कृषिरोग | पशुरोग |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | पहिरो | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| पहिरो | | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| आगलागि | | | | आगलागि | आगलागि | असिना | वन्यजन्तु | आगलागि | आगलागि | आगलागि | कृषिरोग | आगलागि |
| हावाहुरी | | | | | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी |
| चटयाङ्ग | | | | | | असिना | वन्यजन्तु | तुषारो | स. दुर्घटना | माहामारी | कृषिरोग | पशुरोग |
| असिना | | | | | | | असिना | तुषारो | स. दुर्घटना | माहामारी | कृषिरोग | पशुरोग |
| वन्यजन्तु | | | | | | | | वन्यजन्तु | वन्यजन्तु | माहामारी | कृषिरोग | वन्यजन्तु |
| तुषारो | | | | | | | | | तुषारो | माहामारी | कृषिरोग | पशुरोग |
| स.दुर्घटना | | | | | | | | | | माहामारी | कृषिरोग | पशुरोग |
| माहामारी | | | | | | | | | | | माहामारी | पशुरोग |
| कृषिरोग | | | | | | | | | | | | कृषिरोग |
| पशु रोग | | | | | | | | | | | | |
| जम्मा अङ्क | ११ | १२ | ७ | ९ | १ | ३ | ६ | ४ | ३ | ७ | ८ | ६ |
| स्तर | II | I | V | III | XII | X | VII | IX | XI | VI | IV | VIII |

जोडागत रुपमा गरिएको यस विश्लेषणवाट यस गांउपालिकामा पहिरो तथा वाढीको प्रकोप सवैभन्दा वढी रहेको र पहिचान भएका प्रकोप मध्ये चट्यागंको कम प्रकोप रहेको देखिन्छ ।

## ३.६ ऐतिहासिक समय रेखाः

यस गाँउपालिकामा भएका प्रकोपको पहिचान भई सकेपछि स्थानीय अनुकुलन कार्ययोजना तयारीको क्रममा विगत ३० वर्ष वा सेरोफेरोको अन्तरालमा घटेका विभिन्न प्रकोपहरुबारे गाउँका जेष्ठ नागरीक, वुद्धिजिवी तथा जानिफकारहरुसँग छलफल गरी ऐतिहासिक समय रेखा तयार गरिएको हो । ऐतिहासिक समयरेखा तयार गर्ने क्रममा छलफल गरी विभिन्न समय र स्थानमा घटेका  प्रकोपहरु लाई समाबेश गरीएको छ । यस विधिमा जलवायुजन्य घटना बारे छलफल गर्नुका साथै त्यस घटनाको असर र समुदायले त्यस घटनासँग जुध्नका लागि गरेको प्रयास तथा उक्त परिस्थितिमा विभिन्न संघ संस्था र सरकारी

निकायहरुबाट पाएको सहयोगको बारेमा छलफल गरीएको थियो । यसबाट जलवायु परिवर्तनको सम्बन्धमा स्थानीय बासिन्दाहरुको अनुभव र प्रकोपसँग जुध्न सक्ने क्षमताको बारेमा जानकारी हासिल गरीएको थियो ।

**तालिका ११: चुरे गाउपालिकाको प्रकोपको ऐतिहासिक घटनाक्रम**

| प्रकोप | साल र महिना | वारम्वारता पटक) | स्थान (वस्ती तथा समुदाय) | असर तथा प्रभाव | सम्भावित प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| पहिरो | २०६० साल | १० पटक | वैशान, पालडी | ६ घरधुरी विस्थापीत | वस्तीहरु विस्थापित हुने, जमिन कटान भई क्षति हुन सक्ने, सिंचाइ, कुलो विद्युतको पोल तथा वाटो भत्केर क्षति भैरहने अन्नवाली तथा पशुधन, सिंचाइ, कुलो विद्युतको पोल तथा वाटो भत्केर क्षति भैरहने घरधुरी हरु जोखिममा रहेका विस्थापित हुन सक्ने | वृक्षारोपण, तटवन्ध गरेका तर क्षति भईरहेको |
| | २०६५ श्रावण | | किचान र चाट्टे | जनजागृति विद्यालय पुर्ण क्षति, खेतीयोग्य जमिन क्षति, | | |
| | २०६५ श्रावण | | मिलनपुर र किम्तोला,हर्रगडा , सेरेघाट रिटठेखोला | मिलनपुर विद्यालय, खेतियोग्य जमिन क्षति | | |
| | २०६८ श्रावण | | किचान, सायल, चोटटे, मिलनपुर | खेतियोग्य जमिन वगाएको | | |
| | २०७३ आषाढ | | किचान, सायल, चोटटे, मिलनपु | खेतियोग्य जमिन वगाएको | | |
| | २०४५ सालदेखि २०४८ सम्म | | सल्लेखोला, | गाँउको ढिक गएको, जमिन वगेको | | |
| | | | रातमाटे | ठुलीगाडले जमिन क्षति गरेको | | |
| | | | राताखाली | पहिरोले कुलो सिंचाइ, वुर्रेगडा सिंचाइकुलो भत्काएको, | | |
| | | | डौंठेगडा | भित्तावाट पहिरो आइ वस्तीको जग्गा पुरेको | | |
| | | | कर्कले खोला तथा डुणखोला | भीरखोल्साले कुलो वगाउने तथा पुर्ने गरेको, | | |
| | | | डुणखोला | लाल वहादुर लामाको जग्गाको ढिक गएको, ३ रोपनी जग्गा वगाएके, वाली नोक्सानी गरेको । | | |
| | | | मल्लो तल्लो किचान ढिक | माथीवाट पहिरो आउने र तलवाट ढिक काटने भएको ले चक्र साँउद, तारासिं साउँद, गगन व साँउद, मिन वहादुर साँउदको जमिन कटान तथा घरमा क्षति | | |
| | २०७२ | | बैशानखेत, पाखिर | १५० रोपनी खेत नोक्सान | | |
| | २०७७ | | खैरला, स्कुलमुनी | केदारेश्वर आ.वि. जोखिममा, खडक वहादुर साउँदको जमिन कटान भएको | | |
| | २०४८ भदौ | | खैरालाको च्युरेगडा | वर्षेनी हुने माथीवाट पहिरोले पेलेर तथा तलवाट खैरला खोलाले कटान गरी ४ घरधुरी विस्तापित | | |
| | २०५४ र २०६४ | | तिल्केनी, नौघरे | खेतियोग्य जमिन वालुवाले पुरेको वाँझो भएको | | |
| | २०७२ | | नैघरे , ढाँकगडा | खेतियोग्य जमिन वालुवाले पुरेको वाँझो भएको | | |
| | २०७७ | | सल्लेखोला, ढिकखोला | खेती तथा अन्नवाली पुरेको | | |

| प्रकोप | साल र महिना | वारम्वारता पटक) | स्थान (वस्ती तथा समुदाय) | असर तथा प्रभाव | सम्भावित प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| | २०७८ | | वुढिभड, रातमाटे, वसन्तपुर, कणगिरी | नर वहादुर, प्रकाश, को घर चर्केको, तिल्केनी नौघरे वारी भत्केको, ढाँकगडा पहिरो गएके,रातीमाटेमा ठुलीगाँडले कटान गरेको | | |
| | २०७७ | | देशानटोल डोवरे, वसन्तपुर, खैरला | वेताल प्रा.वि. भत्केको, डोवरेको तल्लो भेगमा सुन्तला नष्ट गरेको, अमिलावारी नष्ट गरेको,खैरलामा उत्तमकुवँरको वारी वगाएको, वीर वहादुर साँउदको ढिक गएको आपखेती वगाएको तथा वस्तीका अन्नवाली नोक्सान गरेको | | |
| | २०२५ भाद्र | | डुगेंनी` | घर पुरिएको १० रोपनी जमिन वगाएको | | |
| | २०२८ श्रावण | | वयाला, मेलकटटी | स्कुल आँशिक क्षती, ७ घरको ६० रोपनी जग्गगा पुरिएको | | |
| | २०३८ भाद्र | | गजार,मल्लोगाँउजेना, तितरा,कुमैना | खेतियोग्य जमिन वगाएको | | |
| | २०६५ | | फल्टुडे, चित्रपुर, ढुगेंनी | ४ वटा पसल क्षति भएको ३५ परिवार विस्तापित भएका, साथै २०० रोपनी खेतियोग्य जमिन पुरिएको, गजार क्षेत्रको वगडीको स्कुल पुरिएको, चित्रपुरमा ५० रोपनी खोतियोग्य जमिन क्षति | | |
| | २०७७ श्रावण | | गोरडे, वग्रेडी, गुजना, तितरी, | १२५ घर विस्तापित, १२०० रोपनी खेतियोग्य जमिन नोक्सान | | |
| | २०५४ भाद्र | | पट्रेनी | वस्ती पुरै विस्तापित, २१ घर क्षति, १२० रोपनी जमिन नोक्सानी | | |
| | २०५२ | | मौरी | १० रोपनी खेतियोग्य जमिन क्षति | | |
| | २०२९ | | माल, गैरी खेत, सिमल गैरा | १५ रोपनी जग्गा क्षति | | |
| | २०६६ भाद्र | | जलजला, निगंलाडी | जलजलामा ३ परिवार विस्तापित, ५० रोपनी खेतियोग्ग्य जग्ग्गा क्षति, निग्लाडीमा ४ परिवार विस्तापित | | |
| | २०७६ | | गुणी,पट्रेनी,जमुनेगडा, पौलिया,रौता, चुरे | गुणीमा ८ घर नोक्सान,पुरै गाँउ विस्तापित,१०० रोपनी जमिन नोक्सान, पट्रेनीमा ३२ घर विस्तापित,२५० रोपनी जमिन क्षति | | |
| | २०७८ भदौ | | कुटि, गोपाले, माल, काफल गैरा | ६ घरपरिवार जोखिम ३५ रोपनी जमिन क्षती, गोपालेमा १२ घरधुरी मध्य ५ पुर्ण नोक्सान, जोखिममा ,१० रोपनी जमिन क्षति, माल मा ५ घर जोखिम, काफल गैरा १५ घर विस्थापित, पशु चौपाय समेत क्षति | | |

| प्रकोप | साल र महिना | वारम्वारता पटक) | स्थान (वस्ती तथा समुदाय) | असर तथा प्रभाव | सम्भावित प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| | २०७८ कार्तिक | | गाँउ भासु, भुल्केपानी, निंग्लाडी, देउराली, माल, खानीडाँडा, लिस्वेली, सालघारी, लोसे, निमाडा | गाँउ भासुको १५ घर जोखिममा, २ वटा खानेपानी ट्यांकीतथा सोलार प्यान जोखिममा,१२ रोपनी जमिन वगाएको, निंग्लाडी देउरालीमा १,१ घर पुर्ण क्षति, खानीडाँडा १० घर जोखिममा रहेका,सालघारीमा सिंचाइ ट्यांकी जोखिममा, निमाडामा ३ घर चर्किएको | | |
| | २०७७ भाद्र | | राजवन | वाटो भत्किएको ८ घर क्षति र सवै टोल वस्ती जोखिममा | | |
| | २०१८ | | भक्तपुर पल्लो टोल, भक्तपुर, | रंग वहादुर साँउदको गोठ पुरिएको तथा अम्मर वहादुर साँउदको गाईवाखा मरेको | | |
| | २०४० | | भक्तपुर पल्लो टोल, भक्तपुर, | भक्तपुरको तल्लो पल्लो टोल नदीले कटान गरेको घरहरु चकैका | | |
| | २०६८ | | भक्तपुर, रापट्यानी, कत्रेनी | दत्त सिं,रनसिं, लालवहादुर गगनसिं, विर वहादुर श्रीनाथको गरी १५ रोपनी जग्गा वगेको | | |
| | २०७८ आश्विन | | भक्तपुर | अमरवोहरा, दिल व.भाट, लाल व, टेक वहादुर वोहराको १५ रोपनी जगगा पुरेको धान वाली नोक्सान | | |
| | २०६२ | | कुर्लेवण्ड, रानी भुगडा, वाटेगडा, चावलेगडा | रानी भुगडामा माथिवाट पहिरो आई वस्ती जोखिमा रहेको, कुर्लेवण्डमा माथी तथा तलवाट पहिरो आएको ५० रोपनी जगा कटान | | |
| | २०७७ | | सैंन, रानी भुगडा, जकाति | पदम वहादुर गुरुगंको घर विस्थापित, २५ रोपनी जगा वगाएको, कुलो विगारेको । | | |
| वाढी | २०१८ | ५ | मत्स्य, पियाले खोला | सिंचाइ कुलो भत्काएको | सिंचाइ, कुलो विद्युतको पोल तथा वाटो भत्केर क्षति भैरहने अन्नवाली तथा पशुधन, सिंचाइ, कुलो विद्युतको पोल तथा वाटो भत्केर क्षति भैरहने घरधुरी हरु जोखिममा रहेका विस्थापित हुन सक्ने | वृक्षारोपण, तटवन्ध गरेका तर क्षति भईरहेका |
| | २०४० | | मत्स्य, पियाले खोला | घर स्कुलको तटवन्ध वगाएको, शान्ती गाँउमा डर त्रास रहिरहेको | | |
| | २०५९ | | मत्स्य | | | |
| | २०६५ | | मत्स्य | | | |
| | २०६५ असोज | १ | मत्स्य | डम्मर साउँदको भैसी वगाएको | | |
| | २०५६ श्रावण | १ | मत्स्य, पियाले खोला | दिल वहादुर वोहोराको २ गाइ, गोपाल साँउदको १ गाई र ५ वाखा तथा नवराज विक को ३ वटा गाई वगाएको | | |
| | २०६८असोज | १ | मत्स्य, पियाले खोला | काटेको धान ८० प्रतिशत वगाएको | | |
| | वर्षेनी | | वागेंखोला, चौडेथला, वाहुनखेत, खारेपानी | खेत कटान गर्ने वाली नोक्सान गर्ने | | |
| | वर्षेनी | | जकाति, मल्लो भुजे, चिल्लेवाझ | वाटेगडा मा विद्यालय कटान, वालुवा गडामा ५० रोपनी जमिन कटान, मल्लो भुजेमा ३५ रोपनी जग्गा भासिएको | | |

| प्रकोप | साल र महिना | वारम्वारता पटक) | स्थान (वस्ती तथा समुदाय) | असर तथा प्रभाव | सम्भावित प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| हावाहुरी | हरेक वर्ष | निरन्तर | वडा नं. ६ | हरेक वर्ष विद्यालय तथा घरको छाना हरु उडाउने | खरको छाना, जस्ताका छाना भएका घरहरु तथा विद्यालयहरु जोखिममा रहने, | सुरक्षित वनाउने प्रयास गरिरहेका |
| | हरेक वर्ष | | वडा नं. ५ | हरेक वर्ष फलफुलमा नोक्सानी, घरका छानाहरु उडाउने | | |
| | प्रत्येक वर्ष | | वडा नं ४ | घरको छान उडाउने, मकैवाली क्षति पुऱ्याउने, फलफुलको फुल छडाउने, वोटविरुवाहरु टुटने | | |
| | प्रत्येक वर्ष | | वस्ती , वडा तथा पालिकाभरि नै | घरको छान उडाउने, मकैवाली क्षति पुऱ्याउने, फलफुलको फुल छडाउने, वोटविरुवाहरु भाँचिने । | | |
| सुख्खा खडेरी | हरेक वर्ष | निरन्तर | वडानं ६ का बतीहरु | हरेक वर्ष खडेरीका कारण वालीनालीमा नोक्सानी | वालीनाली नोक्सान भई गरिवी वढन जाने | सिंचाई सुविधा पुऱ्याउने प्रयास गरिरहेको |
| | हरेक वर्ष | निरन्तर | वडानं ५ का वस्तीहरु | हरेक वर्ष खडेरीका कारण वालीनालीमा नोक्सानी | | |
| आगलागि | २०७७ | २ | वडा नं. ६ | दल वहादुर कार्किको घर पुर्ण क्षति, जित वहादुर सार्कीको घरको छाना जलेको, वयालामा घर पूर्ण क्षति भएको | वनजंगल नोक्सानी भई जैविक विविधता नोक्सान हुने | सचेतना, सुचना |
| | २०७७ चैत्र | निरन्तर | माल | १ गोठ र १ भान्साघर जलेको,जंगल नोक्सानी भएको | | |
| | २०७० | निरन्तर | माल | मानिस जलेर घाइते भएको,१ गोठ पुर्ण क्षति | | |
| | २०५५ | निरन्तर | खानीडाँडा | १ गोठ जलि २० वाखाहरु मरेको | | |
| | २०७३ | निरन्तर | माल, लोसे | मालमा १ गोठ र २ वाखा जलेको र लोसेमा २ गाई मरेको ,गोठ जलेको | | |
| | २०७१ | निरन्तर | गुणी | १ गोठ र ३ गाई जलेको | | |
| | २०७३ | निरन्तर | वडा नं ४ का वस्तीहरु | सामुदायिक जंगल तथा निजी जंगलमा पात झरेर आगलागि हुने | | |
| रोग किरा | वर्षेनी | निरन्तर | सुन्तला फल्ने स्थानमा | ग्रिन भाइरसले सुन्तलामा पात पहेलो हुने फल नलाग्ने, जरा कुहिने | वोट विरुवा नष्ट हुने | औषधी प्रयोग गरेको तर पुन देखिने |
| | वर्षेनी | निरन्तर | पालिकाका सुन्तला खेति भएको क्षेत्र भित्र | तरकारी वालीहरुमा विभिन्न रोगहरु लागि उत्पादनमा कमि हुने | | |
| सडक दुर्घटना | सडक विस्तार संगै | निरन्तर | सडक भएका स्थानहरुमा | मानविय क्षति हुने , घाईते तथा चोटपटक लागि व्याक्ति स्वँय तथा पारिवार तथा छिमिकमा समेत तनाव सिर्जना हुने | यातायातका साधनको संख्यामा वृद्धि हुदै जानु, नियम उल्लँघन गरेर सवारी चलाउदा क्षति तथा घटना हरु वढन सक्ने | सचेतना, सुचना |
| मिचाहा प्रजाति | १० वर्षदेखी | निरन्तर | वसन्तपुर,सोखान, केदार | वन तथा सडक ढाकेको | पुरै जमिन तथा | उखेलेर जलाउने |

| प्रकोप | साल र महिना | वारम्वारता पटक) | स्थान (वस्ती तथा समुदाय) | असर तथा प्रभाव | सम्भावित प्रबृत्ति, असर तथा प्रभावहरु | समुदायको प्रयास |
|---|---|---|---|---|---|---|
| | २०६८ सालदेखि | निरन्तर | सहजपुर, भक्तपुर, मत्स्य, मस्टा तथा गाँउपालिका वस्तीहरुमा | खेतिपाती हुन नपाउने, जति निर्मुल गर्न खोजेपनि नहुने , उत्पादनमुलक वालीनालीमा नोक्सानी | खेनिवाली नष्टगरी उत्पादन नहुने, भोकमरी ल्याउने | प्रयास गरेको तर नियन्त्रणमा नआएको |
| वन्यजन्तु | २०६० | निरन्तर | ६ नं. वडा का जंगल नजिकका वस्तीहरु | खेतिवाली नोक्सानी गर्ने गरेका | जंगली जनावरवाट वाली नाली तथा पशुधनमा भएको क्षतिले गरिवि वढन सक्ने तथा मानविय क्षति हुन सक्ने | धपाउने |
| | वर्षेनी | निरन्तर | ५ नं. वडाक वस्तीहरुमा | वर्षेनी खेतिवाली नोक्सनी, स्यालले वाखाका पाठा हरु खाने | | |
| | वर्षेनी | निरन्तर | वडानं. ४ का जंगल नजिकका वस्तीहरु | वाँदर ले दिनमा खेतिवाली नोक्सानी , दुम्सी स्याल तथा वदेलले रातीमा नोक्सानी गर्ने | | |
| | वर्षेनी | निरन्तर | वडा नं. २ को वसन्तपुर | वदेल, वाँदर ले मकै धान, कोदो, पिडालु, आलु, गहुँ, केरा, वा सिजन अनुसार को वाली नोक्सानी गर्ने | | |
| | २०७८ | निरन्तर | खडका, सुनारी, मत्स्य, भक्तपुर, | वाघले मान व.टमट्टाको गाई १,छविलाल वोहरा र दिपक वि.क.को वाखा १, १ वटा खाएकाके | | |
| सर्पदंश | २०४९ भाद्र | १ | वडा नं. २ खैरला | टेक वहादुर लामाको छोरी वितेको | खेतिवारीमा काम गर्दा, जंगल जादा थप घटना घटन सक्ने | उपचारका लागि अस्पताल पठाउने |
| | २०६५ जेठ | १ | वडा नं. २ देशान | पदम वहादुर साँउदको भाउजुको हात काटेर फालेको | | |
| असिना | २०६४ वैशाख | २ पटक | वडा नं. २ का पुरै वस्ती | ५०० रोपनी अन्नवाली २ नं वडा पुरै नोक्सान भएको | अन्वाली तथा फलफल खेति नोक्सानी हुन सक्न् | छैन |
| | २०६८ असोज | १ पटक | वडा नं. २ का पुरै वस्ती | ५०० रोपनी धानवाली २ नं वडा पुरै नोक्सान भएको | | |
| | २०५८ | २ पटक | वडा नं. २ का पुरै वस्ती | ५०० रोपनी अन्नवाली २ नं वडा पुरै नोक्सान भएको | | |
| | हरेक वर्ष | वर्षेनी | वडा नं. ४ का वस्तीहरु | हरेक वर्ष आउने कुनै न कुनै खेतिपाती नोक्सानी गर्ने | | |
| | २०७० | ४ पटक | अलाड, घरखेडा, घोडेथर, ओकेना, पालडी, पाखिर | सुन्तला खेति नोक्सानी , वालीनाली नोक्सानी भई आर्थिक क्षति | | |
| | २०७४ | | | | | |
| | २०७७ | | | | | |
| | २०४२ | २ पटक | भक्तपुर तथा वडा भरिनै | वाली नाली पुर्णरुपमा नोक्सान गरेको कालो रंगको असिना परेको | | |
| | २०५३ | | भक्तपुर तथा वडा भरिनै | धानवाली नोक्सानी तथा सुन्तलाखेति नोक्सान गरेको | | |
| चटयाङ्ग | २०७२ | | लोसे | ५ वटा वाखा मरेको, | थप मानविय तथा आर्थिक क्षति हुन सक्ने | छैन |
| | २०७० | | निगंलाडी | जंगमा चरनमा रहेका १९ खसी मरेका, १ जना घाईते भएको | | |
| | वर्षेनी | | गाँउपालिका का अग्ला स्थानहरुमा | डर त्रास फैलने | | |

### ३.७ प्रकोप पात्रो:

गाँउपालिकामा पहिचान भएका विभिन्न प्रकोपहरुको पहिले २५-३० वर्ष वा सो भन्दा पहिले र अहिले को समयमा असर प्रभावको आधारमा स्थानीय व्यक्तिहरु मार्फत समुहमा समय पहिचान गर्नका लागि यो विधि प्रयोग गरिएको हो । यस विधिवाट प्रकोपको पहिले आउने वा प्रभाव पार्ने समय र अहिले आउने प्रभाव पार्ने समयको विश्लेषण गरिएको छ ।

**तालिका १२: प्रकोप पात्रो**

| प्रकोप | | वैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कात्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| पहिरो | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| वाढी | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| खडेरी | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| असिना | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| महामारी | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| हावाहुरी | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| चटयाङ्ग | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| पशुरोग | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कृषि रोग | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

**संक्षेपः पः पहिले, अः अहिले**

यस विधिको प्रयोग गरि प्रकोपहरुको पहिला र अहिलेको समयान्तर विश्लेषण गरिएको हो । यस वाट चुरे गाँउपालिकामा पनि जलवायु परिवर्तनका कारण हुने अतिवृष्टी खण्ड वृष्टि आदी ले वाढी आउने समय वढेको वेमौसमी वर्षाद भई असमयमा पहिरो तथा वाढी आई समुदायमा वढी क्षती गर्न पुगेको देखिन्छ, यसै गरी सुख्खा समय वढेको, शितलहर, आगलागि को समय पनि वढेको तथा परिवर्तन भएको पाईएको छ । मिचाहा प्रजाती, वन्यजन्तु, छाडा चौपाया तथा सडक दुर्घटना जस्ता प्रकोपहरु पहिले नभएको र अहिले मात्र भएको देखिन्छ ।

## ३.८ मौसमी पात्रो

उपस्थीत भेलामा छलफल गरी यस गाँउपालिका अन्तरगतका वडा तथा वस्तीमा भएका छलफलमा पहिले र अहिले स्थानीयस्तरमा मनसुनमा, हिउँदे वर्षादमा, गर्मी, जाडो, असिना तुषारो, हुस्सु कुहिरो आदी आउने समयमा भएको परिवर्तनलाई विश्लेषण गरिएको हो । मौषम तथा जलवायुमा आएका परिवर्तनहरुको जानकारी प्राप्त गर्न यो विधिको प्रयोग गरीएको थियो । समुदायका ज्येष्ठ नागरीक, वुद्धिजीवी तथा जानिफकारहरुको सहभागितामा समुदायस्तरमा देखिएका परिवर्तनहरुको जानकारी समेत प्राप्त गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. १३: मौसमी पात्रो**



| मौसम | | बैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कात्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फाल्गुण | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| हुरीवतास | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| चट्यागं | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

यस विश्लेषण वाट पहिलेको समयमा भन्दा मनुसुन पछिसम्म हुने, हिउँदे वर्षा कम हुने, गर्मीको समय वढेको, असिना, हुस्सु, तुवालो, हावाहुरी चट्यागं तथा तुषारो पर्ने समयमा परिवर्तन भएको देखिन्छ । (नोटः पः पहिले, अः अहिले)

## ३.९ बनस्पति पात्रो

यस विधिको प्रयोग गरी विगत ३० वर्षको अन्तरालमा पहिले र अहिले स्थानीय स्तरमा जलवायुमा आएका परिवर्तनहरुको जानकारी संगै वनस्पति फुल्ने तथा फल्ने समयमा भएको परिवर्तन को विश्लेषण गर्न यो विधिको प्रयोग गरीएको थियो । यस छलफलमा समुदायका ज्येष्ठ नागरीक, बुद्धिजीवी तथा जानिफकारहरुको सहभागिता रहेको थियो । यसै विधिको प्रयोग गरी समुदायस्तरमा जलवायु परिवर्तनको कारणले वनस्पति प्रजातिहरुको जीवनचक्र/व्यवहार, प्रकोपको स्वरुप लगायत अन्य विभिन्न क्षेत्रहरुमा आएका/देखिएका परिवर्तनहरुको जानकारी समेत प्राप्त गरी विश्लेषण गरिएको छ ।

**तालिका १४: बनस्पति पात्रो**

| वनस्पति | | बैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कार्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| गुराँस फुल्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कटुस फल्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| गुयलोप | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| बनस्पति | | बैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कार्त्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| फुल्ने | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मेहेल फुल्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ऐसेलु | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| काफल पाक्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

यस विधिको प्रयोग गरि गरिएको विश्लेषण वाट वनस्पति प्रजातिहरुको जीवनचक्र तथा व्यवहारमा भएको परिवर्तन विश्लेषण गरिएको हो । यस वाट जंगलमा हुने वनस्पतिहरुको फुल फुल्ने र फल लाग्ने समयमा परिवर्तन भएको देखिन्छ। जलवायु परिवर्तनका कारण वाट पहिलेको भन्दा अगाडी हुने गरेको पाईएको छ ।

## ३.१० बाली पात्रो

विगत देखिको अन्तरालमा पहिले र अहिले स्थानीय स्तरमा मौसम तथा जलवायुमा आएका परिवर्तन का कारणले वालीचक्र,वनस्पप्रिजातिहरुकोजीवनचक्र/व्यवहार, प्रकोपको स्वरुप लगायत अन्य विभिन्न क्षेत्रहरुमा आएका/देखिएका परिवर्तनहरु समेतको जानकारी प्राप्त गरी विश्लेषण गर्न समुदायका ज्येष्ठ नागरीक, वुद्धिजीवी तथा जानिफकारहरुको सहभागिता मा यो विधिको प्रयोग गरी वालीचक्र पात्रो तयार गरिएको हो ।

**तालिका १५: बालि पात्रो**

| बाली | | बैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कार्त्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| धान को वीउ राख्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| धान रोप्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| बाली | | बैशाख | | | | जेठ | | | | असार | | | | साउन | | | | भदौ | | | | असोज | | | | कार्तिक | | | | मंसिर | | | | पुष | | | | माघ | | | | फागुन | | | | चैत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| धान काट्ने | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मकै छर्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| मकै भित्र्याउने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| गहुँ छर्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| गहुँ भित्र्याउने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| अदुवा रोप्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| अदुवा उठाउने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कोदो को वीउ राख्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| कोदो रोप्ने | प | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

यस गाँउपालिकाका विभिन्न वडा तथा वस्तीमा छलफल गरी वाली चक्रमा आएको परिवर्तन र समानताका विश्लेषण गरिएको हो यसवाट अन्न तथा नगदे लगायतका वालीको रोप्ने गोड्ने वाली थन्काउने समय मा परिवर्तन आएको पाईन्छ । पहिला भन्दा अहिले वाढी लगाउने, उठाउने समय अगाडी सरेको पाईन्छ । जलवायुमा आएको परिवर्तन सँगै भएको तापक्रममा हुने वृद्धिले यस गाँउपालिकाको वालिचक्रमा पनि असर तथा प्रभाव पारेको पाईन्छ ।

## ३.११ कार्यबोझ विश्लेषण:

उमेरका आधारमा लैगिंक रुपमा समुदायमा छोरा तथा छोरी र महिला तथा पुरुषका वीच कार्य विवरण कसरी विभाजन गरिएको छ भनेर विश्लेषण गर्न यो विधि प्रयोग गरिएको हो । २४ घण्टा भित्र गरिने घरायसी तथा वाह्य कार्य व्यस्ततालाइ विश्लेषण गरी आर्थिक रुपमा सवल वर्ग पहिचान हुने र सिमान्तकृत तथा कमजोर वर्ग तर्फ लक्षित गरि योजना निर्माण गर्न सकिने भएको ले यो विश्लेषण गरिएको हो ।

**तालिका १६: कार्यबोझ विश्लेषण**

| समय | | लिङ्ग | उमेर समुह | | | | |
|---|---|---|---|---|---|---|---|
| देखि | सम्म | | ५ वर्ष भन्दा मुनि | ६–१४ बर्ष | १५- २५ बर्ष | २६ देखी ५९ वर्ष | ६० वर्ष भन्दा माथी |
| विहान ५ बजे | विहान ६ बजे | महिला | सुत्ने | उठने सरसफाइ गर्ने | उठने हातमुख धुने, पानी लिने, सरसफाइ गर्ने, | पानी लिने, पुजागर्ने, चिया पकाउने, सरसफाइ गर्ने, गाई भैसीको लागि कुँडो वनाउने | आराम गर्ने |
| | | पुरुष | सुत्ने | उठने चिया नास्ता खाने | उठ्ने, हातमुख धुने, चिया नास्ता खाने | उठने हातमुख धुने, चिया नास्ता खाने वाहिर काममा जाने तयारी गर्ने | आराम गर्ने |
| विहान ६ बजे | विहान ९ बजे | महिला | उठेर हातमुख धुने, चिया नास्ता खाने | खाजा खाएर ट्युसन जाने गृह कार्य गर्ने | खाजा वनाउने, घरको काममा सघाउने तथा ट्युसन जाने | खाजा खाने, खाना वनाउने, गाइभैंसी लाइ घाँस कुँडो दिने, सार्ने, जंगल जाने,वच्चालाइ विद्यालय पठाउन तयारी गर्ने | घरको काम गर्ने खाना खाने |
| | | पुरुष | उठेर हातमुख धुने, चिया नास्ता खाने | खाजा खाएर ट्युसन जाने गृह कार्य गर्ने | खाजा खाएर ट्युसन जाने | खाजा खाने, खेतवारीको काम गर्ने, चियाखान पसलतिर जाने गफगाफमा भुल्ने | घरको काम गर्ने खाना खाने |
| विहान ९ बजे | विहान १० बजे | महिला | विद्यालय उमेरका विद्यालय जाने तयारी | विद्यालय जाने तयारी | विद्यालय, क्याम्पस जाने, घरको काममा सघाउने | खाना खुवाउने, भाडा सफा गर्ने, जंगल जाने | घरको काम गर्ने, हेरचाह गर्ने |
| | | पुरुष | विद्यालय उमेरका विद्यालय जाने तयारी | विद्यालय जाने तयारी | विद्यालय, क्याम्पस जाने, घरको काममा सघाउने, खेलकुदमा जाने | खाना खाने, खेतवारीको काम गर्ने अन्यन्त्र जाने | घरको काम गर्ने, हेरचाह गर्ने |
| विहान १० बजे | दिँउसो १ वजे | महिला | विद्यालय उमेरका विद्यालय जाने | विद्यालय जाने पढने | विद्यालय, क्याम्पस जाने | खाना खुवाउने, गाई वाख्रा लाई घाँस, कुँडो पराल गर्ने, कपडा सफा गर्ने, खेतवारीको काममा जाने, | घरको काम गर्ने, हेरचाह गर्ने |
| | | पुरुष | विद्यालय उमेरका विद्यालय जाने | विद्यालय जाने पढने | विद्यालय, क्याम्पस जाने | खाना खाने, खेतवारीको काम गर्ने अन्य काम गर्न जाने | घरको काम गर्ने, हेरचाह गर्ने |
| दिउँसो १ बजे | दिँउसिो ३ बजे | महिला | विद्यालय उमेरका विद्यालयमा | विद्यालय जाने पढने | क्याम्पस जाने, क्याम्पस वाट फर्कने घरको तथा खेत वारीको काम गर्ने वाहिर काममा जाने | कुँडो पराल गर्ने, कपडा सफा गर्ने, खेतवारीको काममा जाने, जाने | घरको काम गर्ने, हेरचाह गर्ने |
| | | पुरुष | विद्यालय उमेरका विद्यालयमा | विद्यालय जाने पढने | क्याम्पस जाने, क्याम्पस वाट फर्कने खेतवारीको काम गर्ने, वाहिर काममा जाने | खेतवारीको काम गर्ने तथा अन्य काम गर्न जाने | घरको काम गर्ने, हेरचाह गर्ने |

| समय | | लिङ्ग | उमेर समुह | | | | |
|---|---|---|---|---|---|---|---|
| देखि | सम्म | | ५ वर्ष भन्दा मुनि | ६–१४ बर्ष | १५- २५ बर्ष | २६ देखी ५९ वर्ष | ६० वर्ष भन्दा माथी |
| दिँउसो ३ बजे | साँझ ५ बजे | महिला | विद्यालयवाट फर्कने खाजा खाने खेल्ने | विद्यालय वाट फर्कने खाजा खाने घरको काममा सघाउने | कामवाट फर्कने, नास्ता तयार गर्ने, खुवाउने घरको काम गर्ने | कामवाट फर्कने, नास्ता तयार गर्ने, खुवाउने घरको काम गर्ने | घरको काम गर्ने, हेरचाह गर्ने |
| | | पुरुष | विद्यालय वाट फर्कने खाजा खाने खेल्ने | विद्यालय वाट फर्कने खाजा खाने खेल्ने | कामवाट फर्कने, नास्ता खाने, घुम्ने | कामवाट फर्कने, नास्ता खाने, घुम्ने | घरको काम गर्ने, हेरचाह गर्ने |
| साँझ ५ बजे | साँझ ७ बजे | महिला | खेल्ने, पढने | घरको काममा सघाउने पढ्ने | घरको काममा सघाउने पढ्ने | खाना तयार गर्ने, खुवाउने घरको काम गर्ने, गाई भैसि लाई थुन्ने, घाँस पराल गर्ने, | खाना खाने आराम गर्ने |
| | | पुरुष | खेल्ने, पढने | पढने खेल्ने | पढने खेल्ने, घुम्ने | खेतवारी तथा काम वाट फर्कने खाना खाने | खाना खाने आराम गर्ने |
| साँझ ७ बजे | राती ९ बजे | महिला | खेल्ने, पढने | पढने | पढने, घरको काम गर्ने, | खाना तयार गर्ने तथा खुवाउने भाडा तथा घर सफा गर्ने | खाना खाने आराम गर्ने |
| | | पुरुष | खेल्ने, पढने | पढने | पढने, गफगाफ गर्ने, घुम्न जाने | खाना खाने, गफगाफ गर्ने | खाना खाने आराम गर्ने |
| राती १० बजे | विहान ५ बजे | | सुत्ने | सुत्ने, आराम गर्ने | सुत्ने, आराम गर्ने | सुत्ने, आराम गर्ने | सुत्ने, आराम गर्ने |

यस विश्लेषण वाट ५ वर्ष भन्दा कम उमेरमा लैंगिक रुपमा समानता रहेको देखिन्छ । तर ६ देखि २५ वर्ष उमेर समुहमा विद्यालय जाने काममा जाने कुरामा समानता रहेको तर साँझ र विहानको समयमा छोरी तथा महिलाहरुले घरको काममा वढी ध्यान दिनुपर्ने पाईयो भने छोरा वा पुरुषहरु घर वाहिरको काममा तथा खेल्ने काममा समय दिएको पाईयो । साथै २६ वर्ष देखि ५९ वर्ष सम्मका उमेर समुहका महिलाहरुको विहान सवेरै देखि साझ अवेर सम्म घरायसी काम (चिया, नास्ता, खाना वनाउने, वच्चाहरुलाई खुवाउने, घरभित्रको सरसफाई, गाई भैंसीलाई कुडो वनाउने, भकारो सोहर्ने तथा दुध दुहुने) मा व्यस्त हुने र पुरुषहरु विहान र साँझको समयमा अलि फुर्सदमा हुने तथा दिनमा घर वाहिरका काममा व्यस्त हुने गरेको पाईयो । साथै ६० वर्ष भन्दा माथीका महिला तथा पुरुषहरु घरको वरपरको काममा तथा हेरचाहमा समय दिने गरेको पाईयो ।

यो समग्र विश्लेषणवाट पारिश्रमिक बिनाको सेवामूलक(हेरचाहमूलक) कार्य र घर भित्रका गैर आर्थिक काममा महिलाहरुको संलग्नता हुने र पुरुषहरुको घरवाहिर र आर्थिक गतिविधीमा संलग्न हुने गरेको पाईयो । आयमूलक काममा महिला संलग्नता नहुदा उनीहरुको आर्थिक पक्षमा पहुँच कमजोर देखिन्छ । आर्थिक पक्षमा पहुच नहुदा महिलाहरु परिवारका पुरुष सदस्यहरु माथि निर्भर रहनु पर्ने बाध्यता रहेको छ । जसका कारण महिलाहरुले बिभिन्न प्रकारका हिंसाहरु सामना गर्न परेको देखिन्छ । महिला र पुरुष बीचको अन्तरनिर्भरताका लागि लैगिंकता उत्तरदायी वजेटहरुको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## ३.१२ जोखिमको बर्तमान अवस्था तथा भवशियको अनुमानः

चुरे गाँउपालिकामा हाल विद्यमान प्रकोपहरु, ती प्रकोपहरुबाट सृजित बर्तमान अवस्था र भविष्यमा हुन सक्ने समस्याको बिश्लेषण यस शिर्षक अन्तरगत गरिएको छ ।

**तालिका १७: गाउपालिकाको जोखिमको अवस्था:**

| प्रकोप | अहिलेको अवस्था | भविश्यमा हुनसक्ने अनुमान |
|---|---|---|
| पहिरो | ● जलवायु परिवर्तनका कारण हुने अनावृष्टि, खण्डवृष्टि तथा अतिवृष्टि ले पहिरोको प्रकोप बढिरहेको<br>● वर्षेनी वस्तीहरु विस्पापित भई रहेको,<br>● बर्षै पिच्छे खेतियोग्य जमिनको कटान, धनजनको साथसाथै खाद्यान्न र पशुपंक्षिको क्षति, विद्यालय, घर आदि जोखिममा । | मानवीय क्षती, आर्थिक क्षति, पशु चौपायहरुको मृत्यु, घर तथा वस्ति जोखिममा, वनजंगलको क्षति, विद्यालय जोखिममा, अव्यस्थित सडक निर्माणले पहिरोको जोखिम बढेको, बस्ती विस्थापित हुने सम्भावना, अनुकलनका उपायहरु तत्काल नभएकोले भविश्यमा प्रकोप अझ बढ्न सक्ने । |
| मानव रोग महामारी | ● जडीबुटी संकलक, मजदुर, पशुपालकले क्षमता अनुसारको कार्य सम्पादन गर्न नसक्ने,<br>● झाडापखाला, टाईफाईड, निमोनिया, आँखा पाक्ने रोग आदीको संक्रमणमा वृद्धि,<br>● गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा( ज्येष्ठ नागरिक), विद्यार्थी, शिक्षक, अभिभावकहरुमा मानसिक विचलन पैदा हुनु,<br>● औषधीको खरिदमा रकम बाहिरिनु, दक्ष स्वास्थ्य जनशक्तिको माग बढ्नु, स्वास्थ्य सेवा प्रदायकहरुमा भीड हुनु, खर्चमा वृद्धि हुनु,<br>● घरभित्र हुने वायु प्रदुषणका कारणले खाना बनाउने समयमा घरभित्र धेरै समय बिताउने गृहिणी महिला, बालबालिका, वृद्धवृद्धा (ज्येष्ठ नागरिक), विद्यार्थीलाई श्वासप्रश्वास सम्बन्धी समस्या बढ्दै गएको छ ।<br>● झाडा पखाला तथा हैजा जस्ता रोगहरु मा कमि भए पनि हाल विश्वमा फैलिरहेको कोभिड १९ ले मानव इतिहासमा त्रासदी पूर्ण अवस्था सिर्जना गरेकोले मानव समुदाय जोखिममा रहेको । | ● दूषित खाद्य पदार्थको उपभोगबाट उत्पन्न हुने रोगहरूको फैलावट बढ्नेछ,<br>● सुनौला हजार दिनका आमाहरु सुरक्षीत पोषण नपाएर कमजोर हुने,<br>● गर्भमै बच्चा मर्ने, रक्तअल्पता हुने जस्ता समस्याबाट ग्रसित हुनेछन्, बच्चाहरु कुपोषित हुन सक्नेछन् ।<br>● आयातित अस्वस्थ खाद्यपदार्थको प्रयोगले सबै स्थानीयहरु, विशेष गरी महिला तथा बालबालिकामा नकारात्मक प्रभाव पर्न सक्छ ।<br>● प्रदुषणजन्य रोग बढ्नेछ, स्वास्थ्य सेवाको पनि विस्तार हुनेछ, स्वास्थ्य सेवामा मानिसहरुको पहुँच वृद्धि हुनेछ,<br>● खर्च वृद्धि हुनेछ ।<br>● महिलाहरुलाई पाठेघर सम्बन्धिको समस्या बढदै जाने देखिन्छ । बिभिन्न प्रकारका महामारी वाट अझै धेरै क्षति हुन सक्ने, साथै थप प्रकारका महामारी सिर्जना हुन गई मानव जिवन अस्तव्यस्त हुन पुग्ने, जिविकोपार्जनका अवसरवाट वन्चीत हुन गई थप गरिवी वढन जाने जसवाट समुदाय तथा मानव सभ्यता नै अद्योगति तर्फ जान सक्ने । |
| छाडा चौपाय | मानिसहरुले आफना पशु चौपाय छाडा छोड्नाले बालीनालीमा क्षति हुने देखिएको छ । जसका कारण उत्पादनमा ह्रास आउने समस्या देखा परेको छ । छाडा पशु चौपायबाट बालीनाली जोगाउन किसानहरुलाई धौधौ परेको छ । | छाडा पशुचौपायबाट बालीनाली नष्ट हुने हुदा अन्तत्वगत्वा किसानले आफ्नो खेतबारीमा खेतिपाति गर्न बन्द गर्ने तथा यसको प्रभावस्वरुप गरिवी, भोकमरी र जोखिम वढन सहयोग पुग्ने देखिन्छ । |

| प्रकोप | अहिलेको अवस्था | भविश्यमा हुनसक्ने अनुमान |
|---|---|---|
| सडक दुर्घटना | ग्रामीण क्षेत्रमा मापदण्ड विपरितका सडक विस्तार तथा सवारी साधनको वढ्दो प्रयोग तथा यस सम्वन्धी नियमहरुको पालना नगरिनु, अधिक गति तथा मादक पदार्थ सेवन गरी सवारी चलाउनु ले अहिले सडक दुर्घटना ठुलो मानव सिर्जित प्रकोपको रुपमा देखिन पुगेको छ । | समयमै सडकको स्तरोन्नती गरिनुपर्ने देखिन्छ । सवारी संचालनमा भएका नियम उल्लंघनका घटना लाई मध्यनजर गरी थप कडाइ गर्नुपर्ने । चालक आफै पनि सर्तक हुनु पर्ने देखिन्छ । यदि यसतर्फ समयमै सचेत नहुने हो भने भविष्यमा ठुलो जोखिम बढ्ने देखिन्छ । |
| आगलागि | विभिन्न समयको आगलागिले बार्षिक रुपमा जंगल, घरगोठहरु जलेर क्षति भएको, मानवीय क्षति, चोटपटक लाग्नु, वनका साना बिरुवा र किरा फट्याङग्राको नास, जिवजन्तुको वासस्थानको विनाश भएको । | वन जंगल विनास, पशु पंक्षी तथा वन्यजन्तुको मृत्यु तथा लोप, घाँसपातमा कमि, काठ पैदावरको समस्या । |
| असिना | खेतिको फूल र परागसेचन प्रकियामा असर, फलिसकेको अन्नबाली तथा फलफुललाई हानी भई उत्पादनमा कमि आएको, घरपालुवा पशुपंक्षीलाई असर गरेको । | अन्न बाली तथा फलफुलमा क्षति, बोटबिरुवामा क्षति, घाँसपातमा क्षति । |
| कृषि तथा पशुमा रोग | कृषिजन्य तथा पशुजन्य उत्पादन घटेको, उत्पादन भएको अन्न तथा पशु बचाएर राख्न नसकेको, कृषि उत्पादनमा बिषादी प्रयोग गर्नुपर्दा लगानी र खर्च बढेको, बिषादीको अत्याधिक प्रयोगले मानव स्वास्थ्यमा असर गरेको । | भविष्यमा कृषि तथा पशुमा रोगहरु बढ्दै जाने, खेतिपातिमा रसायनिक पदार्थको प्रयोग बढी हुने, बाहिरी स्रोतबाट खाद्यान्न तथा पशुजन्य उत्पादनको आयात बढ्ने, बिषादीको अध्याधिक प्रयोगले मानव स्वास्थ्यमा प्रतिकुल असर गर्ने । किसानको उत्पादन लागत बढ्दै जादा कृषिक्षेत्रबाट जनशक्ति पलाएन हुने । |
| हावाहुरी | मकै, धान कोदो लगायतका अन्नवाली तथा अन्य फलफुल नष्ट गरिदिने र उत्पादनमा कमी हुने, घर गोठ, विद्यालयहरु छानाको उडाएको, पठनपाठन बन्द भएको, मानसिक बिचलन पैदा भएको, मर्मतका लागि थप रकमको व्यवस्थापन गर्नुपरेको, फलफुलको बोटहरु भाँचिदिएको । | भविष्यमा हावाहुरीका घटनाहरु वृद्धि भई कृषि क्षेत्रमा हुने क्षति बढे तापनि भौतिक पूर्बाधारमा कम क्षति पर्ने देखिन्छ । |
| वन्यजन्तु आतंक | बाँदर, दुम्सी, स्यालको संख्यामा बृद्धि भएको, अन्नवाली, तरकारी बाली र फलफूल खेती नोक्सान गर्ने गरेको । घरपालुवा जनावरहरु गोठालो गएको अवस्थामा बाघ, चितुवाले बाखाहरु खाइदिएको, स्थानीयहरुलाई मनोवैज्ञानिक असर परेको । | बाँदर, दुम्सी, स्यालको संख्यामा बृद्धि हुनेक्रम बढदै गएमा बस्ती स्थानान्तर हुनसक्ने देखिन्छ । |
| सुख्खा, खडेरी | पानीका मुहान सुकेको, समयमा खेतिपाति गर्न समस्या भएको, उत्पादन घटेको, रुख बिरुवा र खेती सुक्ने गरेका, पशुपालनमा असर । | उत्पादनमा कमी, खाद्यन्न संकट, भोकमरी, महामारी, जैविक विविधतामा ह्रास, मरुभुमिकरण हुन सक्ने, कुनै पनि अनुकूलनका उपायहरु नअपनाईएकाले भविष्यमा जोखिम बढ्ने संभावना रहेको छ, पशुपालन व्यवसाय संकटमा पर्न सक्ने, जडीबुटीहरु लोप हुन सक्ने तथा फलफुल उत्पादनमा कमी हुने |

## ३.१३ संकटासन्न वर्ग तथा समुदाय पहिचानः

प्रकोपले सूर्जना गरेका असरहरु विश्लेषण गरी उमेर समुह, लिंग, सामाजिक स्तर, वर्ग र जातजाती अनुसार पर्ने र पारेको प्रभावहरुमा छलफल गरियो । प्रकोपका असरहरुले समुदायका वर्ग, जातजातिमा के कस्ता प्रभाव पारेका छन् र ति प्रभावहरु कुन समुहमा बढि असर गर्दछन् भन्ने सवालहरुमा चुरे गाउपालिका भित्रका १९८ जना बिभिन्न भौगोलिक क्षेत्र, समुदाय, वर्ग, उमेर समुह र लिंगका व्यक्तिहरुसंगको छलफलबाट बिभिन्न विपद्ले अन्तरवर्गीयतामा पार्ने प्रभाव (Intersectional impact ) बिश्लेषण गरिएको छ । प्रभावलाई बिश्लेषण गर्दा सबै भन्दा उच्च असर पार्ने लाई ३ अंक, मध्यमलाई २ अंक र न्युन असर गर्नेलाइ १ अंक दिएको छ ।

**तालिका १८: संकटासन्न वर्ग तथा समामाजिक समुह पहिचान**

| प्रकोप | प्रकोपका असरहरु | संकटासन्न वर्ग | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समुह | | | लिंग | | वर्ग | | | सामाजिक स्तर | | जातियता | | |
| | | बालबालीका | युवा | जेष्ठ नागरिक | महिला | पुरुष | बिपन्न | मध्यम | सम्पन्न | अपाँगता | एकल महिला | दलित | जनजाति | बा.क्षे.ठ |
| बाढी, पहिरो | आवत जावतमा अवरुद्ध, उत्पादनशिल जग्गा क्षति, घर र खेती योग्य जग्गा क्षति, मानवीय सम्पतीमा क्षति । | ३ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| हावाहुरी | घर, गोठको छाना क्षति हुनु, बिद्यालयको छाना क्षति अनु, बिद्यार्थि, कर्मचारीहरु लाइ आवतजावतमा कठिन हुनु, | ३ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| शित तथा तुषारो | मानविय क्षति हुन सक्ने , वालीनालीमा नोक्सानी पुऱ्याउने, | ३ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| आगलागी | वन्यजन्तु को वासस्थान नाश हुनु । महत्वपूर्ण तथा लोपोन्मुख जडिवुटि नाश हुनु । पानीका मुहान सुक्नु । वन पैदावारको पुनउत्पादनमा कमी हुँदै जानु । | ३ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| कृषिमा रोग | उत्पादनमा कमी हुनु । भोकमरी पर्नु । स्थानीय वीउविजन लोप हुनु | ३ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| पशुरोग | पशुधनको क्षति हुनु । आम्दानीको श्रोत घट्दै जानु । | ३ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| छाडा चौपाया | वाली नालीमा नाक्सानी पुऱ्याउने | ३ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| मानव वन्यजन्तु द्वन्द | मानवीय र कुखुरा, पशुचौपाहरु क्षति हुनु । मानसिक त्रास बढ्दै जानु । | ३ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| मानव रोग | बर्षेनी आँउ, पखाला, निमोनिया, आँखा पाक्ने रोग आउनु , महिलाहरुको पाठेघर सम्बन्धिको समस्या बढदै जानु | ३ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |

| प्रकोप | प्रकोपका असरहरु | संकटासन्न वर्ग | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समुह | | | लिंग | | वर्ग | | | सामाजिक स्तर | | जातियता | | |
| | | वालवालीका | युवा | जेष्ठ नागरिक | महिला | पुरुष | विपन्न | मध्यम | सम्पन्न | अपांगता | एकल महिला | दलित | जनजाति | वा.क्षे.ठ |
| सुख्खा खडेरी | उत्पादनमा कमी हुनु । भोकमरी सृजना हुनु । पानीका मुहान सुक्नु । वन पैदावार सुक्नु | ३ | १ | ३ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| असिना | वन्यजन्तुको वासस्थान नाश हुनु । फलफूल, अन्नवाली, तरकारी खेती नष्ट हुनु । पशुपालनको चरिचरणमा अवरोध हुनु । घरका छाना भत्किनु | २ | १ | २ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| चट्याङ्ग | मानवीय र भौतिक संरचनाको क्षति हुनु । मानसिक त्रास बढदै जानु । | २ | १ | २ | ३ | २ | ३ | २ | १ | ३ | २ | ३ | २ | १ |
| नोट : १ - न्यून, २ - मध्यम, ३ - उच्च | | | | | | | | | | | | | | |

उपरोक्त विश्लेषणवाट यो स्पष्ट हुन्छ की स्थानीय स्तरमा देखापरेका तथा महसुश गरेका बिभिन्न खालका प्रकोपहरुले स्थानीय स्तरका वालवालिका, बृद्धबृद्धाहरु, विपन्न, अपाङ्गता भएका व्यक्तिहरु र दलित समुदायहरुलाई अधिकतम असर पार्ने गरेको छ । यस्ता प्रकोपको असर उमेर समुहमा वालवालीका तथा बृद्धबृद्धाहरुमा उच्च, त्यस्तै लिंगको आधारमा महिलामा उच्च, वर्गको आधारमा विपन्नमा उच्च, सामाजीक स्तरको आधारमा अपांगता भएका व्यक्तिमा उच्च र जातजातीको आधारमा दलितमा उच्च रहेको देखिन्छ ।

### ३.१४ जलवायूजन्य तथा विपद् जोखिम व्यवस्थापन र क्षमता बिकासः

विपद प्रतिकार्यका लागि कुनै पनि निकाय एक्लैको सामर्थ्य अपुग हुने गर्दछ । समुदायलाई विपद्वाट वचाउन होस वा प्रकोपको न्युनिकरण गर्न स्थानीयस्तरमा दक्ष जनशक्ति अपरिहार्य रहेको हुन्छ । यसका लागि गाँउपालिकाले सामुदायिक विपद प्रतिकार्यका लागि सामुदायिक पहल गर्न यस सम्वन्धी कार्यदल वनाई सकेसम्म जोखिम कम गर्ने तथा विपद परे शिघ्र पुनर्लाभको नतिजा हासिल गर्न दक्ष जनशक्तिको विकास गर्नु पर्ने महुसुस गरिएको छ । स्थानीय विपद् व्यावस्थापन समिति तथा स्थानीयस्तरमा भएको प्रतिकार्य टोलीले समुदायको विपद् व्यावस्थापन गर्न पहिलो भुमिका निर्वाह गर्न सक्छ । यस योजना तयारीका चरणमा चुरे गाँउपालिकाले यस प्रकारको जनशक्तिको विकास गर्न वडास्तरमा आवाश्यक टोली वा समिति गठन गरेको छ । साथै समुदायमा भएका वा हुने सवैखाले प्रकोप जोखिमलाई कम गर्न सके जनजिवन सहज हुने छ ।

# परिच्छेद ४:
# चुरे गाँउपालिको श्रोत तथा क्षमता विश्लेषण

सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लामा रहेको चुरे गांउपालिकाको स्थानीय अनुकुलन योजना निर्माणका लागि विभिन्न चरणमा बिभिन्न विधीहरुको प्रयोग यस पालिकाको श्रोतसाधन तथा क्षमता बिश्लेषण गरिएको छ । स्थानीय विपद जोखिम न्युनिकरण तथा अनुकुलनका लागि उपयुक्त पुर्वाधार, स्थानीय जनशक्ति, सामाजिक श्रोत, प्राकृतिक श्रोत र अन्य संरचना लगायत वडाको क्षमता विश्लेषण गरी यस योजनामा समावेश गरिएको छ ।

## ४.१ गाउपालिकामा भएको श्रोत तथा क्षमताः

स्थानीय अनुकुलन योजना तयारी गर्नका लागि चुरे गाउपालिकामा विभिन्न समयमा छलफल गर्ने क्रममा यस पालिकाको श्रोत तथा क्षमता निम्नानुसार रहेका छन् ।

**तालिका १९: चुरे गाउपालिकाको श्रोत र क्षमता**

| विवरण | श्रोत साधन रहेको स्थान | सङ्ख्या | क्षमता | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| **भौतिक स्रोतः** | | | | | |
| झोलुंगे पुल | विभिन्न स्थानमा | २१ | न्युनतम २५ मिटर देखि अधिकतम १०६ मीटर लम्वाई भएका र जम्मा लम्वाई ११७० मिटर | संचालनमा रहेका | |
| काठे पुल | बिभिन्न स्थानमा | ३ | ९५ मिटर | सञ्चालनमा रहेको | |
| सडक | भिमदत्त राजमार्ग | १ | ३० कि.मि लम्वाइ पुल, कलभर्ट नाली सहितको | संचालनमा रहेका | |
| | गाँउपालिका भित्र कच्ची अवस्थाका | १९ | ३२१.४ कि.मी कच्ची र अन्य निर्माणाधिन सडक | संचालनमा रहेका | |
| विद्यालय भवन (आधारभुत तहः ४१ वटा, माध्यमिक तहः ७ वटा र क्याम्पस १ वटा ) | गाँउपालिका भित्रका वस्ती तथा वडाहरुमा | ४९ | पक्की १११ भवन र २९६ कोठा कच्ची ३७ वटा भवनमा र १०५ वटा कोठाहरु | संचालनमा रहेका | |
| स्वास्थ्य संस्था | वडा तथा वस्तीहरुमा | ८ | ३ वटा स्वास्थ्य चौकी र ५ वठा स्वास्थ्य इर्काइ | संचालनमा रहेका | |
| सरुक्षित आवास तथा स्थान | विभिन्न सरकारी तथा सामुदायिक भवन | १६ | वैठक वस्न, कार्यलय संचालन गर्न तथा आपतकालिन आवासका लागि उपयोग गर्न सकिने | संचालनमा रहेको | |
| सार्वजनिक शौचालय | शिवनगर, अलाड, भक्तपुर, मारहटटे, सहजपुर, निगलाडी, खानीडाँडा, र खानीखोला | ८ | सार्वजनिक स्थानमा शौच गर्न सहज भएको | केही संचालनमा रहेको | |
| विपद व्यवास्थापन सामाग्री (लाईफ ज्याकेट, सेफ्टी हेल्मेट, सेफटी वुट, सब्बल) | बस्ती तथा वडामा रहेको | | सामाग्री भएका वस्ती तथा वडाहरु मा विपद् व्यावस्थापनमा सहज भएको । | प्रयोगमा ल्याउन सकिने अवस्थामा रहेका | |
| आधारभुत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति | चुरे गाँउपालिकाका वडा तथा वस्ती स्तरमा | २० जना | विपद व्यावस्थापन सम्वन्धी सिप प्रयोग गर्न सक्ने | कार्यान्वयनमा रहेको | |
| जिल्ला विपद प्रतिकार्य सम्वन्धी जनशक्ति | पालिका तथा वस्ती मा | १२ जना | सेवा प्रदान गर्नका लागि क्षमता भएका | कार्यरत रहेको | |
| स्वास्थ्य कार्यकर्ता तथा जनस्वास्थ्य | गाँउपालिका क्षेत्र भित्र | ३३ जना | पालिकाका सेवा क्षेत्र भित्र सेवा प्रदान गर्नका लागि क्षमता भएको | कार्यरत रहेको | |
| तालिम प्राप्त स्वँय सेवक | गाँउपालिका क्षेत्र भित्र | ४२ | आवाश्यक समयमा स्वयँ परिचालित भई सेवा प्रदान गर्ने | कार्यरत रहेको | |
| महिला स्वास्थ्य स्वयँसेविका | गाँउपालिका क्षेत्र भित्र | ६२ | पालिकाका विभिन्न वडा तथा वस्तीमा रहेर सेवा प्रदान गरिरहेको | कार्यरत रहेको | |
| तालिम प्राप्त कृषि तथा पशुसेवा प्राविधिक | गाँउपालिका क्षेत्र भित्र | ५४ | कृषि प्राविधिक ४० तथा पशु कार्यकर्ता १४ गरी ५४ जना ले कृषि तथा पशु प्राविधिकको रुपमा काम गरिएको | कार्यरत रहेको | |

| विवरण | श्रोत साधन रहेको स्थान | सङ्ख्या | क्षमता | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| तालिम प्राप्त मेकानिक्स | गाँपालिका क्षेत्र भित्र | ४ | मेकानिक्स काम गर्ने दक्षता प्राप्त भएको | संचालन मा रहेको | |
| तालिम प्राप्त सिलाइ कटाई | गाँउपालिका भित्र | १०७ | सिलाई कटाई सम्वन्धी क्षमता विकास भई काम तथा व्यावसाय शुरु गरेका | कार्यरत तथा संचालनमा रहेको | |
| शिक्षक | गाँउपालिका भित्रका शैक्षिक संस्थाहरुमा | ३०६ | पठनपाठनमा संलग्न । यसवाट विद्यार्थीहरु तथा समुदायमा प्रत्यक्ष लाभ पुगिरहेको | विद्यालयमा पठनपाठन गरिरहेका | |
| **सिकर्मी, डकर्मी** (५४ जना सिकर्मी तथा ५७ जना डकर्मी) | गाँउपालिका क्षेत्र भित्र | १११ | तालिम प्राप्त दक्ष सिकर्मी तथा डकर्मी निर्माण कार्यमा संलग्न | पालिका तथा नजिकका वस्तीहरुमा सेवा दिइरहेका | |
| **सामाजिक स्रोत तथा संरचना** | | | | | |
| **सामदुायिक भवन** (केदार वन, महिला भवन, पखिर, घरखेडा, देउराली र कैलास सा.ब. भवन, निगाली कृषि भवन, ईलाका वन भवन, र चौक डांडा भवन आदी ) | पालिका भित्र | १० | विपद व्यावस्थापन आपतकालिन आश्रय स्थलनको रुपमा प्रयोग गर्न सकिने | संचालनमा रहेका | |
| **मठ मन्दिर** (शिवालय, केदार, ववेड, देसना, कडकिरी, साना केदार, मसानी माडु, गैंवासी समैजी, मोहन्याल, ओखरे, वेताल, देउराली) | पालिका भित्र | २० | धार्मिक तथा सांस्कृति रुपमा महत्व वोकेको र पर्यटकिय संभावना रहेको । | संचालनमा रहेका | |
| **पर्यटकिय क्षेत्र** (गर्भा दरवार, गडी दरवार, चिप्लेओडार, घाडालेक, ग्वाँसीधुरा, कम्पासे धुरा, चुरे टाकुरा, मेलखाली क्षेत्र, जौखेत करलेगडा, ढुंगेताल, देवता ताल, वसरखोला झरना, धनिगाड झरना, केदार गुफा, चमेरे गुफा, कोट गुफा, भासु आदी ) | पालिका भित्र | २० भन्दा वढी | आन्तरिक तथा वाह्य पर्यटन प्रर्वद्धन गर्न सकिने | केहि संचालन तथा अधिकाँश संचालन विहिन रहेका । | |
| **समूह, क्लव** (वनसमुह ५२, आमासमुह ४७, सिंचाइ उपभोक्ता ४०, युवा क्लव, वालक्लव) | गाँउपालिका भित्र आमासमुह र वचत समुह गरी | १७० | सामुदायिक छलफल सञ्चालन, वचत कोष सञ्चालन स्थानीय आवाश्यक्ता समाधानमा पहल | सचांलनमा रहेको | |
| **आर्थिक स्रोत** | | | | | |
| व्यापार व्यवसाय | चुरे गाँउपालिका विभिन्न वडा तथा वस्तीहरुमा | १६८ वटा | होटल रेष्टुरेन्ट ७१ वटा, व्यावसायिक फर्म २३ वटा, किराना पसल, इलेक्टकल पसल, कस्मेटिक, फेन्सी, औषधी, निर्माण सामग्री व्यावसाय ७४ वटा गरी १६८ वटा व्यापार व्यावसाय रहेका | संचालनमा रहेका वित्तिय कारोवारमा संलग्न भएका | |
| उद्योग कलकारखाना | चुरे गाँउपालिका विभिन्न वडा तथा वस्तीहरुमा | ८४ वटा | गाँउपालिकामा भएका उद्योग तथा कलकारखानाले पालिकावासीहरुलाई आवाश्यक्ता वमोजिम सेवा प्रदान गर्ने गरेका । गाउँपालिकामा रहेका | | |

| विवरण | श्रोत साधन रहेको स्थान | सङ्ख्या | क्षमता | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| | | | पानीघट्ट, मिल र सङकलन केन्द्रको सङ्ख्या हेर्दा परम्परागत घट्टः ४१, सुधारिएको घट्टः २५, कुटानी पिसानीका लागि पानी मिलः३, डिजेल मिलः १२ र विद्युत् मिलः ३ रहेका छन् । | | |
| व्यावसायिक केन्द्र | फल्टुडे, वयाला, सहजपुर, मारहटटी, लक्ष्मी, पालडी, अलाड, मिसनपुर, शिवनगर र खानीडाँडा | १० स्थान | यि व्यावसायिक केन्द्रवाट पालिका वासीहरुका लागि दैनिक उपभोग्य वस्तुहरु खरिद विक्री हुने गर्दछ । यसबाट पालिकाभित्र आर्थिक कृयाकलाप चलायमान हुने गरेको छ । | संचालनमा भएका र खरिद तथा विक्री भईरहेको | |
| **वैंक तथा वित्तिय संस्था** (सनराईज वैंक, छिमेक लघुवित्त, किसान वहुउद्धेशिय, जनता वैंक, सहकारी संस्थाहरुः निगाली पालडी, निगाली अलाड, सजपुर, भिजन, त्रिशुल, जनकल्याण, स्वावलम्वी, पौरखी, लोककेशरी, तथा जनज्योति सहकारी संस्था) | पालिकाका बिभिन्न स्थानमा | १५ वटा | आर्थिक कारोवार, वित्तिय सुविधा तथा व्यावसायीकता हुने | संचालनमा रहेका | |
| **प्राकृतिक स्रोत** | | | | | |
| **नदीनाला** (खुटिया नदी, ठुलीगाड, वसर खोला, धनीगाड, वालुवागगडा, भरणखोला, चरुवाखोला, गाजरी, वारेगडा खैरला ) | पालिकाको बिभिन्न क्षेत्र भएर बग्ने , | | जल प्रवाह हुने सिंचाई तथा खानेपानी आपुर्ति गरिरहेका | सदावहार तथा मौसमी | |
| ताल तथा पोखरी (देवता ताल , ढुंगेताल लगायत तालहरु ) | पालिकाको बिभिन्न क्षेत्रमा | सदावहार पानी | पर्यटकिय क्षमता तथा जलश्रोत को भण्डार | जलश्रोत भण्डार | |
| सिँचाइको साधन र स्रोत | नहर तथा कुलो सिंचाइ आयोजना | ४० वटा | १९८४ घरधुरी लाभान्वित हुने र ३९८ हे. जमिन सिंचाइ हुने | मौसमी र सदावहार रुपमा संचालनमा रहने | |
| वनजङ्गल (सरकारी, सामुदायिक तथा निजी ) | पालिकाको बिभिन्न क्षेत्रमा | ३८२.६२ वर्ग कि.मि | आवाश्यक वन पैदावर उपलव्ध हुन सक्ने | संचालनमा | |

## ४.२ गाउपालिका भित्र रहेका संगठित संस्थाहरु

यस गाँउपालिकामा सरकारी तथा गैर सरकारी संस्थाहरु पालिकाको क्षमताको रुपमा रहेको पाईन्छ । खानेपानी, सिंचाई, पुर्वाधार, स्वास्थ्य, शिक्षा, वन वातावरण युवा, महिला , वाल वालिका संग सम्वन्धीत संस्थाहरु यस गाँउपालिको श्रोत तथा क्षमता हुन ।

- सामुदायिक वन समुह ५२ वटा
- विद्यालय ४८ वटा
- सिंचाई उपभोक्ता समुह ४० वटा

**तालिका नं. २० यूवाक्लवको विवरण:**

| युवा क्लवको नाम | ठेगाना | सदस्य संख्या | |
|---|---|---|---|
| | | युवा | युवती |
| लालीगुँराउस युवा क्लव | चुरे २ कडकिरी | ११ | ४ |
| प्रगतिशील यूवा क्लब | चुरे ३ सहजपुर | ६ | ५ |
| जनचेतना युवा क्लब | चुरे ६ बयाला | १८ | १४ |
| भगवती युवा क्लब | चुरे ५ डाँडा खर्क | ९ | ६ |
| जनज्योती युवा क्लब | चुरे, ४ | ३ | १० |
| चुरे गर्व युवा क्लब | चुरे, ४ | ३ | १५ |
| श्री कालिका युवा क्लब | चुरे,४ | ४ | १३ |
| जम्मा | | ५२ | ६७ |

**तालिका नं. २१ बालक्लवको बिवरण:**

| बाल क्लवको नाम | ठेगाना | सदस्य संख्या | |
|---|---|---|---|
| | | बालक | बालिका |
| न्यु स्टार सृजनशील | चुरे २ खैराला | १४ | ११ |
| युवा तथा खेलकुद समिति | चुरे २ कैलाली | ७ | ४ |
| हिमाली बाल क्लव | चुरे २ कडकिरी | ७ | ४ |
| प्रशान्त बाल क्लव | चुरे २ देसना | ४ | ३ |
| जनसेवा बाल क्लव | चुरे ६ शान्तिनगर | ५ | ४ |
| भगवती बाल क्लव | चुरे ६ कोटठुङ्गानी | ६ | ३ |
| जम्मा | | ४३ | २९ |

**तालिका २२: आमा तथा महिला समुहविवरण**

| क्र.सं | सामुदायिक सस्थाको नाम | सदस्य | |
|---|---|---|---|
| | | महिला | पुरुष |
| १ | सगरमाथा महिला समुह | ९ | ० |
| २ | महिला आमा समुह | ९ | ० |
| ३ | देउराली आमा समुह | ९ | ० |
| ४ | सूर्यमुखी लालीगुराँस सुन्तला आमा समुह | १७ | ० |
| ५ | महिला आमा समुह | १० | ० |
| ६ | केदार आमा समुह | १३ | ० |
| ७ | झरना बचत महिला समुह | ९ | ० |
| ८ | महिला विकास समुह | २३ | ० |
| ९ | आमा समुह | ३५ | ० |
| १० | कालिका महिला समुह | १२ | ० |
| ११ | सुन्दर महिला समुह | २३ | ० |
| १२ | श्री मालिका आमा समुह | ११ | ० |
| १३ | आदर्श आमा समुह | २० | ० |
| १४ | गुलाफ आमा समुह | ३५ | ० |
| १५ | मिलन आमा समुह | ३८ | ० |
| १६ | बर्मा आमा समुह | ५२ | ० |
| १७ | गुलाब आमा समुह | ३४ | ० |
| १८ | भगवती आमा स समुह | २८ | ० |
| १९ | जनचेतना आमा समुह | ३१ | ० |

| | | | |
|---|---|---|---|
| २० | हिमाल आमा समुह क | ४० | ० |
| २१ | हिमाल आमा समुह ख | ३० | ० |
| २२ | लालीगुँरास आमा समुह | २२ | ० |
| २३ | कालीका आमा समुह | ३६ | ० |
| २४ | कालिका आमा समुह ख | ३१ | ० |
| २५ | प्रगतिशील आमा समुह | ३० | ० |
| २६ | केदारेश्वरआमा समुह | ३२ | ० |
| २७ | कालिका आमा समुह | २८ | ० |
| २८ | शीतल आमा समुह | ३३ | ० |
| २९ | सिर्जनशिल आमा समुह | ३७ | ० |
| ३० | सिर्जना आमा समुह | ३१ | ० |
| ३१ | शिमलफुल आमा समुह | २० | ० |
| ३२ | सफलता आमा समुह | २५ | ० |
| ३३ | प्रगति आमा समुह | २७ | ० |
| ३४ | भगवती आमा समुह | २९ | ० |
| ३५ | शान्ति आमा समुह | ३० | ० |
| ३६ | प्रगतिशील आमा समुह | ५८ | ० |
| ३७ | सहजपुर आमा समुह | ९ | ० |
| ३८ | सि.एल.सी. ग्रुप सहजपुर(क) | ९ | ० |
| ३९ | सि.एल.सी. ग्रुप सहजपुर(ग) | ९ | ० |
| ४० | गुणी आमा समुह | ३० | ० |
| ४१ | शुभलक्ष्मी महिला समुह | ३२ | ० |
| ४२ | सुर्मादेवी स्वास्थ्य महिला समुह | २८ | ० |
| ४३ | शैलेश्वरी आमा समुह | ३३ | ० |
| ४४ | मसुरी महिला बचत समुह | ३७ | ० |
| ४५ | भगवती आमा समुह | ३१ | ० |
| ४६ | ध्रुवतारा आमा समुह | २० | ० |
| ४७ | भासुमाई आमा समुह | २५ | ० |

# परिच्छेद ५ :
# विषयगत क्षेत्रमा परेको प्रभाव, अनुकुलन विश्लेषण तथा योजना निर्माण

## ५.१ विषयगत क्षेत्रमा परेको प्रभावः

स्थानीय अनुकूलन कार्ययोजनाको परीमार्जीत खाका २०७६ ले ८ वटा विषयगत क्षेत्र र अन्य अन्तरविषयगत क्षेत्र गरि तोकिएको साथै यस विधिबाट चुरे गाँउपालिकाको स्थानीय अनुकुलन तयारीका क्रममा १० वटा विषयगत क्षेत्र भित्र रहेर विगत ३० वर्ष पहिले देखि हालसम्म जलवायुमा देखिएको परिवर्तनले विभिन्न क्षेत्रगत प्रभाव तथा हालको अवस्था र भविष्यको अनुमान प्रस्तुत गरिएको छ । पहिलेको अवस्थाबाट वर्तमान अवस्थामा भएको परिवर्तन र भविष्यमा पार्न सक्ने नकारात्मक असरको चित्रण गरिएको छ । जसले जलवायु परिवर्तनको नकारात्मक असरबाट अनुकूलित हुन गर्नुपर्ने कामहरूको प्राथमिकीकरण र लेखाजोखा गर्न मद्दत भएको छ । मानव उत्सुकताकाले प्रकृतिको रुप वदलि रहेको परिप्रेक्षमा मानव वस्ती वाँच्न हामी प्रकृति संग भन्ने आशयका साथ Local adaptation plan of action-LAPA आवश्यक भएको हो । परीमार्जीत स्थानीय अनुकूलन कार्ययोजनाको खाका २०७६ ले दस वटा विषयगत क्षेत्र र यस विधिबाट चुरे गाँउपालिकामा विगत ३० वर्ष पहिले देखि हालसम्म जलवायुमा देखिएको परिवर्तनले विभिन्न क्षेत्रगत प्रभाव तथा हालको अवस्था र भविष्यको अनुमान प्रस्तुत

गरिएको छ । पहिलेको अवस्थाबाट वर्तमान अवस्थामा भएको परिवर्तन र भविष्यमा पार्न सक्ने नकारात्मक असरको चित्रण गरिएको छ । जसले जलवायु परिवर्तनको नकारात्मक असरबाट अनुकूलित हुन गर्नुपर्ने कामहरूको प्राथमिकीकरण र लेखाजोखा गर्न मद्दत भएको छ ।

**तालिका २३: बिषयगत क्षेत्रमा परेको प्रभाव बिश्लेण**

| ३० वर्ष भन्दा अगाडीको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान |
|---|---|---|
| **१. कृषि तथा खाद्य सुरक्षा** | | |
| आकासे पानीको आधारमा खेतीपाती गरिन्थ्यो । कृषिमा प्रयोग हुने गोठे मल प्रांगारिक मलका लागि प्रसस्त गाइ बस्तु पालिन्थ्यो । स्थानीय जातका विउ विजनको मात्र प्रयोग हुन्थ्यो ।वतावरण स्वच्छ , स्वस्थ खाद्य बस्तुका कारण मानव स्वस्थ्यमा खाद्यवस्तुवाट उत्पन्न हुने रोग व्याधि लाग्दैनथ्यो साथै सिमित खाद्य बस्तुका कारण खाद्य अभाव हुने हुँदा प्राकृतिक खाद्य वस्तुहरु - गिठा भ्याकुर आदिको प्रयोग गरिन्थ्यो । | कुलो सिचाईको व्यवस्था व्यवस्थित हुँदै गरेको । खेतबारीमा रासायनिक मलको अत्याधिक प्रयोग हुने गरेको । उन्नत खेती र वीउविजनको प्रयोग । अन्न वालीमा आधुनिकता तिर उन्मुख भएको । पानी समयमा नपर्ने, बाढि पहिरोले खेत बगाउने, मिचाहा प्रजाती देखा परेको । मिचाहा प्रजाति नियन्त्रणको लागि औषधिको प्रयोग । उन्नत जातको पशुपालन शुरु गरिएको । गाइवस्तु पाल्ने चलन कम हुदैं गएको छ । | पक्की तथा व्यवस्थित सिचाई कुलो निर्माण । पानीका मुहानहरु सुक्ने संभावना । प्रांगारिक मलको प्रयोग घट्ने तथा रासायनिक मलको प्रयोग बढने र किटनाशक विषाधिहरुको अत्यधिक प्रयोग हुने । स्थानीय वीउविजनको लोप हुदै जाने स्थानीय स्तरमा खाद्य उत्पादन घट्दै जाने । खेतियोग्य जमिनमा आधुनिक संरचनाले ठाँउ लिने हुँदा आधुनिक पानीको श्रोत बन्दै जाने र सिमित खाद्यान्न उत्पादन हुने हुदा कृषि उत्पादनमा कमि आउने । स्थानीय प्रजातिको पशुचौपाय लोप हुनसक्ने । उन्नत जातका पशुपालनमा बृद्धि हुने । |
| **२.वन, जैविक विविधता तथा जलाधार संरक्षण** | | |
| ८० प्रतिसत भन्दा वढि भू-भाग वन लेओगटेको, चराचुरुङगीहरु प्रसस्त देख्न पाईन्थ्यो । जैविक विविधता युक्त जंगल रहेको थियो, हर्रो, बर्रो, अमला, दालचिनी, लोक्ता बेल आदि प्रयाप्त पाईन्थ्यो । खोला नाला, ताल तलैयामा पाईने जल निर्मल हुन्थ्यो । | घना वनको घनत्वमा कमी तथा पातलो हुदै गएको वन पातलो हुँदै जाने क्रम नरोकिए जंगली जनावर र चराचुरुङ्गिहरु लोप सक्ने खतरा वढेको छ जंगली जनावर र वन्यजन्तुहरु लोप भैसकेको छिटफुट स्याल, मृग, घोरल देखिने गरेको र बाँदर, र पशुपँक्षी देख्न सकिने वाहेक अन्य जनावर देख्न कम भएको , पानी दुषित वन्दै गएको | सवै जनावर हरु लोप हुने खतरामा रहे पनि बादरको संख्यामा वृद्धि हुने, जडिवुटी हरुको लोप हुने मिचाहा प्रजातिहरुको वृद्धि भई जलाधार क्षेत्र तथा जैविक विविधता मा कमी आउन जाने |
| **३. जलस्रोत तथा उर्जा** | | |
| पानीका मूल तथा मुहानहरु प्रयाप्त थिए र पानकिो श्रोत राम्रो । आकाशे पानी मौषम अनुसार पर्दथ्यो । घना जंगल थियो, दाउरा, घाँस नजिकै पाईन्थ्यो । दाउरा र टुकी वत्तीको प्रयोग गरिन्थ्यो । पानी धेरै पर्ने गर्थो । पानी घट्टको प्रयोग । | वन पातलो तथा डोजरको प्रयोगका कारण पानीको मुहानहरु सुक्दै गरेको । हाल ऊर्जाको रुपमा सोलार वत्ती, विजुली बत्ती छिटफुट एल.पी.ग्याँस को बढी प्रयोग गरिन्छ । जंगल मासिदै तथा पातलो हुदे गएकोले घाँस दाउरा पाउन धेरै टाढा जानुपरेको । सामुदायिक वन संरक्षणमा बृद्धि भएको । सोलार वत्ती र बिद्युतको प्रयोग हुने गरेको । पानी घट्टको प्रयोग कम हुदै गएको र सेलरमिलको प्रयोग वढेको । | प्रयावरणनीय अध्ययन बिना गरिने विकासका पुर्वाधार निर्माणका कारणले वनजंगल घट्दै जाने हुँदा सुख्खा खडेरी, खण्डवृष्टि, अतिवृष्टि हुने अवस्था आउन सक्छ । पानीको मुहानहरु सुक्दै जान्छन, भविष्यमा जमिन मुनिको पानी सुक्न सक्ने सम्भावना । निश्चित स्थानमा मात्र रुख बृक्ष रहने भएकोले दाउरा घाँस प्रयोग नगर्ने । सोलार र बिजुलीको अधिकतम प्रयोग भई नयाँ नयाँ ऊर्जाको अविष्कार हुनेछन् । राष्ट्रिय प्रसारण निर्माण हुन सक्ने र प्रयाप्त बिद्युतिय सुबिधा हुने । |
| **४. स्वास्थ्य खानेपानी तथा सरसफाई** | | |

| ३० वर्ष भन्दा अगाडीको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान |
|---|---|---|
| विषादी रहित पोषणयुक्त भोजन हुन्थ्यो । ताजाताजा फलफुल, माछा, मासु, दुध, दही, घ्यू, मह, आदि प्रयाप्त पाईन्थ्यो । स्वास्थ्य चौकी थिएन। प्राकृतिक उपचार, जडीवुटी, धामीझाँक्रिको प्रयोग गरिन्थ्यो । औँलो, झाडा पखाला जस्ता रोगहरु धेरै देखिन्थ्यो । पिउने पानीहरु शुद्धिकरण गरिएको हुदैनथियो । कम सरसफाइ हुने गर्दथ्यो मानिसहरुले सरसफाईलाइ महत्व दिदैनथ्ये । | अधिकतम रासायनिक तथा खाद्यन्नमा रासायनिक विषाधिको प्रयोग भएको खाद्यान्नले नयाँ नयाँ रोगहरु देखा पर्ने गरेको तथा स्वास्थ्यमा असर । मानिसको जिवनशैली र खानपानले मानव रोग मा वृद्धि हुदै गएका, अस्पतालको पहुँचमा वृद्धि सँगै चेतनामा वृद्धि भई स्वास्थ्यमा सचेत रहन थालेको । | मानिसको खानपान जिवनशैली कम शाररिक परिश्रम ले स्वास्थ्य कमजोर हन जाने जंकफुड लगायतका खाद्यन्नले मानव रोगहरु देखा पर्नेछ । प्रकृतिमाऔद्योगिकिकरणका कारण भएको जलवायु परिवर्तन सँगै मानिसको स्वास्थ्यमा समस्या भएको हुने छ, महिलाको पाठेघर समस्या साथै गर्भ तुहिने हुन सक्छ उपचार गर्ने ठाउँको व्यवस्था बढदै गएकोले ठुलाठुला स्वास्थ्य संस्थाहरुको स्थापना हुन सक्ने । प्रेसर, सुगर, हाड जोर्नि, जस्ता नयाँनयाँ रोगहरु देखा पर्ने । |
| **५. जलवायु जन्य प्रकोप न्यूनीकरण तथा विपद जोखिम व्यवस्थापन** | | |
| समयमा वर्षा हुन्थ्यो, तापकम समय अनुकूलन थियो, उर्वराशक्ति प्रसस्त थियो, पानीको स्रोतहरु प्रसस्त थियो हावापानीको प्रभावका कारण उत्पन्न रोगहरु कम थियो । वन विनास थिएन, बाढी कम हुन्थ्यो । वन्यजन्तु प्रसस्त थिए, जडीवुटी प्रचुर मात्रामा पाईन्थ्यो समयमा पानी पर्ने तर पहिरोको जोखिम कम थिय | वर्षा अनिश्चित हुने गरेको छ । तापकम वृद्धि, उर्वराशक्ति घट्दै गएको, पानीका स्रोतहरु सुक्दै गएको रोगको मात्रा बढेको वन विनासमा वृद्धिका कारण बाढी तथा पहिरोको प्रकोप रहेको वन्यजन्तुको संख्यामा कमि पानी कम पर्ने हुदा बाढि र पहिरोले क्षति पुऱ्याएको । | अतिवृष्टि तथा अनावृष्टि हुन सक्ने । प्रतिकुल तापकम, उत्पादनको सम्भावनामा कमि, पानीका स्रोतहरु कहाँ थिए भनेर खोज्नु पर्ने अवस्था झन बढने सम्भावना, मानव स्वास्थ्यका लागि प्रयाप्त खर्च व्यवस्थापन गर्नुपर्ने । वन सम्पदाको अस्तित्व खतरामा, वन्यजन्तु लोप हुने सम्भावना, जडीवुटी नरहने सम्भावना, अग्ला पहाड तथा हिमश्रृखलाहरुमा व्यापक रुपमा पहिरोले क्षति गरेको हुनेछ । |
| **६. स्थानीय ग्रामिण तथा शहरी वस्ती** | | |
| जनसंख्या कम थियो । पातलो वस्ती थियो । सरकारी कार्यालयहरु टाढा थिए । सामान्य गोरेटो बाटोको व्यवस्था थियो । सामान्य माटोढुंगा र काठले बनेका घरहरु थिए, खानेपानी योजना तथा विद्ययालयहरु थिएन । | पक्की घरहरु निर्माणका कामहरु बढिरहेको । सरकारी कार्यालय र गैसस हरुको कार्यालय स्थापनाको क्रम बढदो रहेको गाँउ तथा वस्ती स्तर सम्म मोटरबाटो विस्तारको कार्य भैरहेको । घरको सङ्ख्यामा बृद्धि भएका छ । खानेपानी योजना सञ्चालनमा छन । सामान्य मोटर बाटोको निर्माण भएको छ । विद्यालय भवनको निमार्ण भएको छ । | बढदो शहरिकरणले खेतीयोग्य जग्गा कम हुदै जानेछ । समुदायको पायक पर्ने गरि सरकारी तथा गैसस हरु नजिक रहने र भौतिक संरचनामा व्यापकता रहने । गाँउ तथा समुदायमा पक्की बाटो हुने । प्रयाप्त यातायात सुबिधा रहने छ । पक्की घर, पक्की बाटो, विद्यालयको पूर्वाधारमा बृद्धि, खानेपानी तथा सिँचाइको राम्रो व्यवस्था हुनसक्ने छ । |
| **७. उद्योग यातायात तथा भौतीक पूर्वाधार** | | |
| परम्परागत जिवन शैली थियो । कुनैपनी उद्योग स्थापना भएका थिएनन । सडक तथा यातायातका साधनहरु नभएकाले हिडेँर नै आवतजावत गरिन्थ्यो । | स्थानीयस्तरमा वडा तथा समुदायहरु सम्म कच्ची सडकहरुको ट्र्याक खोलिएका सामान्य ससाना उद्योगहरु स्थापना हुन थालेका छन् । | गाउगाउ तथा वस्तीस्तर सम्मका सबै बाटोहरुमा कालोपत्रे गरिएको हुनेछ । ठूलाठूला उद्योगहरु स्थापना भई रोजगार सृजना हुनेछन् । |
| **८. पर्यटन एवं प्राकृतिक एवं सास्कृतिक सम्पदा** | | |
| जिवन सरल र सहज थियो कृषि तथा पशुपालनमा समय व्यातित हुने, यातायात तथा संचारको साधन नहुने वा पर्याप्त नहुनुले मानिसहरुको | मानसिको जिवनयापन शैलिमा आमुल परिवर्तन भएको छ साथै आन्तरिक तथा वाह्य पर्यटनको विकास भएको छ । मानिसहरु घुमफिर गर्न नयां स्थानमा जान रुचाउन थालेका छन । आफ्नो | मानिसको आयआर्जन मा वृद्धि हुदै जाने आन्तरिक तथा वाहय पर्यटनको संभावना निकै वढेर जाने साथै नयां नयां संस्कार हरु को आवगमन हुदै जाने |

| ३० वर्ष भन्दा अगाडीको अवस्था | हाल महसुस गरिएको प्रभाव | भविष्यको अनुमान |
|---|---|---|
| भ्रमण, घुमफिर कम हुने गर्दथ्यो, आफ्नै मौलिक संस्कृति, पुरानो संस्कार थियो नदीनाला हरु सफा र स्वच्छ थिए । | संस्कृतिलाइ जगेर्ना गर्नु पर्ने भएको छ भने प्रकृतिमाथीको दोहन वढन थालेको छ । प्रकृतिमाथी भएको अधिकतम दोहनका कारण वाढी पहिरो आइ यस क्षेत्रमा डुवान समेत को प्रकोप वढन थालेको छ । | आफना प्राचिन मान्यताहरु परिमार्जित हुदै जाने हुनाले भविष्यमा पुराना संस्कार हटने, मानिसहरुले आफनो भाषा धर्म संस्कृतिलाइ खोजेर पुन संरक्षण गर्नुपर्ने हुन सक्छ । प्राकृति माथीको निरन्तर दोहनले मानवजिवन नै संकटमा पर्न सक्ने देखिन्छ । |
| **९. लैगिंक समानता सामाजिक समावेशिकता, जिविकोपार्जन र शुसासन** | | |
| सरल जिवन शैली थियो । सामाजिक कार्यका अधिकतम जनश्रमदान गरिन्थ्यो । सर्वसम्मत र सामाजिक सम्मान तथा मर्यादाको विश्वास हुन्थ्यो । महिला र पुरुष विच विभेद थियो । | मानव अधिकारको प्रत्याभुतिका लागि आवाज उठिरहेका छन् । सामाजिक श्रमदानमा कमि हुदै गएको छ । सामाजिक शुशासन हुने गरेको छ । जागरणले समानता ल्याउदैछ । | लोकतान्त्रिक पद्दति र लोकतन्त्रको प्रत्याभुति हुनेछ । सामाजिक श्रमदान हुनेछैन र सबै परनिर्भर हुनेछन् । भ्रष्टाचार र अनियमितता गर्ने गराउने दुवै पक्षलाई कारवाहीको कडा कानुनी राज्यको प्रत्याभुति हुनेछ । |
| **१०.जनचेतना अभिवृद्धि तथा क्षमता विकास तथा अनुगमन** | | |
| निश्चित व्यक्तिहरुको इच्छा अनुसार सामाजिक कार्य हुन्थ्यो । केहि सामाजिक कार्यमा मात्र सर्वसम्मत निर्णय तथा सहमतिमा कार्य संचालन गर्ने गरिन्थ्यो । | सामाजिक शुशासन हुने गरेको छ । सामाजिक कार्यमा केहि सचेत नागरिकहरुको चासो बढेको छ । | शुशासन युक्त समाजको निर्माण हुनेछ । |

## ५.२ अनूकुलन कार्यहरुको परिकल्पना, योजना तथा प्राथमिकीकरण

स्थानीय अनुकुलन योजना तयारी गर्ने सन्दर्भमा अनुकुलन कार्यहरुको पहिचा तथा स्थानीय योजना समेत तर्जुमा गरिएको हो समग्र योजना तर्जुमाका वावजुद अनुकुलन कार्यको परिकल्पना तथा क्षमता विश्लेषण गरिएको छ । स्थानीय स्तरमा जलवायु तथा विपद न्युनिकरण का लागि अनुकुलन कार्यमा क्षमताको परिकल्पना, जनशक्ति तयारी तथा क्षमता विकास लैगिंक तथा समावेशिकरण योजना, स्थानीय सरकार तथा सरोकारवालाको जिम्मेवारी तथा अनुकुलनका प्रयास र प्राथमिकिरण गरिएको छ ।

### ५.२.१. उच्च अनूकुलन क्षमताको परिकल्पना

स्थानीय स्तरमा विद्यमान अवस्था र प्रणालीको चित्रण गरीसकेपछि वडा, वस्ती तथा पालिका स्तरीय सरोकारवालाको दृष्टिमा उच्च अनुकूलन क्षमताका परिदृष्यहरूको परिकल्पना गरीएको थियो । तिनै परिकल्पनाहरुका आधारमा यस स्थानीय अनुकूलन कार्ययोजना तयार गरीएको हो । यस स्थानीय अनुकूलन कार्ययोजना निर्माण तथा पुनर्ताजगि गोष्ठीका सहभागीहरुले यस वडाको लागि गरेको परिकल्पनाहरु निम्न अनुसार छन् ।

- स्थानीय वासीहरुमा जलवायु परिवर्तनको बारेमा चेतना अभिवृद्धि भई यसको असरसँग अनुकुलित हुने क्षमता विकास भएको हुनेछ । जसले गर्दा जलवायुजन्य प्रकोपबाट हुने क्षति न्यून भएको हुनेछ ।
- लैगिकता तथा समावेशिकरण संगै अनुकुलन योजना तयार भई सवैलाई अनुकुलित हुने उपायहरुको पहिचान तथा त्यसवाट सहजता भएको हुनेछ ।
- खानेपानीको मुहानको संरक्षणबाट पानीको प्रचुरता भएको हुनेछ ।
- सिंचाई कुलोको मर्मत तथा स्तर उन्नती, सरल सिंचाई प्रविधिको प्रयोगले सिंचाईको उपलब्धतमाा वृद्धि भई कृषि उत्पादनमा वृद्धि हुनुका साथै स्थानीय जनताको आयआर्जनमा टेवा पुगेको हुनेछ ।
- स्वस्थ पिउने पानी तथा सरसफाईको कारण स्थानीय समुदायका स्वास्थ्यमा सुधार आएको हुनेछ ।
- विभिन्न भौतिक पूर्वाधारको निर्माणबाट वडामा बाढी, पहिरो जस्ता जलवायुजन्य प्रकोपको असर कम भई विकास निर्माणमा अग्रसर भएको हुनेछ ।

- दिगो वन व्यवस्थापनका माध्यमबाट वनको हैसियत सुदृढ हुनुका साथै वन डढेलाको प्रकोप पनि कमी आएको हुनेछ र संगसंगै वन विनाश र वन अतिक्रमणमा पनि कमी आएको हुनेछ ।
- उपयुक्त उन्नत जातको कृषिवाली तथा आधुनिक प्रविधिको प्रयोगका कारण कृषि उत्पादनमा वृद्धि भई जीविकोपार्जन सहज भएको हुनेछ ।
- पशु तथा कृषिमा देखा पर्ने रोगको असर कमी भई कृषि उत्पादनमा वृद्धि हुनाले खाद्य सुरक्षा बढ्नेछ ।
- घाँस काट्ने मेशिन, धान झार्ने मेशिन र मकै छोडाउने मेशिनको प्रयोगले महिलाको कार्यबोझमा कमी आएको हुनेछ ।
- भू-क्षमता अनुसारको उचित कृषि प्रविधीहरुको प्रयोग र भू-संरक्षणका उपायहरुको अवलम्बनसंगै भू-क्षयमा कमी आएको हुनेछ ।
- स्थानीयवासीहरुमा जलवायु परिवर्तनको बारेमा चेतना अभिवृद्धि भई यसका प्रभावहरुसँग अनुकूलित हुन तथा समग्र वातावरण तथा पर्यावरणीय प्रणालीको दिगो विकास गर्न प्रशासकिय सिमा भित्र मात्रै सिमित नभई समग्र उप-जलाधार क्षेत्रका माथिल्लो तथा तल्लो तटीय क्षेत्रहरुबीच सहकार्यको शुरुवात भएको हुनेछ ।

### ५.२.२. अनुकुलन तथा विपद व्यावस्थापन क्षमता विकास

यस गाँउपालिकामा भएको जलवायु परिवर्तनको प्रभाव वाट अनुकुलित हुन पालिकामा हुने जोखिम पहिचान गरिएको जलवायु जन्य तथा अन्य विपद जन्य जोखिम हरु प्राथमिकीकरण गरि त्यस वाट पर्न सक्ने विपद न्युनिकरणकालागि स्थानीय तहका क्षमता विश्लेषण गरिएको साथै विपद व्यवास्थापनका लागि योजना तयारी का चरण भएको छलफलवाट थप सामाग्री तयार गर्ने , थप जनशक्ति पहिचान गरि क्षमता विकास गर्नु पर्ने देखिन्छ । गाँउपालिका वडा तथा वस्ती स्तरमा विपद व्यावस्थापनका लागि स्थानीय विपद व्यावस्थापन समिति गठन भएको तथा पुनर्गठन भए वमोजिम अनुसुचीमा उल्लेख गरिएको र सो समितिहरु तथा अन्य जनशक्तिलाइ विपद व्यावस्थापन सम्वन्धी क्षमता विकास गर्नु पर्ने देखिन्छ। जसवाट अनुकुन क्षमता वृद्धि भई तथा न्युनिकरण मा समेत सहजता पुग्न जाने देखिन्छ । क्षमता विकास संगै यस क्षेत्रका जोखिमका आधारमा वस्ती स्तरमा खोज तथा उद्धार तथा पुर्व सुचनाका सामाग्री हरु समेतको व्यावस्थापन गर्नुपर्ने देखिन्छ। विभिन्न सरोकारवाला स्थानीय सरकार नागरिक समाज, प्रदेश तथा संघिय सरकार समेतको सहकार्यमा समुदायलाई अनुकुलन हुने क्षमता विकास गर्नु अपरिहार्य देखिन्छ ।

### ५.२.३. लैगिंक तथा सामाजिक समावेशीकरण समाहित अनुकुलन योजना आवाश्यक्ता विश्लेषण

श्रोतको असमान वितरण संकटासन्नता तथा अनुकूलन क्षमतासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । आर्थिक स्रोतमाथि पहुँच तथा नियन्त्रणको अभावका कारण महिला तथा विपन्नहरू विपद्को समयमा जीविकोपार्जन पुनर्स्थापना का लागि लगानीको अभावका कारण शिघ्र पुनर्लाभ गर्न असमर्थ हुने गर्छन् । लैङ्गिक समानता तथा समावेशी विकासका लागि प्रभावकारी योजना तथा आर्थिक स्रोतको निर्णायक भूमिका रहन्छ । तथापि, आर्थिक स्रोतमा पहुँच तथा स्वामित्वको अभाव, कानूनी सुरक्षा, सूचना तथा बजारमा न्यून पहुँच तथा पारिश्रमिक विनाको सेवामूलक काममा बढी समय खर्चिनुपर्ने जस्ता अवरोधहरूका कारण महिलाहरू जलवायु परिवर्तन सम्बन्धी वित्तीय लाभबाट अझै पनि टाढा नै रहेका छन । प्रत्येक कार्यक्रम बजेटमा लैङ्गिक बजेटिङ गर्ने तथा कार्यक्रमका प्रत्येक चरणहरूमा लैङ्गिक परीक्षण गर्नु उपयुक्त हुन्छ । यसका लागि जलवायु परिवर्तन कोषमा लैङ्गिक सम्वेदनशील मापदण्ड तथा सूचकहरूको समेत विकास गर्नु आवश्यक देखिन्छ । महिलाहरूका लागि लक्षित कार्यक्रमहरू तथा त्यसको उल्लेखित सूचकहरूको आधारमा मूल्यांकन गर्ने पद्धतिलाई समेत संस्थागत गर्नुपर्ने आवश्यकता देखिन्छ ।

- महिला तथा संकटासन्न समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्नका लागि वित्तीय स्रोतमाथिको पहुँच सुनिश्चित गर्ने,

- सबै विषयगत क्षेत्रहरूका जलवायु मैत्री कार्यक्रम तथा योजनाहरूमा महिला तथा संकटासन्न समुदायको लाभांश सुनिश्चित गर्ने संस्थागत प्रणालीको विकास गर्ने ।

लैंगिकता तथा सामाजिक समावेशिकरण गर्दै विषयगत रुपमा जलवायु परिवर्तनको असर तथा प्रभाव कम गरी सहज जिवनयापनका लागि लक्षित वर्गलाई समेटेर जानु अत्यन्त प्रभावकारी र अनिवार्यता हुन जान्छ नेपाल लगायत विश्वमा नै कृषियोग्य जमीनमा महिलाको पहुँच तथा स्वामित्व न्यून रहेको छ । यसका साथै उत्पादनशील स्रोतहरू, कृषि सामग्री, बीमा सेवा तथा अन्य परामर्श सेवामा संकटासन्न समुदाय र त्यसमा पनि महिलाको पहुँच अत्यन्त कम रहेको छ। कृषि तथा पशुपालन सम्बन्धी पारिवारिक निर्णयमा पनि पुरुषहरू कै भूमिका उच्च रहने गर्दछ । नेपालको कृषिमा महिलाहरू कृषि मजदुरको रूपमा ७०% भन्दा बढी योगदान गर्दछन् तर भूमिमाथिको स्वामित्व भने न्युन रहेको छ । यस्तो स्वामित्वमा पनि जमीनका मालिकका रूपमा महिलालाई स्थापित गरेको नभई महिलाका नाउँमा जग्गा खरिद गर्दा राजश्व कम लाग्ने वा सगोलका सम्पतिमा नगाभियोस् भन्ने उद्देश्यले परिवारका पुरुष सदस्यकै निर्णयबाट महिलाको स्वामित्वमा राखेको देखिन्छ। यसरी, एकातिर उत्पादनशील स्रोतहरू माथिको पहुँच सिमित छ भने अर्कोतिर अनुकूलनका लागि विकास गरिएका नयाँ प्रविधिहरू पनि लैङ्गिक उत्तरदायी तथा विपन्नमुखी हुन नसक्दा समानताका हिसावले परिणाममुखी हुन सकेका छैनन । यसैगरी ग्रामीण क्षेत्रका महिला तथा संकटासन्न समुदायहरू वन पैदावारका प्राथमिक उपभोक्ताको रूपमा रहेका छन् र वनजन्य उत्पादनको संरक्षण, व्यवस्थापन र उपभोग सम्बन्धी परम्परागत र व्यवहारिक ज्ञानको एउटा प्रमुख स्रोतको रूपमा समेत रहेका छन् । ऊर्जाको प्रमुख स्रोतको रूपमा रहेको दाउरा संकलन, पशुपालनका लागि घाँसपात लगायत विभिन्न प्रकारका जडिबुटीको महत्व तथा कन्दमूलहरूलाई परिवारको खाद्य सुरक्षाको लागि प्रयोग गर्ने वारेको अनुभव विस्तृत एवं विविधतापूर्ण रहेको छ । घरायसी प्रयोजन र कृषिकार्यमा चाहिने पानी संकलनकर्ता, उपभोक्ता र व्यवस्थापकको रूपमा महिलाहरूकै भूमिका रहेका कारण यो परिस्थितिले उनीहरूको कार्यबोझ बढेको छ । पानी खोज्न निस्कने प्रत्येक महिलाले पानी संकलनका निम्ति बढी समय व्यतीत गर्नुपर्ने भएका कारण आय-आर्जनका क्रियाकलापहरूमा संलग्न हुने अवसरबाट वञ्चित हुनु पर्दछ भने किशोरीहरूका शैक्षिक कृयाकलापहरूमा वाधा पुने गर्दछ । विपद्का घटनाहरूमा पुरुषको तुलनामा महिला तथा किशोरीहरू बढी मात्रामा प्रभावित हुने गरेका छन् । यसको मुख्य कारण समाजमा स्थापित संरचनागत लैङ्गिक मूल्य मान्यता, असमान शक्ति सम्बन्ध तथा स्रोतमाथिको पहुँच तथा नियन्त्रण आदि रहेका छन् । पूर्वतयारी सम्बन्धी ज्ञान र आकस्मिक सूचनाको पहुँच नभएका कारण उनीहरूको मृत्युदर उच्च हुने गरेको पाईन्छ । विपद्को समयमा महिलाहरूको सेवामूलक घरायसी तथा सामाजिक समेत कार्यबोझ बढ्ने तथा आधारभूत सेवा सुविधाहरू अवरुद्ध भएका कारण थप कठिनाई सामना गनुपर्ने हुन्छ। राहत सामग्रीहरूको वितरणमा महिलाहरूका विशिष्ट आवश्यकताहरूलाई प्राथमिकतामा नराखिने तथा अस्थाई आवासहरू लैङ्गिक मैत्री नहुँदा महिलाहरूलाई थप असहजता हुने गर्दछ भने सुत्केरी तथा गर्भवती महिलाहरू विशेष रूपमा प्रभावित हुने गर्दछन् । स्वास्थ्य सेवामा पहुँचको अभावका कारण महिलाहरू सामान्य तथा प्रजनन् स्वास्थ्य सम्बन्धी समस्याको शिकार हुने गरेका छन् । विस्थापित भएको अवस्थामा सुरक्षित आवासको अभावमा महिलाहरू यौनजन्य तथा घरेलु हिंसाको समेत जोखिममा रहने गर्छन् । स्वास्थ्य सेवामा न्यून पहुँच, स्वस्थ जीवनशैली र संस्कार सम्बन्धी चेतनाको अभाव, घरायसी र सेवामूलक कार्यबोझ, आर्थिक स्रोतको अभाव जस्ता कारणहरूले गर्दा महिलाहरूको सामान्य तथा प्रजनन् स्वास्थ्य जोखिमपूर्ण अवस्थामा गुज्रेको पाईन्छ । जलवायु परिवर्तनका कारण कृषि, ऊर्जा, जलस्रोत, वन लगायतका क्षेत्रमा परेको नकारात्मक असर र यसको परिणाम प्रत्यक्ष र अप्रत्यक्षरूपमा महिला स्वास्थ्यमा देखा परेको अवस्था छ । विश्व स्वास्थ्य संगठनको एक अध्ययन अनुसार जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पार्ने असर उमेर, सामाजिक-आर्थिक वर्ग, पेशा र लिङ्गका आधारमा फरक हुने गरेको छ । उद्योग तथा यातायात क्षेत्रका हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्नुपर्ने र हरित उद्यम प्रवर्द्धन मार्फत् महिला तथा संकटासन्न समुदायको आर्थिक उन्नति गर्नुपर्ने प्रमुख आवश्यकता रहेको छ । यसका साथै उद्योगहरूमा प्रयोग भएको प्रविधि महिला मैत्री नभएका कारण समग्र क्षेत्रमा नै महिला सहभागिताको कमी रहेको र महिला मैत्री प्रविधिको विकास गरी यस क्षेत्रमा लैङ्गिक समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिन्छ । जलवायु परिवर्तनको असरका कारण प्राकृतिक सम्पदाहरू

जोखिममा पर्न गएका छन् । कुनै पनि भौगालिक क्षेत्रको विशिष्ट साँस्कृतिक पहिचान उक्त क्षेत्रको प्राकृतिक वातावरणमा आधारित हुने भएकोले जलवायु परिवर्तनका कारण विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने समुदायको विशिष्ट पहिचान, जीवन शैली र रहनसहनमा परिवर्तन आएको महसुस गरिएको छ। पर्यटन क्षेत्रलाई जलवायु तथा लैंगिकता मैत्री बनाउँदै हरित आर्थिक विकासका अवसरहरू अभिवृद्धि गर्नुपर्ने प्रमुख आवश्यकता रहेको छ । पानी, दाउरा, घाँस जस्ता प्राकृतिक स्रोतको उपलब्धतामा आएको ह्रासका कारण महिला तथा संकटासन्न समुदायको कार्यबोझ साथै लागत बढ्न गई पर्यटन व्यवसायमा नकारात्मक प्रभाव परेको छ भने कतिपय ठाउँमा पानीका स्रोतहरूको अभावमा कतिपय वस्तीहरू नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्था समेत उत्पन्न भएको छ । उपयुक्त मौसम पूर्वसूचना प्रणालीको सहज उपलब्धता र पहुँच नभएका कारण वाह्य पर्यटकका साथै आन्तरिक पर्यटकहरू विशेष गरी तिर्थाटनका लागि जाने महिला, बालबालिका, ज्येष्ठ नागरिकहरू उच्च जोखिममा पर्ने गरेका छन् ।

जलवायु परिवर्तन का सवालहरुवाट संकटासन्न समुदायको उत्थानशीलताका लागि गर्नपर्ने कृयाकलापहरु

- वन, जैविक विविधता तथा जलाधार संरक्षण र व्यवस्थापनको सबै तहका निर्णय प्रकृयामा महिला सहभागिता तथा नेतृत्व सुनिश्चित गर्ने, साथै न्यायोचित वितरण प्रणालीको सुनिश्चितता गरी वनमा आश्रित जीविकोपार्जनको प्रवर्द्धन मार्फत् महिला तथा संकटासन्नहरूको अनुकूलन क्षमता वृद्धि गर्ने ।
- जलवायु, जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी नीति तथा कानूनमा लैङ्गिक दृष्टिकोण मूलप्रवाहीकरण गर्ने तथा निर्णय प्रकृयामा महिला तथा संकटासन्नहरूको सहभागिता अभिवृद्धि गर्ने ।
- महिलाको पहुँच र प्रयोगका हिसावले सहज एवं समय र इन्धनको हिसावले किफायती ऊर्जा प्रविधिको विकास तथा विस्तार गर्नुपर्ने ।
- महिलाहरूलाई विपद् प्रतिकार्य सम्बन्धी प्राविधिक ज्ञान तथा सीपहरू उपलव्ध गराउने र नियमित रूपमा कृत्रिम घटना अभ्यासहरू मार्फत् क्षमतालाई अध्यावधिक गर्ने तथा विपद्का समयमा आईपर्ने महिला हिंसा तथा त्यसबारे सचेतना वृद्धि गर्नुका साथै सुरक्षा सम्बन्धी आवश्यक संयन्त्रहरूको स्थापना तथा विकास गर्ने साथै महिला तथा अति संकटासन्न समुदाय केन्द्रित जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन तथा समग्र विकासका कार्यक्रमहरू संचालन गर्ने ।
- जलवायु परिवर्तनबाट स्वास्थ्य क्षेत्रमा परेको लैङ्गिक असरवारे अध्ययन अनुसन्धान गर्ने तथा अनुकूलनका उपायहरूको पहिचान गर्ने तथा समग्र रूपमा उत्थानशीलता अभिवृद्धि गर्ने तथा आधारभूत सुविधासहितको लैङ्गिक मैत्री सुरक्षित एवं जलवायु उत्थानशील आवासलाई प्रोत्साहन गर्ने ।
- जलवायु परिवर्तनका कारण विभिन्न क्षेत्रमा परेको लैङ्गिक तथा सामाजिक प्रभावहरूको अध्ययन, अनुसन्धान र लेखाजोखा गरी प्राप्त नतिजालाई नीति निर्माण तथा निर्णय प्रकृयासँग समायोजन गर्ने ।

## ५.२.४ जलवायु परिवर्तन सम्वन्धी लैंगिक तथा सामाजिक समावेशिकर०ाका लागि स्थानीय सरकारको जिम्मेवारी

स्थानीय जलवायु परिवर्तन अनुकुलन योजना तयारी गरिरहेको सन्दर्भमा यस योजना मा लैंगिकताका सवाल हरुलाई सम्वोधन गर्दै स्थानीय सरकार तथा यस संग आवद्ध नागरिक समुहको तथा समुदायको भुमिका लाई महत्वपुर्ण मान्न सकिन्छ। जलवायु परिवर्तन संग अनुकुलित भई विपद व्यावस्थापनका लागि समुदाय स्तरवाटै पहल गरिनु र तर्जुमा गरिने योजना संगै समायोजन गर्न आवाश्यक्ता रहेको छ ।

- जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणका लागि लैङ्गिक उत्तरदायी पूर्वसूचना प्रणाली स्थापना गर्ने तथा लैङ्गिक तथा सामाजिक मैत्री आवश्यकता पहिचान योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।
- जलवायु परिवर्तन सूचना, सामग्री प्रसारसेवा तथा वित्तीय स्रोतहरूमा महिला तथा संकटासन्न समुदायको पहुँच सुनिश्चित गराउने, उद्यम प्रवर्द्धन र लैङ्गिक मैत्री स्थानीय वजार संयन्त्रको विकास गर्ने ।

- संकटासन्नता तथा लैङ्गिक विश्लेषणका आधारमा लक्षित समूहको पहिचान गरी जीविकोपार्जनका लक्षित कार्यक्रमहरू तर्जुमा एवं कार्यान्वयन गर्ने ।
- सम्बन्धित समितिका काम हेर्ने शाखाहरूमा कर्मचारी नियुक्ति तथा पदस्थापन गरी उनीहरूको जिम्मेवारीमा परेका कामहरू प्रभावकारी ढंगबाट सम्पादन गर्न अभिप्रेरणा र आवश्यक ज्ञान, सीप र दक्षता अभिबृद्धि गर्ने तालिम प्रदान गर्ने ।
- स्थानीय अनुकूलन योजना र कार्यक्रमहरूमा अनिवार्य रूपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालहरूलाई समेट्ने ।
- स्थानीय तहमा गठन हुने विभिन्न समिति तथा संयन्त्रहरूमा महिला र संकटासन्न समूहहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- गाउँ तथा नगरपालिकाहरूमा गठन भएका विषयगत समितिहरूमा जलवायु परिवर्तन र लैङ्गिक तथा सामाजिक समावेशीकरण हेर्नको लागि सामाजिक विकास समिति र वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई तोक्ने ।
- स्थानीय स्तरमा भएका जलवायु परिवर्तन अनुकूलन सम्बन्धी असल अभ्यासहरूको लैङ्गिक दृष्टिकोणले अभिलेखीकरण गर्ने ।

## ५.२.५ नागरिक समाज, गैरसरकारी संघ, संस्था तथा समुदायमा आधारित संस्थाहरू को भुमिका

- जलवायु मैत्री लैंगिक समानता तथा सामाजिक समावेशीकरण लाई प्रभावकारी कार्यान्वयनका लागि विभिन्न तहका सरकारलाई सहयोग पुऱ्याउने ।
- जलवायु परिवर्तनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको आवश्यकता, महत्व सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।
- लैङ्गिक उत्तरदायी अध्ययन अनुसन्धान तथा लैङ्गिक अवधारणा पहिचान गर्न सहयोग पुऱ्याउने तथा लैङ्गिक विश्लेषणका लागि स्थानीय परिवेश अनुसार विधि र औजारहरूको विकास र प्रयोगमा सहयोग पुऱ्याउने ।
- लैङ्गिक तथा सामाजिक समावेशिकरणका तथ्यांक, आवश्यकता र प्राथमिकताको पहिचान र अभिलेखीकरण गर्न सहयोग पुऱ्याउने ।

### ५.२.६ जलवायु परिवर्तन अनूकुलन तथा विपद् जोखिम व्यवस्थापन योजना

विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनका असरहरूको सामना गरी परिवर्तित सहज जीवनयापन गर्न सक्ने अवस्थाको सृजना गर्ने प्रक्रिया, स्थानीय परिस्थिति अनुसार अल्पकालीन र दीर्घकालीन अनुकूलनका रणनीतिहरूको अवलम्बन गर्न सकिन्छ । यस रणनीति तथा उपायहरु अवलम्बन गरी गाँउपालिकाले तयार गरेको जलवायु परिवर्तन अनुकूलन योजना कार्यान्वयनमा सवै सरोकारवालाहरुको सहयोगमा सम्पन्न गरिने छ ।

**तालिका २४ : स्थानीय अनुकुलन व्यावस्थापन योजना**

| जलवायु उत्पन्न प्रकोपहरू | प्रभावित जीविकोपार्जनका स्रोतहरू | प्रकोपले पारेका असरहरू | समुदायले अपनाएका जुध्ने उपायहरू | उपायहरू दिगो पना | वैकल्पिक अनुकूलनका उपायहरू तथा विपद जोखिम न्यूनिकरण |
|---|---|---|---|---|---|
| **पहिरो तथा वाढी** | खेतीयोग्य जमिन कटान हुनु, खेतिपाती नष्ट हुनु आवतजावतमा अवरुद्द, | खेतीयोग्य जमिन क्षति भएको हुनु, उत्पादकत्वमा कमी, खानेपानी र सिचाईमा क्षति, पशुपंछि मर्ने, | स्थानीय जग्गाधनीको प्रयासमा छेकवार तथा वृक्षारोपण गरेको | छेकवार दिगो नभएको तथा वृक्षारोपण दिगो हुने | तारजालि तटवन्ध, बृक्षरोपण, डालेघास रोपन, जैविक तटवन्ध, सिचाई कुलो मर्मत, खानेपानी मर्मत, |

| जलवायु उत्पन्न प्रकोपहरू | प्रभावित जीविकोपार्जनका स्रोतहरू | प्रकोपले पारेका असरहरू | समुदायले अपनाएका जुध्ने उपायहरू | उपायहरू दिगो पना | वैकल्पिक अनुकूलनका उपायहरू तथा विपद जोखिम न्यूनिकरण |
|---|---|---|---|---|---|
| **सुख्खा खडेरी** | अन्नवाली र तरकारी वाली सुकेर नाश हुनु, फलफूल सुक्नु | उत्पादनमा कमी हुनु, भोकमरी हुनु, पानीका मुहान सुक्नु, जग्गाको बाझोपना बढनु, मानवीय स्वास्थ्यमा असर, कुपोषण बढनु, जैविकविविधतामा असर | आकाशे पानीको पर्खाईमा रहेको, खाद्यान्न खरिद गर्नुपर्ने, | छैनन | बेमौसमी तरकारीखेती, सुख्खा सहने वाली, आधुनिक खेती प्रणालीको विकास, प्लाष्टिकघरमा खेती तथा आधुनिक खेती प्रणाली |
| **तुषारो** | चिसो मौसममा हुने अन्न तथा तरकारी वालीहरु नोक्सान | चिसो मौसममा हुने आलु, गहु लगायत वालीहरु तुषारोले सखाप पार्नु | तरकारी खेती का लागि टनेल तयार गर्नु | कृषकहरुका लागि ल्पाटिक घर उपलब्ध गराउन सके नियमित आम्दानी हुने | टनेल व्यावस्था गरी टनेल भित्र गरिने खेति गर्नु |
| **आगलागि** | जडिवुटि पाउन छोडनु, जंगल नष्ट हुनु, वन्यजन्तु को वासस्थान नाश हुनु, घर तथा गोठहरु जलेर नोक्सान हुनु । | जडिवुटि पाउन छोडनु, धनजनको क्षति, पशुपंछि को वासस्थान नाश, वन्यजन्तु लोप हुनु, घरवार विहिन हुनु । | घर वरिपरि सरसफाई | छैन | अग्नी नियन्त्रण तालिम र प्रविधि सहयोग, होडिङ्ग वोर्ड स्थापना, जैविकविविधता तालिम, जनचेतनामूलक तालिम, गोष्ठि |
| **असिना** | खेतीपाति नष्ट हुनु, नगदेवाली नष्ट, वन्यजन्तुको वासस्थान नाश, | लोपोन्मुख वन्यजन्तुको लोप हुनु, खाद्यान्न वाली नष्ट, नगदेवाली नष्ट, चौपााय मर्नु, | कतैकतै टनेल खेति शुरु गर्नु | छैन , सवैले टनेलमा खेति गरे दिगोपना हुन सक्ने | टनेल खेती, समयानुकूल खेतीपाति |
| **कृषिमा रोग** | अन्नवाली, तरकारी वाली, फलफूल खेती, नगदेवाली को उत्पादकत्व कम हुनु, | स्थानीय वीउविजन पाउन छोडनु, नयांनयां रोगकिरा देखापरेको, खाद्यान्न वालीको मुल्य बृद्धि, वीउमा रोगकिरा, विषादी प्रयोगले मानव स्वास्थ्यमा समेत असर गर्नु । | परम्परागत चालचलनमा सिमित, रासायनिक विषादी प्रयोग | छैन | जैविक विषादी सम्बन्धि तालिम र सहयोग, कृषि प्राविधिक तालिम, वाली बिमा |

## ५.२.७. अनूकलुन कार्यहरुको प्राथमिकीकरण

यस गाँउपालिकामा भएको जलवायु परिवर्तनको प्रभाव वाट अनुकुलित हुने सन्दर्भमा पालिकामा गरिने कार्यहरुको प्राथमिकीकरण गर्नको लागि विभिन्न आधारहरु जस्तैः प्रभावकारिता, सम्भाव्यता, दिगोपना, खर्चको मितव्ययिता, संकटासन्नमुखी, लक्षितवर्गमूखी, तथा महिला प्रति संवेदनशिलता निर्धारण गरीएका थिए । प्राथमिकीकरणको लागि यसमा १ देखि ३ सम्मको अङ्कभारको प्रयोग गरीएको थियो । अङ्कभार १ ले उक्त आधारहरु राम्ररी पूरा गर्न नसक्ने भन्ने जनाउँछ भने अङ्कभार ३ ले आधार राम्ररी पूरा गर्न सक्ने जनाउँछ । खर्चको मितव्ययिताको सम्बन्धमा भने कम खर्चिलोलाई ३ अंक र धेरै खर्चिलोलाई १ अंक दिइएको थियो । त्यस पछि सबै विश्लेषणको नतिजालाई जोडेर कूल जम्मा निकालिएको हो । उक्त कूल जम्मामा अंकको आधारमा नै अनुकूलनका क्रियाकलापहरुको प्राथमिकीकरण गरीएको छ । जुन क्रियाकलापले बढी अंक प्राप्त गरेको थियो उक्त क्रियाकलापलाई योजनामा पहिलो प्राथमिकतामा राखिएको छ । यस विश्लेषणबाट प्राप्त नतिजालाई अनुकूलन कार्ययोजनामा प्राथमिकताका साथ राखिएको छ । तर यसो भन्दैमा

कुनै क्रियाकलापले उत्कृष्ट अंक ल्याउदैमा उक्त क्रियाकलाप नै सबै स्थानको लागि सर्वोत्कृष्ट भन्ने चाहि होइन, स्थान अनुसार क्रियाकलापको उत्कृष्टता फरक हुन सक्छ ।

**तालिका २५ : अनुकुलन उपायहरुको प्राथमिकिकरण**

| प्रकोप | अनुकुलनका उपायहरु | प्रभावकारिता | संभाव्यता | दिगोपना | खर्चको मितव्ययीता | लक्षित वर्ग | महिलाको कार्यबोझमा कमी | जम्मा | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|
| बाढी पहिरो | सिंचाई कुलो मर्मत तथा स्तरउन्नती | ३ | ३ | ३ | २ | २ | ३ | १६ | पहिलो |
| | वायोइन्जीनियरिङ (भकारी वाध्ने) | २ | ३ | २ | ३ | ३ | २ | १५ | दोश्रो |
| | तटवन्ध निर्माण, ग्यावियन पर्खाल | ३ | ३ | ३ | २ | ३ | २ | १६ | पहिलो |
| | लैगिंक समानता सहितको खोज तथा उद्दार तालिम | २ | ३ | ३ | २ | ३ | ३ | १६ | पहिलो |
| | लाइफ ज्याकेट खरिद | २ | ३ | ३ | २ | ३ | २ | १५ | दोश्रो |
| | लैगिंकता मैत्रीपूर्ब सूचना प्रणलीको स्थापना | २ | ३ | ३ | २ | ३ | ३ | १६ | पहिलो |
| | आकस्मिक कोषको स्थापना | ३ | ३ | ३ | १ | ३ | २ | १५ | दोश्रो |
| | पहिरो कटान क्षेत्रमा फलफुल खेती तथा डालेघाँस रोपण तथा विस्तार | ३ | ३ | ३ | २ | २ | ३ | १६ | पहिलो |
| | नदी किनारमा वृक्षारोपण | ३ | ३ | २ | ३ | ३ | २ | १६ | पहिलो |
| कृषि तथा पशुमा रोग | रोग किरा प्रतिरोधी प्रजातिहरुको प्रवर्द्धन | ३ | १ | २ | २ | ३ | ३ | १४ | तेश्रो |
| | वाली विमा | २ | २ | ३ | ३ | ३ | २ | १५ | चौथो |
| | माटो परिक्षण शिविर | ३ | ३ | २ | २ | ३ | २ | १५ | दोश्रो |
| | माटोको उपचार | ३ | ३ | ३ | २ | २ | २ | १५ | दोश्रो |
| | विउ भण्डारणका लागि सुरक्षित झोला ( सुपर ग्रेन व्याग ) | ३ | ३ | २ | २ | २ | २ | १४ | तेश्रो |
| | प्रांगारिक मल तथा जैविक विषादी तयारी तालिम | ३ | ३ | ३ | २ | ३ | २ | १६ | पहिलो |
| | लैगिक समावेशी सहितको घर वगैचा तालिम | २ | ३ | ३ | २ | ३ | ३ | १६ | पहिलो |
| | तरकारी खेतीका लागि नर्सरी स्थापना | २ | ३ | ३ | २ | ३ | २ | १५ | दोश्रो |
| | घर वगैचा स्थापना | २ | ३ | ३ | २ | ३ | २ | १५ | दोश्रो |
| | माहुरी पालन तालिम तथा घार वितरण | २ | ३ | २ | २ | ३ | २ | १४ | तेश्रो |
| | पशु विमा | ३ | २ | ३ | २ | ३ | ३ | १६ | पहिलो |
| | पशुपालन सम्वन्धि तालिम | ३ | ३ | २ | २ | ३ | ३ | १६ | पहिलो |
| | पशु स्वास्थ्य शिविर | ३ | ३ | ३ | २ | ३ | २ | १६ | पहिलो |
| | भकारो सुधार | २ | ३ | ३ | २ | ३ | ३ | १६ | पहिलो |
| | वाखाको खोर सुधार | २ | ३ | ३ | २ | ३ | ३ | १६ | पहिलो |
| | नश्ल सुधार (वोका) बोयर | ३ | ३ | ३ | २ | २ | २ | १५ | दोश्रो |
| | नश्ल सुधारका लागि कृतिम गर्भाधान (गाई र भैसी) | ३ | २ | ३ | १ | २ | २ | १३ | चौथो |
| खडे | सुख्खा सहने प्रजातिको प्रवर्द्धन(गहु, मकै, धान) | ३ | २ | ३ | १ | ३ | ३ | १५ | दोश्रो |

| प्रकोप | अनुकुलनका उपायहरु | प्रभावकारिता | संभाव्यता | दिगोपना | खर्चको मितव्ययीता | लक्षित वर्ग | महिलाको कार्यबोझमा कमी | जम्मा | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिंचाई नहर,कुलो मर्मत तथा स्तरउन्नती | ३ | ३ | ३ | १ | २ | ३ | १५ | दोश्रो |
| | प्लास्टिक घरमा वेमौषमी तरकारी खेती | ३ | ३ | २ | २ | ३ | ३ | १६ | पहिलो |
| | संरक्षण पोखरी निर्माण | ३ | ३ | ३ | १ | ३ | ३ | १६ | पहिलो |
| | पक्की सिंचाई पोखरी | ३ | ३ | ३ | १ | २ | ३ | १५ | दोश्रो |
| मिचाहा प्रजाति | झाडी सफाई | ३ | ३ | २ | ३ | ३ | २ | १६ | पहिलो |
| | मिचाहा प्रजातिहरु जस्तै वनमारा उखेलेर फाल्ने | १ | ३ | २ | ३ | २ | २ | १३ | चौथो |
| | मिचाहा प्रजाति प्रयोग गरी वायोब्रिकेट तथा वायोचारउत्पादन | ३ | ३ | ३ | २ | २ | ३ | १६ | पहिलो |
| | वन व्यवस्थापन (हाँगा काटछाट) | ३ | ३ | ३ | ३ | २ | २ | १६ | पहिलो |
| | खुल्ला चरिचरण रोक्ने | ३ | ३ | ३ | २ | २ | ३ | १६ | पहिलो |
| मानवमा रोग | स्ट्रेचर खरिद | ३ | ३ | १ | ३ | ३ | ३ | १६ | पहिलो |
| | प्राथमिक उपचार सम्बन्धि तालिम तथा प्राथमिक उपचार सामग्री सहितको बाकस खरिद लैंगिक समावेशिता सहित | ३ | ३ | २ | २ | ३ | ३ | १६ | पहिलो |
| | स्वास्थ्य चौकीको सबलिकरण | ३ | ३ | ३ | १ | ३ | ३ | १६ | पहिलो |
| | जनचेतनामुलक कार्यक्रम | ३ | ३ | ३ | २ | २ | ३ | १६ | पहिलो |
| | पानीको शुद्धिकरण | ३ | ३ | २ | ३ | १ | २ | १४ | तेश्रो |
| | औषधीयुक्त झुल खरिद | २ | २ | २ | ३ | ३ | २ | १४ | तेश्रो |
| | पोषण सम्वन्धि तालिम | २ | ३ | २ | २ | २ | २ | १३ | चौथो |
| | आपतकालिन कोषको स्थापना | ३ | ३ | ३ | २ | ३ | २ | १६ | पहिलो |
| अन्य अनुकूलनका उपायहरु | घास काटने मेसिन खरिद | ३ | २ | ३ | २ | ३ | ३ | १६ | पहिलो |
| | धान झार्ने मेसिन खरिद | ३ | ३ | ३ | २ | २ | ३ | १६ | पहिलो |
| | मकै छोडाउने मेसिन खरिद | ३ | ३ | ३ | २ | २ | ३ | १६ | पहिलो |
| | च्याउ खेती | २ | ३ | ३ | २ | ३ | ३ | १६ | पहिलो |
| | घास रोपण | ३ | ३ | ३ | २ | १ | २ | १४ | तेश्रो |
| | कृषि उपज संकलन केन्द्रको स्थापना तथा सवलिकरण | ३ | ३ | ३ | १ | २ | ३ | १५ | दोश्रो |
| | सामुदायिक बिउँ बैंकको स्थापना | ३ | ३ | ३ | १ | २ | २ | १४ | तेश्रो |
| | सुधारिएको चुलो | ३ | ३ | ३ | २ | २ | ३ | १६ | पहिलो |
| | गोवरग्यास प्लान्ट निर्माण | ३ | ३ | ३ | २ | १ | ३ | १५ | दोश्रो |
| | सोलार प्यानल खरिद तथा वितरण | २ | ३ | ३ | १ | २ | २ | १३ | चौथो |

| प्रकोप | अनुकुलनका उपायहरु | प्रभावकारिता | संभाव्यता | दिगोपना | खर्चको मितव्ययीता | लक्षित वर्ग | महिलाको कार्यबोझमा कमी | जम्मा | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|
| | फलफुल खेती सम्वन्धि तालिम तथा विरुवा वितरण | ३ | ३ | ३ | २ | २ | २ | १५ | दोश्रो |

विभिन्न प्रकोप हरुवाट अनुकुलन हुन यस विधि अन्तर्गत अनुकुलनका कार्यहरुको प्राथमिकीकरण गरिएको हो यसका लागि विभिन्न आधारहरु निर्धारण गरि विश्लेषण गरिएको हो यस विश्लेषण वमोजिम १३ अँक देखि १६ अँक सम्म देखिएको छ । यस वाट वढी अँक आउने अनुकुलनका उपायहरुको स्तर पहिलो र कम अँक आउने अनुकुलनका उपायको स्तर चौथो रहेको छ । पहिलो र दोश्रो स्तरमा पर्ने आयोजना हरु कार्यान्वयन गर्दा अनुकुलनका हिसावले उपर्युक्त हुने देखिन्छ ।

## ५.३ जलवायु परिवर्तन अनूकुलन तथा विपद् जोखिम व्यवस्थापन योजना

चुरे गाँउपालिकाको जलवायु परिवर्तन स्थानीय अनुकुलुन योजना तयार गर्ने क्रममा विभिन्न चरणमा  गाँउपालिका, वडा तथा वस्तीका भिन्न समुदाय, भिन्न वर्ग र भुगोलमा भिन्न भिन्न व्यक्ति तथा समुहमा छलफल गरि विभिन्न तथ्याँक संकलन गरि प्रकोप पहिचान, जोखिम वडा तथा वस्ती पहिचान तथा प्राथमिकिकरण, जोखिम पहिचान तथा विश्लेषण, ऐतिहासिक समय रेखा विश्लेषण जस्ता विश्लेषण तथा विभिन्न पात्रोहरु तयार तथा विश्लेषण, जलवायु परिवर्तनको अवस्था विश्लेष्ण गरि यस वाट हुने क्षति न्युनिकरण गर्न तथा समय सँगै अनुकुलित हुन स्थानीय योजना तर्जुमा समिति, विपद् व्यावस्थापन समिति तथा सम्वन्धीत जानकार हरु वाट यस वडा क्षेत्र भित्र जलवायु अनुकुलन कार्यढाँचाको अधिनमा रहेर विषयगत तथा अन्तर विषयगत क्षेत्रहरुमा आगामी ५ वर्षका लागि कार्ययोजना तर्जुमा गरिएको हो ।

## चुरे गाँउपालिका स्थानीय अनुकुलन कार्ययोजना ०७९/०८० देखि ०८१/०८२ सम्म

**तालिका २६: स्थानीय अनूकुलन कार्ययोजना**

| क्र सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| **१** | **कृषि तथा खाद्य सुरक्षा** | | | | | | | | | | | | |
| १.१ | फलफुल खेती विस्तार (सुन्तला आँप लिचि कागगती) | मिलनपुर, टाँकवजाडी, चटकपुर, किम्तोला, साइलेक, चोटटे, सिमली, कनकेडी, वेसना, वसन्तपुर, सहजपुर, सल्लेरी, भटटेनी, छकालेपानी, | घरधुरी | ३०० | १५० | १०० | १५००० | १०० | १५००० | १०० | १५००० | ४५००० | सम्वन्धीत उद्यमी, कृषि तथा पशु स्वास्थ्य कार्यलय, वडा तथा चुरे गापा, प्रदेश तथा संघिय सरकार र सरोकारवाला संघ संस्था |
| १.२ | खैराला सल्लेखोला फलफुल खेती प्रर्वद्धन तथा विस्तार | खैरला, सल्लेखोला तथा आवाश्यक स्थानमा | स्थान | ३ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १५०० | ”” |
| १.३ | तरकारी खेती का लागि जाली सहितको तथा प्लाष्टिक घर निर्माण र थोपा सिंचाई | मिलनपुर, टाँकवजाडी, चटकपुर, किम्तोला, साइलेक, चोटटे, सिमली वडा नं. ५, ६ को वगैचुला, ढुंगनेनी तथा तल्लो मल्लो क्षेत्र र २ को वसन्तपुर सल्लेखोला, गर्भा दरवार, तिल्केती राताखाले | घरधुरी | ३०० | १०० | १०० | १०००० | १०० | १०००० | १०० | १०००० | ३०००० | ”” |
| १.४ | कृषि उपज संकलन केन्द्र | अलाड, शिवनगर, गर्भादरवार, घरखेडा | स्थान | ४ | २००० | १ | २००० | २ | ४००० | १ | २००० | ८००० | ”” |
| १.५ | मौरी पालन व्यावसाय | सायल तथा पालिका भित्र | घरधुरी | १०० | १०० | २० | २००० | ४० | ४००० | ४० | ४००० | १०००० | सम्वन्धीत उद्यमी, कृषि तथा पशु स्वास्थ्य कार्यलय, वडा तथा चुरे गापा, प्रदेश तथा संघिय सरकार र सरोकारवाला संघ संस्था |

| क सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| १.६ | वाखापालन व्यावसाय सुधार तथा विस्तार | पालडी, निगाली , सायल, जकाती , वालुवागडा, गर्भा | घरधुरी | २०० | १०० | १०० | १०००० | ५० | ५००० | ५० | ५००० | २०००० | ”” |
| १.७ | पशु उपचार शिविर (घुम्ती शिविर) | गाँउपालिका क्षेत्र भित्र | पटक | ६ | १५० | २ | ३०० | २ | ३०० | २ | ३०० | ९०० | ”” |
| १.८ | तरकारी तथा फलफुल खेती नर्सरी स्थापना | मिलनपुर, टाँकवजाडी, चटकपुर, किम्तोला, साइलेक, चोटटे, सिमली | वटा | ७ | २०० | २ | ४०० | ३ | ६०० | २ | ४०० | १४०० | |
| १.९ | कृषि औजार वितरण (मिनि टिलर, थ्रेसर, वडिजो क्यास्ट्रचर) | पालिका भित्रका कृषक हरु | वार्षिक | ६ | २००० | २ | ४००० | २ | ४००० | २ | ४००० | १२००० | ”” |
| १.१० | खोर तथा गोठ सुधार तथा विस्तार | चौरपानी, थली, वसहर, वाहुनपानी, कैलेखोला, पालडी, निगाली , सायल | वटा | ३०० | ५० | १०० | ५००० | १०० | ५००० | १०० | ५००० | १५००० | ”” |
| १.११ | कृषि उत्पादन तथा भण्डारण तालिम | गाँउपालिका क्षेत्र भित्र | वार्षिक | ३ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ६०० | ”” |
| १.१२ | कृषि तथा वाली विमा | गाँउपालिका क्षेत्र भित्र | बार्षिक | ३ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ६०० | ”” |
| १.१३ | पशुविमा | गाँउपालिका क्षेत्र भित्र | पटक | ३ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ६०० | ”” |
| १.१४ | स्थानीय तथा उन्नत माछा पालन सुधार तथा विस्तार | चोट्टे तथा संभावित क्षेत्र | वटा | १५ | २००० | ५ | १०००० | ५ | १०००० | ५ | १०००० | ३०००० | ”” |
| १.१५ | सुन्तला पकेट क्षेत्र विस्तार तथा तालिम | कनकेडी, वेसना, वसन्तपुर, सहजपुर, सल्लेरी, भटटेनी, छकालेपानी, गाँउपालिका क्षेत्र भित्र | पटक | ३ | २००० | १ | २००० | १ | २००० | १ | २००० | ६००० | ”” |

| क सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| १.१६ | सुन्तला टिप्ने, औषधी छिटने मेशिन तथा क्रेटहररु | गर्भा दरवार, कनकेडी, वेसना, वसन्तपुर, काफलैरा, वसहर, भक्तपुर, सहजपुर, सल्लेरी, भटटेनी, छकालेपानी, | वटा | ३० | ५० | १० | ५०० | १० | ५०० | १० | ५०० | १५०० | ”” |
| १.१७ | माटो परिक्षण | वडा तथा गाँउपालिका | वटा | ३ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ३००० | ”” |
| १.१८ | उन्नत वीउ विजन वितरण | खैरला, सल्लेखोला, वडा नं. ६ , ५ तथा अन्य वस्ती हरु | घरधुरी | १२०० | १० | २०० | २००० | २०० | २००० | ३०० | ३००० | ७००० | ”” |
| १.१९ | नश्ल सुधार कार्यक्रम | गाँउपालिका क्षेत्र भित्र | घरधुरी | ३०० | ५० | १०० | ५०० | १०० | ५०० | १०० | ५०० | १५०० | ”” |
| १.२० | कृषक समुह गठन तथा परिचालन | वडा नं. ६ भित्र तथा आवाश्य स्थानमा | वार्षिक | ६ | १०० | २ | २०० | २ | २०० | २ | २०० | ६०० | ”” |
| १.२१ | नगदेवाली विस्तार कार्यक्रम (अदुवा, वेसार आदी) | वडा नं. ६ , ५ तथा पालिकाका अन्य स्थानहरु | वार्षिक | ६ | ५०० | २ | १००० | २ | १००० | २ | १००० | ३००० | ”” |
| १.२२ | वीउ तथा शितभण्डार निर्माण | वडा नं. ५ खानीडाँडा तथा सहजपुर | वटा | ३ | ५००० | १ | ५००० | १ | ५००० | १ | ५००० | १५००० | ”” |
| | | जम्मा | | | | | ७२००० | | ७१२०० | | ७०००० | २१३२००० | |
| २ | **बन, जैविक विविधता तथा जलाधार संरक्षण** | | | | | | | | | | | | |
| २.१ | वृक्षारोपण | वडा नं. १ सामुदायिक वन तथा निजी खाली जग्गा वडा नं. ४ को तल्लो भेग(वन्न वाटेगडा, गर्भा, वैसेनी, रानीवुगडा) वडा नं. ५ र ६ का सामुदायिक वनहरु, वडा नं. २ का हिंजिरे र सिमली टोल | स्थान | २० | ३०० | ५ | १५०० | १० | ३००० | ५ | १५०० | ६००० | चुरे गापा, वडा कार्यालय, वन कार्यलय, प्रदेश तथा संघ सरकार, सरोकारवाला, संघ संस्था तथा समुह |

| क्र सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| २.२ | रिचार्ज पोखरी निर्माण | पखिर, पालडी, घोडसर, वडा नं. ६ तथा ५ , वडा नं. ३ सहजपुर, चित्रपुर, ग्वाँसीधुरा, चौरपानी, सल्लेवुंगा, सुनारी, आमथला, सल्लेरी | वटा | १५ | ३०० | ५ | १५०० | ५ | १५०० | ५ | १५०० | ४५०० | ”” |
| २.३ | फलफुल तथा डालेघाँस नर्सरी निर्माण | वडा नं. ५ को वसहर, शान्तीपुर, सहजपुर, हिंजिरे, सिमली टोल, निगाली, वडा नं. ६ तथा आवाश्यक स्थानमा | वटा | १० | २०० | ३ | ६०० | ३ | ६०० | ४ | ८०० | २००० | ”” |
| २.४ | खानेपानी मुहान संरक्षण | भक्तपुर, वसहर, जाजरीगडा, आमथला, तुर्रेगडा, वडा ५ का १० तथा वडा ६ का १० मुहान तथा उत्तेसेनी, भोरेघाटी मुल, पानीगडा, ढुक्का नाउला, भोरेघाटी, मसानी धारा, सुनपाल, ठुलढुंगा मोभेल, कुर्ले तामेगर्भा मुल, उर्लुकेनी मुल, जुकेपानी मुल, जकाती नौमुले , ठुलावन खा.पा.मुल, मल्लो वनद्धार खा.पा मुल, मसुरखेत मुल | मुल | ३० | २०० | १० | २००० | १० | २००० | १० | २००० | ६००० | चुरे गापा, वडा कार्यालय, वन कार्यलय, प्रदेश तथा संघ सरकार, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सरोकारवाला, संघ संस्था तथा समुह |
| २.५ | अग्नी नियन्त्रण रेखा निर्माण | गर्भा र वैसनी , वाटेगडा, जकाति, वसन्तपुर कन्केडी तथा सामुदायिक वनहरु | वटा | ६ | २०० | २ | ४०० | २ | ४०० | २ | ४०० | १२०० | चुरे गापा, वडा कार्यालय, डिभिजन बन कार्यालय, सामुदायिक बन र अन्य सहयोगी संघसंस्था |

| क सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| २.६ | पोखरी तथा ताल निर्माण | गर्भा, साटा पोखरी, पहाडी | वटा | ३ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ३००० | चुरे गापा, वडा कार्यालय, वन कार्यलय, प्रदेश तथा संघ सरकार, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सरोकारवाला, संघ संस्था तथा समुह |
| २.७ | खुल्ला चरिचरण नियन्त्रण | कटौजे भिर तथा अन्य सामुदायिक वन | वार्षिक | ५ | १०० | १ | १०० | ३ | ३०० | १ | १०० | ५०० | चुरे गापा, वडा कार्यालय, वन कार्यलय, सरोकारवाला, संघसंस्था |
| २.८ | विभिन्न सचेतना मुलक होर्डीगंवोर्ड तयारी तथा स्थापना | गाँउपालिका क्षेत्र भित्र | वार्षिक | ४० | ५० | २० | १००० | १० | ५०० | १० | ५०० | २००० | चुरे गाँउपालिकाा, वडा कार्यालय, वन कार्यलय, प्रदेश तथा संघ सरकार, सरोकारवाला, संघसंस्था |
| २.९ | वायोईन्जीनियरिगं (जैविक तटवन्ध ) | गाँपालिकाका आवाश्यक स्थान पहिरो कटान तथा जलाधार क्षेत्र संरक्षण | स्थान | १५ | ५०० | ५ | २५०० | ५ | २५०० | ५ | २५०० | ७५०० | "" |
| २.१० | वन्यजन्तु तथा जलचर संरक्षण सम्वन्धी सचेतना | पालिकाको आवाश्यक स्थानमा | वार्षिक | ५ | २०० | २ | ४०० | २ | ४०० | १ | २०० | १००० | "" |
| | **जम्मा** | | | | | | ११००० | | १२२०० | | १०५०० | ३३७०० | |
| **३** | **जलश्रोत तथा उर्जा** | | | | | | | | | | | | |
| ३.१ | लिफटीगं सिचाइ तथा खानेपानी | सायल भासु, घरखेडा, हिंजिरे, वगैचुला, कुमैना, ओखलढुंगा, काफलगैरा, मस्य, भक्तपुर, जगाती आदी | वटा | ८ | ५००० | २ | १०००० | ३ | १५००० | ३ | १५००० | ४०००० | चुरे गापा, खानेपानी कार्यालय, वडा कार्यालय, प्रदेश तथा संघिय सरकार, संघ संस्था तथा सरोकारवाला |
| ३.२ | सिँचाइ आयोजना | वडा नं. १ को तल्लो भाग, वडा नं ६ मा १० वटा, वडा नं. ५ मा ४ वटा वडा, नं. २ मा सल्लेगडा , तुर्रेगडा, खैरला तथा अन्य स्थान | वटा | १७ | ३००० | ७ | २१००० | ५ | १५००० | ५ | १५००० | ५१००० | "" |

| क्र सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| ३.३ | भराण खोला जकाती सिंचाइ कुलो स्तरोन्नती | वडा नं. ४, जकाती | वटा | | | | | | | | | ० | "" |
| ३.४ | भुजेखोला गर्भा या भोराकाटी लिफ्ट् सिंचाइ योजना | गर्भा | वटा | १ | १००० | १ | १००० | ० | ० | ० | ० | १००० | "" |
| ३.५ | वाटेगडा, लिफट सिंचाइ योजना | वाटेगगडा | वटा | | | | | | | | | ० | "" |
| ३.६ | खानेपानी निर्माण, विस्तार तथा सुधार | भक्तपुर, शान्तीपुर, चौरपानी, सल्लेडुगगां, वालुवा गडा जकाती | वटा | १ | १०००० | १ | १०००० | ० | ० | ० | ० | १०००० | "" |
| ३.७ | गर्भा देखि वैसनी सम्म विद्युत विस्तार | गर्भा वैसनी | वटा | | | | | | | | | ० | चुरे गापा, बिद्युत सहकारी कार्यालय, संघ तथा प्रदेश |
| ३.८ | वेसना कनकेडी विद्युत विस्तार आयोजना | वडा नं. २ | वटा | १ | ५००० | ० | ० | १ | ५००० | ० | ० | ५००० | "" |
| ३.९ | विद्युत विस्तार तथा सुधार | वडा नं. ५ भित्र | वार्षिक | ६ | १५०० | २ | ३००० | २ | ३००० | १ | ३००० | ९००० | "" |
| ३.१० | सिंचाई योजना | वडा नं. ३ भक्तपुर, पियाले, ठुलीगडा सतिपुर, सालघारी ओखलढुंगा सतिपुर, चिप्लेगडा, लटटेखोला थली) | वटा | १ | ५००० | १ | ५००० | ० | ० | ० | ० | ५००० | चुरे गापा, सिचाई आयोजना, वडा कार्यलय, प्रदेश तथा संघिय सरकार, संघ संस्था तथा सरोकारवाला |
| | | **जम्मा** | | | | | ५९००० | | ४५००० | | ३७००० | १४१००० | |
| ४ | **स्वास्थ्य खानेपानी तथा सरसफाई** | | | | | | | | | | | | |
| ४.१ | स्वास्थ्य चौकी विस्तार | वडा नं. १ र २, ३ र ६ , ५ तथा खैरला, निगांली, सहजपुर, खानीडाँडा | वटा | ३ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० | ९००० | स्वास्थ्य तथा खानेपानी कार्यालय, वडा तथा चुरेगाँउपालिका, प्रदेश तथा संघिय सरकार, संघ संस्था तथा सरोकारवाला |

| क सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| ४.२ | सार्वजनिक शौचालय निर्माण | शिवनगर क्षेत्र र मुख्य वजार, गर्भा, सल्ले खैरला, खानीडाँडा, सहजपुर, फल्टुडे, मत्स्य, घरखेडा | वटा | ६ | १५०० | २ | ३००० | २ | ३००० | २ | ३००० | ९००० | स्वास्थ्य तथा खानेपानी कार्यालय, वडा तथा चुरेगाँउपालिका, प्रदेश तथा संघिय सरकार, संघ संस्था तथा सरोकारवाला |
| ४.३ | पुर्ण सरसफाई अभियान कार्यक्रम | पालिका भित्र | वार्षिक | ५ | १०० | २ | २०० | २ | २०० | १ | १०० | ५०० | ”” |
| ४.४ | फोहर संकलन तथा व्यवास्थापन ( डस्टविन राख्ने) | मिलनपुर, शिवनगर, किम्तोला, गर्भा, वालुवागडा | स्थान | १० | १०० | ५ | ५०० | ५ | ५०० | ० | ० | १००० | स्वास्थ्य तथा खानेपानी कार्यालय, वडा तथा चुरेगाँउपालिका, संघ संस्था तथा सरोकारवाल |
| ४.५ | सर्प दँश उपचार केन्द्र | गर्भादरवार | वटा | १ | ५००० | ० | ० | ० | ० | १ | ५००० | ५००० | चुरे गापा, प्रदेश तथा संघिय सरकार, संघ संस्था तथा सरोकारवाल |
| ४.६ | सामुदायिक प्रसुती गृह | गर्भादरवार तथा अन्य पायक पर्ने स्थान | वटा | ३ | २५०० | १ | २५०० | १ | २५०० | १ | २५०० | ७५०० | ”” |
| ४.७ | गाँउघर क्लिनिक विस्तार | वडाका विभिन्न स्थान गाँउपालिका क्षेत्रभित्र | वटा | ८ | ३०० | २ | ६०० | ३ | ९०० | ३ | ९०० | २४०० | ”” |
| ४.८ | सुधारिएको चुल्हो विस्तार कार्यक्रम | गाँउपालिका क्षेत्रभित्र | वटा | २५० | ३० | १०० | ३००० | १०० | ३००० | ५० | १५०० | ७५०० | स्वास्थ्य तथा खानेपानी कार्यालय, वडा तथा चुरेगाँउपालिका, संघ संस्था |
| ४.९ | स्वास्थ्य केन्द्र तथा सेवा विस्तार | निगांली , वालुवागडा | वटा | २ | ३००० | १ | ३००० | ० | ० | १ | ३००० | ६००० | स्वास्थ्य तथा खानेपानी कार्यालय, वडा तथा चुरेगाँउपालिका, प्रदेश तथा संघिय सरकार, संघ संस्था |
| ४.१० | स्वास्थ्य शिविर (पाठेघर खस्ने, आँखा, हृदय रोग, दन्तरोग, वाँझो पन पहिचान आदी) | गाँउपालिका भित्र घुम्ति | पटक | ६ | १००० | २ | २००० | २ | २००० | २ | २००० | ६००० | जनस्वास्थ्य कार्यालय, चुरेगाँउपालिका, प्रदेश तथा संघिय सरकार, संघ संस्था |

| क्र सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| ४.११ | स्वास्थ्यकर्मीहरुलाई गर्भनिरोधक साधन र सुरक्षित गर्भपतन सम्वन्धि अभिमुखिकरण | चुरे गापा भित्रका स्वास्थ्य संस्थाहरु | पटक | २ | २५०० | १ | २५०० | १ | २५०० | | | ५००० | चुरे गापा, दातृ निकाय |
| जम्मा | | | | | | | २०३०० | | १७६०० | | २१००० | ५८९०० | |
| ५ | **ग्रामिण र सहरी बसोबास** | | | | | | | | | | | | |
| ५.१ | सहजपुर निगाली सडक कालोपत्रे | सहजपुर निगाली | कि.मि | २० | ७००० | ५ | ३५००० | ५ | ३५००० | १० | ७०००० | १४०००० | चुरे गाँउपालिका, प्रदेश तथा संघिय सरकार पुर्वाधार विकास मन्त्रालय |
| ५.२ | अलाड चटकपुर सडक कालोपत्रे | अलाड चटकपुर | कि.मि | ६ | ७००० | २ | १४००० | २ | १४००० | २ | १४००० | ४२००० | ”” |
| ५.३ | झोलुगे पुल सिमली स्कुल जाने वाटोमा | निगाली खोला | वटा | १ | ३००० | ० | ० | ० | ० | १ | ३००० | ३००० | ”” |
| ५.४ | चौमाला देखि गर्भादरवार सडक कालोपत्रे | चौमाला गर्भादरवार | कि.मि | २५ | ७००० | १० | ७०००० | १० | ७०००० | ५ | ३५००० | १७५००० | ”” |
| ५.५ | गर्भा देखि खैरला सम्म सडक | गर्भा खैरला | कि.मि | १३ | ७००० | ५ | ३५००० | ५ | ३५००० | ३ | २१००० | ९१००० | ”” |
| ५.६ | सुडक विस्तार तथा सुधारा वडा नं. ५ | वडा भित्र | कि.मि | ३० | १००० | १० | १०००० | १० | १०००० | १० | १०००० | ३०००० | ”” |
| ५.७ | ववेड खोला कलभर्ट | वडा नं. १ तथा | वटा | ६ | २००० | ४ | ८००० | १ | २००० | १ | २००० | १२००० | चुरे गापा, वडा, प्रदेश सरकार |
| ५.८ | भोरघाटी खोला कल्र्भट | चौमाला खैरला तथा अन्य स्थानमा | वटा | १० | २००० | ३ | ६००० | ४ | ८००० | ३ | ६००० | २०००० | ”” |
| ५.९ | पक्कीपुल सानो | खैराला खोला २ स्थान सल्लेखोला, विनकुटी वडा नं. ५ मा ४ वटा तथा पालिका भित्र | वटा | १२ | ५००० | ३ | १५००० | ४ | २०००० | ५ | २५००० | ६०००० | ”” |

| क सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| ५.१० | झोलुगे पुल | घटटेखोला थली, कापडी घोडागाडी, वसहर, निग्लाडी खोला, मौरी जेठी खर्क काफलगैरा, ठुलागाड, तुषारे खोला, देउराली खोला र जकाती पुल मर्मत | वटा | १३ | ३००० | ३ | ९००० | ५ | १५००० | ५ | १५००० | ३९००० | चुरे गाँउपालिका, प्रदेश तथा संघिय सरकार पुर्वाधार विकास मन्त्रालय, वडा कार्यलय तथा दातृ निकाय र सरोकारवाला |
| ५.११ | मिलनपुर तटवन्ध | रिटठेखोला | स्थान | १ | ३००० | ० | ० | ० | ० | १ | ३००० | ३००० | "" |
| ५.१२ | ठुलीगांड तटवन्ध | आवश्यक स्थान | स्थान | ३ | ३००० | १ | ३००० | १ | ३००० | १ | ३००० | ९००० | "" |
| ५.१३ | वण्ड बाटेगडा तटवन्ध, जकाती तटवन्ध, गर्भा, रानीवुगडा पहिरो रोकथाम | वडा नं. ४ तथा अन्य | स्थान | ५ | ३००० | २ | ६००० | २ | ६००० | १ | १००० | १३००० | "" |
| ५.१४ | पुल पक्की ठुलो | खैरला खोला, भोराघाटी, मस्य ठुलीगाड | वटा | ३ | २०००० | १ | २०००० | १ | २०००० | १ | २०००० | ६०००० | "" |
| ५.१५ | सडक स्तारोन्नती | नवाडी सिम, वगैचुला मस्य भक्तपुर, भक्तपुर वसहर, वगैचुला माजपानी घरखेडा, गुप्तपानि थली | कि.मि | २० | १००० | १० | १०००० | ५ | ५००० | ५ | ५००० | २०००० | "" |
| ५.१६ | ठुलीगांड, वसहर, शान्तीपुर, कुलो वाँध, भक्तपुर तटवन्ध | वडा नं. ३ को क्षेत्र | वटा | ३ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ३००० | "" |
| ५.१७ | गोरेटो वाटो निर्माण तथा सुधार | थली भक्तपुर, कुलीवाँध गोदाम | वटा | २ | ७०० | १ | ७०० | ० | ० | १ | ७०० | १४०० | "" |
| ५.१८ | ह्युम पाईप | गाँउपालिका भित्र | वटा | ७५ | ५० | २५ | १२५० | २५ | १२५० | २५ | १२५० | ३७५० | "" |
| ५.१९ | सडक नाली निर्माण | विभिन्न स्थानमा | कि.मि | ५ | १००० | ५ | ५००० | ५ | ५००० | ५ | ५००० | १५००० | "" |

| क्र सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| जम्मा | | | | | | | २४८९५० | | २५०२५० | | २४०९५० | ७४०१५० | |
| ६ | **विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन** | | | | | | | | | | | | |
| ६.१ | सामुदायिक विपद व्यावस्थापन स्वयंसेवक तालिम | वडा तथा वस्तीका बस्तीस्तरमा | वटा | ३ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १५०० | स्थानीय विपद् व्यवस्थापन समिति, वडा, रेडक्रस, दातृ निकाय तथा सम्वन्धीत सरोकारवाला |
| ६.२ | अर्थिङ्ग जडान | गर्भादरवार, वसन्तपुर, कन्केडी, घरखेडा, थली, सल्लेवुंगा, सहजपुर, सल्लेरी आदी | स्थान | १० | १०० | ४ | ४०० | ४ | ४०० | २ | २०० | १००० | "" |
| ६.३ | वर्षामापन केन्द्र स्थापना सुचना विस्तार | गर्भादरवार, भक्तपुर, कुमैना तथा सहजपुर | वटा | ५ | २०० | २ | ४०० | २ | ४०० | १ | २०० | १००० | "" |
| ६.४ | पहिरो नियन्त्रण | सल्लेखोला, विनकुडी तथा सिमली साथै पालिकाका आवाश्यक स्थानमा | स्थान | ९ | ३००० | ३ | ९००० | ३ | ९००० | ३ | ९००० | २७००० | चुरे गापा, वडा, प्रदेश तथा संघिय सरकार, वन तथा वातावरण मन्त्रालय, दातृ निकाय तथा सरोकारवाला |
| ६.५ | पुर्व सुचना प्रणली स्थापना तथा व्यावस्थापन | पालिका भित्र आवाश्यक स्थानमा | वटा | ३ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ९०० | "" |
| ६.६ | भलकुला निर्माण तथा जैविक तटवन्ध | पालिका भित्रका आवाश्यक स्थानमा | स्थान | १५ | ३०० | ५ | १५०० | ५ | १५०० | ५ | १५०० | ४५०० | "" |
| ६.७ | भूउपयोग नीति निर्माण र कार्यान्वयन | चुरे गापा | वटा | १ | १५०० | १ | १५०० | ० | ० | ० | ० | १५०० | चुरे गापा तथा दातृ निकाय |
| जम्मा | | | | | | | १३६०० | | १२१०० | | ११७०० | ३७४०० | |
| ७ | **उद्योग, यातायात तथा भौतिक पूर्वाधार** | | | | | | | | | | | | |
| ७.१ | सुन्तला तथा अमिलो फलफुल प्रसोधन तथा जुस उद्योग स्थापना | पालडी, सहजपुर, वगैचुला, घरखेडा, गर्भादरवार, बसन्तपुर | वटा | ३ | १५०० | १ | १५०० | १ | १५०० | १ | १५०० | ४५०० | उद्योगी, चुरे गापा, कृषि ज्ञान केन्द्र, दातृ निकाय, प्रदेश तथा संघिय सरकार |

| क्र सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| ७.२ | सामुदायिक कृषि समुह, वनसमुह तथा आमासमुह भवन निर्माण | आमथला, कापडीगडा, काफलगैरा, चौरपानी, मस्य लगायत पीलिका भित्र | वटा | ५ | ७०० | २ | १४०० | २ | १४०० | १ | ७०० | ३५०० | समुदाय, वडा तथा चुरे गाँउपालिका, दातृ निकाय, प्रदेश तथा संघिय सरकार |
| ७.३ | मसला प्रशोधन उद्योग | वडा नं. ५ | वटा | १ | १००० | १ | १००० | ० | ० | ० | ० | १००० | " " " " |
| ७.४ | नमकिन पाउरोटी उद्योग | खानीडाँडा | वटा | १ | १००० | १ | १००० | ० | ० | ० | ० | १००० | " " " " |
| ७.५ | दाना उद्योग | वडा नं. ५ भित्र | वटा | १ | २५०० | ० | ० | १ | २५०० | ० | ० | २५०० | " " " " |
| ७.६ | अचार उद्योगग | वडा नं. २, ३ र ६ | वटा | ३ | २००० | १ | २००० | १ | २००० | १ | २००० | ६००० | " " " " |
| | **जम्मा** | | | | | | ६९०० | | ७४०० | | ४२०० | १८५०० | |
| **८** | **पर्यटन एवम् प्राकृतिक तथा सांस्कृतिक सम्पदा** | | | | | | | | | | | | |
| ८.१ | शिवनगर ववेडा गौरीकुण्ड व्यवास्थापन ( घेरावार, सिडी, वगैचा व्यावस्थापन) | शिवनगर | वटा | १ | ३००० | १ | ३००० | ० | ० | ० | ० | ३००० | चुरे गाँउपालिका, वडा कार्यलय, पर्यटन वोर्ड संस्कृति तथा मन्त्रालय, प्रदेश तथा संघिय सरकार, दातृ निकाय |
| ८.२ | मोहन्याल डाँडा मन्दिर तथा खानेपानी | मोहन्याल डांडा | वटा | १ | ३००० | ० | ० | १ | ३००० | ० | ० | ३००० | " " " " |
| ८.३ | धनिगाड छहरा सुधार | वडा नं. ५ धनीगाड | वटा | १ | ३००० | ० | ० | ० | ० | १ | ३००० | ३००० | " " " " |
| ८.४ | भासु मन्दिर | भासु | वटा | १ | ५०० | ० | ० | ० | ० | १ | ५०० | ५०० | " " " " |
| ८.५ | दडि छहरा दृष्यावलोकन | दडि छहरा | वटा | १ | २५०० | ० | ० | १ | २५०० | ० | ० | २५०० | " " " " |
| ८.६ | पिकनिक स्थल दृष्यावलोकन | वसहरखोला, ३ तले झरना | वटा | २ | १५०० | ० | ० | ० | ० | १ | १५०० | १५०० | " " " " |
| ८.७ | पिकनिक स्थल दृष्यावलोकन | ग्वाँसी धुराकम्पासे धुरा, करलेगडा | वटा | २ | १५०० | १ | १५०० | १ | १५०० | ० | ० | ३००० | " " " " |
| | **जम्मा** | | | | | | ४५०० | | ७००० | | ५००० | १६५०० | |
| **९** | **लैगिंक तथा सामाजिक समावेशीता, जीविकोपार्जन र सुशासन** | | | | | | | | | | | | |

| क सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| ९.१ | छाउपडी विरुद्धको अभियान संचालन | गाँउपालिका तथा आवाश्क स्थानमा | वार्षिक | ३ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ६०० | चुरे गाँउपालिका , वडा कार्यलय, प्रदेश तथा संघिय सरकार, दातृ निकाय तथा संम्वन्धीत सरोकारवाला |
| ९.२ | आङ्गखस्ने समस्या सम्वन्धी स्वास्थ्य शिविर | गाँउपालिका | वार्षिक | ६ | २०० | २ | ४०० | २ | ४०० | २ | ४०० | १२०० | " " " " |
| ९.३ | प्रजनन स्वास्थ्य सेवा प्रवाह सम्वधी क्षमता विकास | गाँउपालिका | वार्षिक | ६ | २०० | २ | ४०० | २ | ४०० | २ | ४०० | १२०० | " " " " |
| ९.४ | युवा स्वरोजगार तालिम (रुचि क्षमता र आवाश्यक्ताका आधारमा ) | वडा नं. ४, तथा गाँउपालिका भित्र | वार्षिक | ५ | २०० | २ | ४०० | २ | ४०० | २ | ४०० | १२०० | " " " " |
| ९.५ | थाकल प्रशोधन तथा महिला आयआर्जन तालिम | वडा ६ र ५ तथा अन्य स्थानमा | वार्षिक | ३ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ६०० | " " " " |
| ९.६ | किशोर किशोरी मैत्री सुचना केन्द्र स्थापना | वडा स्तरमा | स्थान | ६ | २०० | ३ | ६०० | २ | ४०० | १ | २०० | १२०० | " " " " |
| ९.७ | युवा क्लव स्थापना तथा संजालीकरण तथा व्यावस्थापन | वडा स्तरमा | स्थान | ६ | २०० | ६ | १२०० | ० | ० | ० | ० | १२०० | " " " " |
| ९.८ | लैगिंक हिंसा तथा सामाजिक समावेशीकरण सचेतना कार्यक्रम | गाँउपालिका भित्र | पटक | ५ | २०० | २ | ४०० | २ | ४०० | १ | २०० | १००० | " " " " |
| ९.९ | महिला मैत्री हाटवजार तथा संकलन केन्द्र स्थापना | पालिका भित्र आवाश्यक स्थानमा | वटा | ५ | २००० | २ | ४००० | २ | ४००० | १ | २००० | १०००० | " " " " |

| क सं. | कृयाकलाप | स्थान | ईकाई | परिमाण | रुपैया हजारमा | | | | | | | | सम्भावित सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमानित दर | ०७९/०८० | | ०८०/०८१ | | ०८१/०८२ | | कुल जम्मा | |
| | | | | | | परिमाण | जम्मा | परिमाण | जम्मा | परिमाण | जम्मा | | |
| ९.१० | वेमौसमी तरकारी खेति प्रर्वधन तथा थोपा सिंचाई बिकास | पालिका भित्र आवाश्यक स्थानमा | घरधुरी | १०० | १०० | ५० | ५००० | २५ | २५०० | २५ | २५०० | १०००० | चुरे गापा, प्रदेश र संघिय सरकार, दातृ निकाय |
| जम्मा | | | | | | | १२८०० | | ८९०० | | ६५०० | २८२०० | |
| **१०** | **जनचेतना अभिबृद्धि तथा क्षमता बिकास** | | | | | | | | | | | | |
| १०.१ | प्राथमिक उपचार तालिम | प्राथमिक उपचार कार्यदल तथा स्वयँसेवक | पटक | ३ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ६०० | चुरे गाँउपालिका , वडा कार्यलय, दातृ निकाय तथा संम्वन्धीत सरोकारवाला |
| १०.२ | नेतृत्व विकास क्षमता विकास तालिम | गाँउपालिका, युवा तथा नयाँ नेतृत्व | वार्षिक | ३ | २०० | १ | २०० | १ | २०० | १ | २०० | ६०० | " " " " |
